सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० माघ २०८२, मंगलबार (3 Feb 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ समानुपातिकका अयोग्य उम्मेदवार छाँट्दै आयोग

बन्दसूचीबाट हटाइयो ७६ नाम

आयोगका अनुसार उमेर नपुगेका ४, मतदाता नामावलीमा नाम नभएका १, प्रदेश सभा समानुपातिकमा नाम कायम भएका २६, कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१, मतदाता नामावली पिछडिएको क्षेत्रमा नरहेका २, नाम हटाउन भनी सम्बन्धित राजनीतिक दलबाट लेखिआएको ११, महिलाको ठाउँमा पुरुषको नाम १ र जरिवाना नतिरेका १० उम्मेदवारको नाम बन्दसूचीबाट हटेको छ



नयाँ पत्रिका

निर्वाचन आयोगले योग्यता नपुगेका दलहरूको समानुपातिक बन्दसूचीबाट ७६ उम्मेदवारको नाम हटाएको छ। मंगलबार समानुपातिकतर्फको अन्तिम सूची सार्वजनिक गर्नुपूर्व आयोगले शुद्धीकरण गरेको हो।

दलहरूबाट पेस भएका उम्मेदवारको बन्दसूचीमा परेका उजुरी, उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी व्यवस्था, निर्वाचन आयोगबाट विभिन्न मितिमा भएका निर्णय एवं राजनीतिक दलबाट प्राप्त जानकारीसमेतका आधारमा उनीहरूको नाम हटाइएको आयोगले जनाएको छ। नाम हटाउन भनी सम्बन्धित राजनीतिक दलबाट लेखिआएका १० जना छन्।

आयोग प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेकादेखि २५ वर्ष उमेर नपुगेकासम्म उम्मेदवार बन्दसूचीबाट हटाइएका छन्। आयोगका अनुसार बन्दसूचीबाट हटाइएकामध्ये कर्जा

» पृष्ठ २ मा क्रमशः

एक अर्ब सकियो, धारामा पानी आएन

मधेश प्रदेशका आठै जिल्लामा करिब एक अर्ब रुपैयाँ खर्चेर अघि बढाइएको खानेपानी योजना राजनीतिक हस्तक्षेप, कमजोर अनुगमन र जिम्मेवारीको अभावका कारण अधुरै थन्किएको छ

सुरेन्द्र कामती / नयाँ पत्रिका

मध्य गर्मी सुरु भएपछि मधेश प्रदेशका जिल्लाहरूमा बर्सेनि खानेपानीको हाहाकार हुन्छ। गएको जेठमा प्रदेशको आर्थिक केन्द्र वीरगन्जदेखि राजविराजसम्म अनि राजधानी जनकपुरदेखि ग्रामीण बस्तीहरूसम्म खानेपानी अभाव भएपछि प्रदेश र स्थानीय सरकारको समन्वयमा बारुण यन्त्रबाट खानेपानी वितरण गरियो। चुरे दोहन, नदीहरूमा बढ्दो उत्खनन, भूमिगत पानीको सीमापारबाट समेत हुने अत्यधिक दोहनका कारण मधेश प्रदेशमा केही दशकदेखि खानेपानीको अभाव हुन थालेको हो।

सन् २०३० भित्र हरेक नेपालीलाई स्वच्छ खानेपानी पुऱ्याउने सरकारी लक्ष्यमा सहयोग गर्न विश्व बैंकले २७ असार ०७१ मा २० मिलियन अमेरिकी डलर अनुदान र ५० मिलियन अमेरिकी डलर ऋण सहयोगको सम्झौता गरेको थियो। विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए)मार्फत नेपालमा ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना कार्यान्वयनका लागि यो रकमबाट अन्य प्रदेशसँगै मधेश प्रदेशका आठ जिल्लामा खानेपानी, सरसफाइ र स्वच्छता अभियान सुरु गरियो। मधेशमा ग्रामीण खानेपानी तथा सरसफाइ कोष समिति (फन्डबोर्ड)मार्फत ०७२/७३ मा सुरु भएको खानेपानी परियोजना १० वर्ष बितिसक्दा पनि पूरा भएको छैन। खानेपानी तथा ढल व्यवस्थापन विभाग, फन्डबोर्ड र कार्यक्रम कार्यान्वयन गर्ने इकाइको कमजोरीका कारण करिब एक अर्ब खर्चमा बनाइएका खानेपानी आयोजना अलपत्र छन्।

खानेपानीमा फस्टाएको राजनीति

पानी आपूर्तिका लागि बनाइएका १२५ भन्दा बढी चारपाटे ओभरहेड खानेपानी ट्यांकीमा फन्डबोर्डको लगानी र उपभोक्ताको श्रमदान गरी सरदर ७० लाखदेखि ८० लाखसम्म खर्च भएको छ। मधेश प्रदेश आर्थिक सर्वेक्षण ०८१/८२ मा प्रदेशका ११ लाख ५६ हजार ३८३ परिवारमध्ये ७१.८ प्रतिशत परिवारले ट्युबवेल/हातेपम्पबाट, २२.६ प्रतिशतले धारा/पाइप (घरपरिसरभित्र र बाहिरसमेत) बाट, १.२ प्रतिशतले मूल धाराबाट, ०.७ प्रतिशतले ढाकिएको इनार/कुवाबाट र ०.२ प्रतिशतले जार/बोतलबाट खानेपानी प्राप्त गरिरहेको उल्लेख छ। त्यस्तै, खुला इनार कुवाबाट २.२ प्रतिशत, नदी/खोलाबाट

» पृष्ठ २ मा क्रमशः



सिराहाको कल्याणपुर नगरपालिका- ८, मझौलियास्थित मुसहर बस्तीमा फन्डबोर्डको सहयोगमा बनाइएको खानेपानीको धारा

यहाँका बासिन्दाको मुख्य पेसा दैनिक ज्याला-मजदुरी हो। खानेपानीका लागि उनीहरूले समय निकालेर स्कुलहाताको चापाकलबाट पानी बोक्नुपर्छ। जब कि वर्षौंदेखिको खानेपानीको समस्या टार्न फन्डबोर्डको सहयोगमा बस्तीनजिकै खानेपानीको ओभरहेड ट्यांकी र बस्तीबिचमा सामूहिक धारो बनाइएको छ, तर धारामा पानी आउँदैन। कल्याणपुर- ८ कै अरंगमा खानेपानीका दुईवटा ओभरहेड ट्यांकी बनाइएको छ। स्थानीय मोहम्मद तेजाका अनुसार बोरिङबाट निकालिएको पानीमा बालुवा आएपछि ट्यांकी अलपत्र छ। घरमा पानी नआएपछि साहुसँग ४० हजार ऋण काढेर चापाकल गाड्न बाध्य भएको बताउँछन्, कथबोलिया पासमान। मझौलिया, अरंग र जयपुरका आयोजनामा फन्डबोर्डको आर्थिक तथा ग्रामीण सामुदायिक विकास केन्द्र (आरयुसिसी/डब्लुटिवाइसी) धनुषाले प्राविधिक सहयोग गरेको छ। मझौलिया र अरंगमा ट्यांकी बनाइएको छ भने जयपुरमा बोरिङ धसाएर छाडिएको छ। जयपुरमा ओभरहेड ट्यांकी निर्माण नहुँदा पाइप र अन्य सामग्री इलाका प्रहरी कार्यालय कल्याणपुर र अरंग खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र साहको घरमा थुपारिएको छ। कुनै पनि आयोजनाबाट यहाँका स्थानीयले सफा पानी पाएका छैनन्। २१५ घरधुरीलाई लक्षित गरी करिब ८० लाख खर्चेर मझाउ खानेपानी आयोजना निर्माण गरिएको छ। आयोजनाका कोषाध्यक्ष लक्ष्मीनारायण कामती पानी नआउँदा पाइप बिग्रिएको बताउँछन्। उनको भनाइमा अरंगका तीन आयोजनाअन्तर्गत चारवटा ओभरहेड ट्यांकी र पूर्वाधार निर्माणमा तीन करोड हाराहारी खर्च भएको छ।

चुनावी सरकारका प्रधानमन्त्रीको संसद्मा सम्बोधन

● २१ फागुनमा निर्वाचन गर्ने गरी प्रतिनिधिसभा विघटन भएको अवस्थामा प्रधानमन्त्री सुशीला कार्कीले सोमबार राष्ट्रिय सभा बैठकमा सम्बोधन गर्दै भनिन्-

“संसद्मा बोल्न पाएकोमा खुसी छु, फेरि यो मौका पाउन कठिन छ र अपेक्षा पनि छैन



राष्ट्रिय सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री सुशीला कार्की। तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

कमलराज भट्ट / नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि चुनावी सरकारको नेतृत्व सम्हालेकी प्रधानमन्त्री सुशीला कार्कीले पहिलोपटक संसद्मा सम्बोधन गरेकी छिन्। २१ फागुनमा निर्वाचन गर्ने गरी प्रतिनिधिसभा विघटन भएको अवस्थामा प्रधानमन्त्री कार्कीले सोमबार राष्ट्रिय सभाको बैठकमा सम्बोधन गरेकी हुन्।

राष्ट्रिय सभाको बैठकमा राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदनमाथिको छलफलमा उठेका जिज्ञासाको प्रधानमन्त्री कार्कीले जवाफ दिएकी छिन्। कार्कीले लिखित र मौखिक जवाफ दिएकी थिइन्। उनले संसद्मा बोल्न पाएकोमा खुसी व्यक्त गरिन्। फेरि यो मौका पाउन कठिन रहेको र अपेक्षा पनि नरहेको बताइन्।

त्यसपछि प्रधानमन्त्रीले २१ फागुनमा निर्वाचन गर्ने गरी प्रतिनिधिसभा विघटन गर्नुको कारण सुनाइन्। कार्कीले जेन-जी आन्दोलनको भावनाअनुरूप तत्कालीन परिस्थितिलाई सामान्यीकरण गरी

» पृष्ठ २ मा क्रमशः

शिक्षिकामाथि जातीय विभेद गर्ने प्रधानाध्यापकलाई नौ महिना कैद फैसला

शिक्षिकामाथि जातीय विभेद कायमै

(विस्तृत पृष्ठ ३)



● अभयराज जोशी

गठबन्धनबेगरको चुनावी प्रतिस्पर्धा लोकतन्त्रको सुन्दर अभ्यास

(पृष्ठ ४)

खानेतेल र चामलको मूल्य वृद्धि

खानेतेल प्रतिकार्टुन २६५ रुपैयाँ, जिरा मसिनो चामल प्रतिबोरा एक सय र लङ्ग्रेन चामल प्रतिबोरा दुई सय रुपैयाँसम्म बढेको छ

(विस्तृत पृष्ठ ६)

‘टुक्के आयोजना’का रोक्का गरिएको ४२ अर्ब ६८ करोड बजेट फुकुवा

आयोजना छनोटमा मापदण्ड पालना नभएको र राजनीतिक दबाबमा विनियोजन गरिएको भन्दै अर्थ मन्त्रालयकै प्रस्तावमा मन्त्रिपरिषद्ले रोक्का गरेको थियो एक खर्ब १४ अर्ब ५३ करोड बजेट

■ कुन मन्त्रालयको कति गरियो फुकुवा ?

	रोक्का बजेट	फुकुवा गरिएको	फुकुवा %
सहरी विकास मन्त्रालय	६४ अर्ब २ करोड १२ लाख ६० हजार	१९ अर्ब ९२ करोड ६२ लाख	३१.१२ %
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१९ अर्ब ७६ करोड ८० लाख ७ हजार	१२ अर्ब ७८ करोड २६ लाख	६४.६९ %
खानेपानी मन्त्रालय	१४ अर्ब ३१ करोड ३५ लाख	५ अर्ब ५९ करोड ९५ लाख	३९.१२ %
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	७ अर्ब २७ करोड ४८ लाख	३ अर्ब ३१ करोड ३० लाख	४५.५४ %
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	३ अर्ब ९८ करोड ६० लाख	२१ करोड ५९ लाख	५.४२ %
युवा तथा खेलकुद मन्त्रालय	२ अर्ब ७७ करोड ६० लाख	३६ करोड	१२.९७ %
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१ अर्ब ४ करोड ५६ लाख ३५ हजार	०	० %
वन तथा वातावरण मन्त्रालय	६४ करोड २ हजार ५ सय	१८ करोड ४० लाख	२८.७५ %
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२८ करोड ६० लाख	०	० %
जम्मा	**१ खर्ब १४ अर्ब १० करोड ४० लाख**	**४२ अर्ब ३८ करोड १२ लाख**	३७.१४ %



● **अर्थमन्त्री रामेश्वर खनाल भन्छन्-**



सम्बन्धित मन्त्रालयले टेन्डर भइसकेका वा टेन्डरको सूचना प्रकाशन भएका वा निरन्तर आयोजना भएका वा विगतकै कामको दायित्व भुक्तानी गर्नुपर्ने भनी लेखी पठाएकाले फुकुवा भएका हुन्।

पवन तिमिल्सिना / नयाँ पत्रिका

वित्तीय अनुशासन कायम गर्ने भन्दै सरकारले रोक्का गरेका तीन करोडमुनिका टुक्के तथा तयारी नपुगेका आयोजनाको बजेट अर्थ मन्त्रालयले फुकुवा गर्न थालेको छ। पुँजीगत बजेटतर्फको रोक्का गरिएको एक खर्ब १४ अर्ब ५३ करोडमध्ये १५ माघसम्म ४२ अर्ब ६८ करोड फुकुवा भइसकेको छ।

आयोजना छनोटमा मापदण्ड पालना नभएको र राजनीतिक दबाबमा विनियोजन गरिएको भन्दै अर्थ मन्त्रालयको प्रस्तावमा

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सेतीमा डायलाइसिस गराउन बिरामीलाई पालो पाउनै मुस्किल

तीन सिफ्टमा सेवा दिइरहेको भए पनि बिरामीको संख्या धेरै हुँदा सेवा प्रवाह प्रभावित

धनगढीमा **तेजराज भट्ट**

मिर्गौला रोगबाट पीडित बिरामीलाई डायलाइसिस सेवा पाउन धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा मुस्किल छ। नियमित पालो नपाउँदा कतिपय बिरामीले हप्तामा दुई दिन गर्नुपर्ने डायलाइसिस एक दिन गरिरहेका छन्। डायलाइसिसका लागि भएको स्रोत-साधन र जनशक्तिको तुलनामा मिर्गौलासम्बन्धी रोगका बिरामीको चाप अत्यधिक बढेपछि अस्पताललाई सेवा दिन समस्या भएको हो।

गत २२ पुसमा अस्पताल प्रशासनले सूचना जारी गरेपछि बिरामीको अत्यधिक चापका कारण आकस्मिकबाहेकका बिरामीलाई डायलाइसिस सेवा दिन नसकिने जनाएको थियो। सेतीमा पालो नपाएपछि कतिपय बिरामीले निजी अस्पतालमा महँगो शुल्क तिरेर डायलाइसिस गराइरहेका छन्।

डोटीको कपल्लेकीका हिमाल सफारीले आमा लीलादेवीको डायलाइसिस गराउन करिब एक महिनादेखि पालो कुरिरहेका छन्। नियमित पालो नपाइएकाले अस्पतालको इमर्जेन्सी र ओपिडी

» पृष्ठ २ मा क्रमशः



डायलाइसिस वार्डका प्रमुख शेरबहादुर एमसी भन्छन्, ‘बिरामीको चाप बढेकाले आवश्यकताअनुसार सेवा दिन सकिएको छैन। हप्तामा दुई दिन डायलाइसिस गर्नुपर्ने केही बिरामीलाई एक दिन मात्र गर्नु परिरहेको छ। नयाँ बिरामी आए आकस्मिक सेवा दिइरहेका छौं। तर, नियमित डायलाइसिसको पालो दिन सकेका छैनौं। अहिले २३० बिरामीले नियमित डायलाइसिस सेवा लिइरहेका छन्। २१ वटा डायलाइसिस मेसिनले बिहान पाँच बजेदेखि राति ११ बजेसम्म तीन सिफ्टमा सेवा दिइरहेका छन्। तर, नियमित पालोमै रहेका बिरामीको संख्या धेरै छ।’

बन्दसूचीबाट...

पृष्ठ १ बाट क्रमशः

सूचना केन्द्रको कालोसूचीमा रहेका २१ जना छन् ।

यसबाहेक प्रदेश सभातर्फको बन्दसूचीमा नाम कायम रहेका २५, निर्वाचन आयोगबाट तोकिएको जरिवाना भुक्तान नगरेका १०, उम्मेदवार बन्ने २५ वर्ष उमेर पूरा नभएका ४, मतदाता नामावलीमा नाम समावेश नभएको १, मतदाता नामावली पिछडिएको क्षेत्रमा नरहेका २ र महिला उम्मेदवार पेस हुनुपर्नेमा पुरुष उम्मेदवार पेस भएका १ जनाको नाम बन्दसूचीबाट हटाइएको छ ।

समानुपातिकतर्फ ६३ दलबाट तीन हजार २१३ जनाको बन्दसूची पेस भएको थियो । प्रवक्ता भट्टराईले समानुपातिक उम्मेदवारको अन्तिम बन्दसूची मंगलबार सार्वजनिक गरिने बताए ।

चुनावी सरकारका...

पृष्ठ १ बाट क्रमशः

मुलुकमा थप द्वन्द्व चर्किन नदिन र धनजनको क्षति रोक्न तथा राज्यलाई पुनः संवैधानिक लयमा फर्काउन उक्त कदम चालिएको बताइन् । साथै उनले तोकिएको समयमा स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा चुनाव सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सुम्पन आफ्नो नेतृत्वको सरकार आतुर रहेको स्पष्ट पारिन् ।

आफू कुनै शासकीय आकांक्षा बोकेर तथा कुनै पदको लालसा लिएर प्रधानमन्त्री नभएको पनि उनले प्रस्ट्याइन् । 'बिथोलिएको संवैधानिक व्यवस्था ट्र्याकमा ल्याउन र देशलाई संकटबाट बचाउन परिवर्तनकामी युवापुस्ताको आग्रह, राजनीतिक दलहरू र राष्ट्रपतिज्यूसँगको छलफलका आधारमा विषम परिस्थितिमा मैले प्रधानमन्त्रीको जिम्मेवारी लिएकी हुँ,' उनले राष्ट्रिय सभामा भनिन् ।

प्रधानमन्त्री कार्कीले जेन-जी विद्रोह शासकहरूमा युवा आकांक्षाको बेवास्ता, मुलुकमा व्याप्त भ्रष्टाचार र राज्य सञ्चालनमा देखिएको संवेदनहीनताविरुद्धको चेतनाको प्रतिविम्ब भएको बताइन् । 'संविधानको मर्म र भावनाबमोजिम सुशासन, समृद्धि र विकासको क्षेत्रमा भएका कमी-कमजोरी र त्यसबाट सिर्जित असन्तोष, अभाव वा उपेक्षाको कारणले यस आन्दोलनको जन्म भएको कुरालाई हामीले स्वीकार गर्नुपर्दछ,' उनले भनिन् ।

जेन-जी आन्दोलन वर्तमान संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार र सुशासनलगायतका लोकतान्त्रिक मूल्य-मान्यतामा हामी खरो उत्रन नसक्नुको परिणाम भएको उनको भनाइ छ । 'यो विद्रोह यस्तो ऐना हो, जसमा हामीले हाम्रा आफ्नै शासकीय त्रुटिहरू र आचरणगत कमजोरीहरू देखिरहेका छौं,' उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले सूचना प्रविधिमा भएको चामत्कारिक विकासबारे जानकार नेपाली युवा पुस्ताले आफ्नो मुलुकमा पनि राज्यका स्रोतसाधन र अवसरमा समान पहुँच, रोजगारी र गुणस्तरीय जीवनको आकांक्षा राखेको उल्लेख गरिन् । 'यी आकांक्षा केवल युवाका मात्र होइनन्, बरु नेपालको आर्थिक रूपान्तरणका अनिवार्य सर्त हुन्,' उनले भनिन्, 'तसर्थ, ती आकांक्षा पूरा गर्न राज्यका तीनै अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका जिम्मेवार भई लागिपर्न निकै ढिलाइ भइसकेको छ । यही कारण हामीले ठुलो क्षति व्यहोर्नुपरेको छ ।'

वर्तमान सरकारले जेन-जी आन्दोलनमा मृत्युवरण गरेका योद्धाहरूलाई सहिद घोषणा गरी सम्बन्धित परिवारलाई राहत उपलब्ध गराउनुका साथै घाइतेहरूको उपचार तथा जीविकालाई प्राथमिकता दिएर काम गरेको उनले सुनाइन् । आन्दोलनका मागहरूलाई सम्बोधन गर्ने गरी सरकार र आन्दोलनकारी प्रतिनिधिबिच मुलुकको राजनीतिक दिशा बदल्ने ऐतिहासिक सम्झौता भएको बताइन् ।

प्रधानमन्त्री कार्कीले सार्वजनिक निकायका काम-कारबाहीलाई पारदर्शी र उत्तरदायी बनाई भ्रष्टाचार न्यूनीकरणमा पूर्ण प्रतिबद्धताका साथ सरकार लागिपरेको बताइन् । भ्रष्टाचार न्यूनीकरणसम्बन्धी रणनीतिक योजना तथा प्रविधिमा आधारित 'सुशासनको मार्गचित्र' तयारीको कार्य अन्तिम चरणमा पुगेको पनि जानकारी प्रधानमन्त्री कार्कीले गराइन् ।

प्रधानमन्त्री कार्कीले २१ फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवारको मनोनयन सम्पन्न भई राज्यका स्रोत-साधन निर्वाचनमा केन्द्रित गरिएको बताइन् । आन्दोलनका क्रममा लुटिएका हतियारहरूमध्ये अधिकांश बरामद भइसकेको र सुरक्षाको पूर्ण प्रत्याभूति गरिएको जानकारी गराइन् । 'एकीकृत निर्वाचन सुरक्षा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । सबै सुरक्षा संयन्त्र परिचालन सुनिश्चित गरिएको छ,' उनले भनिन् ।

चुनावमा देखिएको दल तथा विभिन्न उम्मेदवारहरूको सहभागिता तथा जनतामा देखिएको उत्साहले नेपाली जनताको लोकतन्त्रप्रतिको आस्था, विश्वास, भरोसा अनि प्रतिबद्धतालाई दर्साइरहेको उनको भनाइ थियो । प्रधानमन्त्री कार्कीले यो निर्वाचन केवल सदनमा जनप्रतिनिधि पठाउने एउटा नियमित प्रक्रियाको अंग मात्र नभई नेपाल राष्ट्रको नयाँ राजनीतिक संस्कृतिको प्रस्थानविन्दु बन्नुपर्नेमा जोड दिइन् । 'तसर्थ, निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी आगामी निर्वाचनलाई स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्न सदनमार्फत सबै पक्षसँग अपिल गर्दछु,' उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले सुशासनका लागि सदाचार नीति जरुरी रहेको बताइन् । 'सदाचार भन्ने कुरा कुनै भाषण, प्रवचन वा दस्ताबेजका सुन्दर अक्षरहरूको सजावटले मात्र कायम हुने होइन । यो हामी प्रत्येक सार्वजनिक पदाधिकारीको आचरण र व्यवहारमा प्रदर्शन हुनुपर्ने विषय हो,' उनले भनिन्, 'यो भविष्यमा भ्रष्टाचारशून्य नेपाल बनाउने महत्त्वपूर्ण दस्ताबेजका रूपमा आउनेछ ।'

जेन-जी आन्दोलनमा युवाहरूले उठाएको मूल मुद्दा नै भ्रष्टाचाररहित समाज, सुशासन र सदाचार भएको उनले बताइन् । 'यो सरकार गठन भएपछि मितव्ययितालाई हामीले प्रमुखताका साथ अंगीकार गर्‍यौं । तसर्थ, स्रोत-साधनको दुरुपयोग धेरै हदसम्म रोकिएको छ,' उनले भनिन्, 'हामीले अनावश्यक सुविधा लिएका छैनौं । सार्वजनिक निकाय र नियमनकारी संस्थाहरूले कानुनबमोजिम गर्ने काममा कुनै प्रकारको अवाञ्छित दबाब दिएका छैनौं ।'

पूर्ण रूपमा व्यावसायिक स्वतन्त्रताका साथ ती निकायहरूले काम गरिरहेको उनको भनाइ थियो । 'त्यसका केही परिणाम अहिले देखिएका छन् । केही दीर्घकालमा देखिने गरी हामीले जग बसालेका छौं,' उनले भनिन् ।

एक अर्ब...

पृष्ठ १ बाट क्रमशः

०.१ प्रतिशत तथा अन्य स्रोतबाट पानी उपभोग गर्नेको संख्या १.२ प्रतिशत छ ।

अधुरो आयोजना

सिराहाको कल्याणपुर नगरपालिका- ८ को आधारभूत विद्यालय मझौलिया छेउको मुसहर बस्तीका बासिन्दाको मुख्य पेसा दैनिक ज्याला-मजदुरी हो । खानेपानीका लागि उनीहरूले समय निकालेर स्कुल हाताको चापाकलबाट पानी बोक्नुपर्छ । जबकि वर्षौंदेखिको खानेपानीको समस्या टार्न फन्डबोर्डको सहयोगमा बस्तीनजिकै खानेपानीको ओभरहेड ट्यांकी र बस्तीबिचमा सामूहिक धारो बनाइएको छ, तर धारामा पानी आउँदैन ।

कल्याणपुर, ८ अरंगमा खानेपानीका दुईवटा ओभरहेड ट्यांकी बनाइएको छ । स्थानीय मोहम्मद तेजाका अनुसार बोरिङबाट निकालिएको पानीमा बालुवा आएपछि ट्यांकी अलपत्र छ । घरमा पानी नआएपछि साहुसँग ४० हजार ऋण काढेर चापाकल गाड्न बाध्य भएको बताउँछन्, किथबोलिया पासमान ।

मझौलिया, अरंग र जयपुरका आयोजनामा फन्डबोर्डको आर्थिक तथा ग्रामीण सामुदायिक विकास केन्द्र (आरयुसिसी/डब्लुटिवाइसी) धनुषाले प्राविधिक सहयोग गरेको छ । मझौलिया र अरंगमा ट्यांकी बनाइएको छ भने जयपुरमा बोरिङ धसाएर छाडिएको छ । जयपुरमा ओभरहेड ट्यांकी निर्माण नहुँदा पाइप र अन्य सामग्री इलाका प्रहरी कार्यालय कल्याणपुर र अरंग खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र साहको घरमा थुपारिएको छ ।

कुनै पनि आयोजनाबाट यहाँका स्थानीयले सफा पानी पाएका छैनन् । २१५ घरधुरीलाई लक्षित गरी करिब ८० लाख खर्चेर मझाउ खानेपानी आयोजना निर्माण गरिएको छ । आयोजनाका कोषाध्यक्ष लक्ष्मीनारायण कामती पानी नआउँदा पाइप बिग्रिएको बताउँछन् । उनको भनाइमा अरंगका तीन आयोजना अन्तर्गत चारवटा ओभरहेड ट्यांकी र पूर्वाधार निर्माणमा ३ करोड हाराहारी खर्च भएको छ ।

फन्डबोर्डको सहयोगमा ग्रामीण सामुदायिक विकास केन्द्र धनुषाले ०७३ मा ७९ लाख ८९ हजार खर्चेर २१५ घरधुरीका लागि सुरु गरिएको खानेपानी आयोजना ०७८ मा पूरा गरेको थियो । ३० हजार क्षमताको ट्यांकी बनाएर पाइप र मिटरसमेत जडान गरिएको यो आयोजनाबाट उपभोक्ताका धारामा थोपो पानी चुहिएको छैन ।

सिराहाकै विष्णुपुर गाउँपालिका- १ को विष्णुपुर, हरिनगरा, शोभापुर, खोरिया र गौरीपुरमा आरयुसिसीले खानेपानीका चार आयोजना सुरु गरेको थियो । सोही योजनाअन्तर्गत ६ ठाउँमा ओभरहेड ट्यांकी बनाइएको छ । एक ठाउँको पानीमा आर्सेनिक भेटिएपछि योजना नै रोकिएको छ ।

विष्णुपुर 'क' खानेपानी आयोजनामा करिब दुई करोड र विष्णुपुर 'ख' खानेपानीमा एक करोड १३ लाख खर्च भएको छ । 'क' मा ३२० र 'ख' मा २७६ घरधुरीका लागि दुई ठाउँमा २५ हजार लिटर क्षमताका ओभरहेड ट्यांकी बनाइएको छ । तर, ट्यांकीदेखि घरसम्म पानी पुर्‍याउन पाइपसमेत जोडिएको छैन ।

आयोजनाका तत्कालीन अध्यक्ष पशुपति यादवको घरमा १० लाखबराबरको पाइप र अन्य सामान थुप्रिएको छ । ०७९ को स्थानीय चुनावमा एमालेबाट वडाध्यक्षको उम्मेदवार भएपछि यादवले उपभोक्ता समितिबाट राजीनामा दिएका थिए । हरेक आयोजनामा ६० लाखका दरले खर्च भए पनि धारामा पानी नचुहिएको विष्णुपुर 'ख' खानेपानी आयोजनाका अध्यक्ष राजकुमार यादव स्विकार्छन् । आफ्नो वडामा २५ देखि ३५ हजार घनमिटरका खानेपानीका ट्यांकी निर्माण भए पनि खानेपानीको समस्या यथावतै रहेको उनले बताए ।

सिराहामा चार गैरसरकारी संस्थाले ओभरहेड खानेपानी आयोजनाका २१ ट्यांकी निर्माण गर्न फन्डबोर्डसँग ०७३ जेठमा सम्झौता गरेको थियो । तीमध्ये २० वटाको काम पूरा भएको छ भने कल्याणपुर नगरपालिका- ८, जयपुरमा गाडिएको बोरिङ अलपत्र छ ।

सिराहा मात्र नभई मधेश प्रदेशका आठै जिल्लाको साझा समस्या हो यो । सबै जिल्लामा खानेपानीका आयोजना अलपत्र छन् । पर्यटन प्रवर्द्धनका नाममा विकास बजेट खर्चेर बनाइएका 'भ्युटावर'कै शैलीमा मधेशमा फन्डबोर्डको आयोजनाअन्तर्गत १०औं समूहमा एकै किसिमका १२५ वटा चारपाटे ओभरहेड ट्यांकी बनाएको छ । जुन ट्यांकीको डिजाइन फन्डबोर्डले नै गरेको हो । 'एक घर एक धारा' नारासहित फन्डबोर्डमार्फत २७ गैरसरकारी संघसंस्थाले त्यस्ता ट्यांकी बनाएका छन् ।

०७३ मा सुरु भएका यी आयोजना ०७८ असारमा फेजआउट भएका थिए । यी आयोजनामा कुल लागतको २.५ प्रतिशत उपभोक्ताले नगद जम्मा गर्नुपर्ने तथा घरघरसम्म खानेपानीको पाइप बिछ्याउन जनश्रमदान गर्नुपर्ने सर्तसहित आयोजना अघि बढेको ग्रामीण खानेपानी सामुदायिक विकास केन्द्र (आरयुसिसी) धनुषाका अध्यक्ष रामचन्द्र साहले बताए । साहका अनुसार अहिले कुनै पनि आयोजना सञ्चालनमा छैनन् । 'पम्प हाउस बन्यो, इलेक्ट्रोमेकानिकल काम पनि भयो,' उनले भने, 'कतिपय ठाउँमा सडकमा पाइप बिछ्याउने काम भएन । निर्माण चरणमै ४८ महिना बित्यो ।' उनका अनुसार ०७८ असारमा फन्डबोर्ड खारेज भएपछि सबै आयोजनाको जिम्मा खानेपानी विभागले लिएको छ ।

अनियमितताका नमुना

महोत्तरीको मटिहानी नगरपालिका- ९ को सिमरदही गाउँको महादेव मन्दिरनजिकै खानेपानी ट्यांकी निर्माण गरिएको छ । 'के-के गरेको हो, हामीलाई थाहा पनि छैन,' वडाध्यक्ष मदन चौधरी भन्छन्, 'बोरिङ कहिले पनि चालू भएन, पानी पनि आएन ।' सय घरधुरीका लागि बनेको खानेपानी आयोजनामा करिब ६० लाख खर्चेको भए पनि प्रयोगमा आएको छैन । मटिहानीकै वडा नं १ को हिरापुर र सिसराहीमा दुई ओभरहेड ट्यांकी बनाइएको छ । सबै संरचना तयार भएर पनि पानी नपुर्‍याउनुले अनियमितताको आशंका गर्छन् वडाध्यक्ष शिवशंकर राय । रायले भने, 'यो योजनामा जनतालाई देखाएर ठग्ने काम भएको छ ।'

धनुषाको विदेह नगरपालिका- ६ को एकराही र मुरिबामा समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) धनुषाले ७० लाख खर्चेर ओभरहेड ट्यांकी बनाएको छ । उपभोक्ता समितिका अध्यक्ष जयशंकर मण्डल खत्वे गरिब बस्तीलाई लक्षित गरी आयोजना निर्माण गरिए पनि पानी पुग्न नसकेको बताउँछन् ।

विदेह नगरपालिका- ६, मुरिबा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष शम्भुनाथ यादव ट्यांकी निर्माण गरी ३५० घरधुरीमा पानी पुर्‍याइएको भए पनि आयोजना अझै पूरा नभएको बताउँछन् । उनका अनुसार ६५ लाखको यो आयोजना फन्डबोर्ड खारेज भएपछि अधुरो हुन पुगेको हो । विदेह- ६ को मुरिबा र एकराहीमा दुई ओभरहेड खानेपानी ट्यांकी निर्माण गरिएको छ । तर, पनि पानी वितरण गर्न नसकिएको बताउँछन् नगरप्रमुख बेचन दास । उपभोक्ताले पानी नपाएपछि नगरपालिकाले आवश्यकताका आधारमा चापाकल वितरण गर्दै आएको मेयर दासले जानकारी दिए ।

सर्लाहीको चन्द्रनगर गाउँपालिकाका १, ६ र ७ वडामा खानेपानीका तीन आयोजना निर्माण भए पनि सञ्चालनमा आएका छैनन् । चन्द्रनगरका ९ हजारभन्दा धेरै उपभोक्तालाई खानेपानी सुविधा पुर्‍याउने उद्देश्यले सञ्चालित तीनै आयोजना अलपत्र रहेको गाउँपालिका अध्यक्ष राजकुमार महतोले बताए । उनका अनुसार आयोजना अलपत्र छाडेको संस्थाले पालिकासँग कुनै सम्पर्क गरेको छैन भने आयोजनासँग सम्बन्धित कागजात पनि पालिकासँग छैन ।

मधेश प्रदेशमा सञ्चालित यी परियोजनामा १४ स्थानीय गैरसरकारी संस्थाले हात हालेका थिए । अरुणोदय युवा क्लब, महुवन (एवाइसिएम)ले दुई आयोजना, रौतहटमा विकासको लागि साथीहरू नेपाल (एफएफडिएन)ले ६ आयोजना र सेभ द इन्भारोमेन्ट अफ नेपाल (एसटिइएन) ले ती आयोजना, जनताको ग्रामीण विकास तथा जनजागृति कार्यक्रम (पिआरडिएपिएस/एमडिजेयुएस)ले महोत्तरी र धनुषामा ६ आयोजना, महोत्तरीमा ग्रामीण सामुदायिक विकास तथा सेवा परिषद् (आरसिडिएससी)ले सात र रतौली युवा क्लब (आरवाइसी/डब्लुएएस) ले चार गरी ११ आयोजना पूरा गर्न नसकेपछि फन्डबोर्डले सार्वजनिक सूचना निकालेको थियो ।

सर्लाहीमा राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र (आरआरपिके सर्लाही) ले ६, बागमती सेवा समाज नेपाल (बिडब्लुएसएन) ले ६, समाज सेवा युवा संघ (एसएसवाइएस) चार, ग्रामीण सामुदायिक विकास केन्द्र (भिसिडिसी)ले चार गरी १९ आयोजना अघि बढाएका थिए ।

सप्तरीमा श्रीपूराज सामुदायिक विकास केन्द्र (एससिडिसी-सप्तरी) ले चार र सेभ द सप्तरी (एसटिएस) ले पाँच गरी नौ आयोजना अधुरो राखेपछि ताकेता गरिएको थियो । धनुषामा सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडिआरसी-जेएएनपी) ले आठ र समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) ले पाँच गरी १३ आयोजना अधुरो भएपछि फन्डबोर्डले सूचना निकालेर ती संस्थालाई ताकेता गरेको थियो ।

खानेपानीमा फस्टाएको राजनीति

खानेपानी घरघरमा पुर्‍याउने नाममा परियोजना हात पार्न प्रदेशका मन्त्रीदेखि पालिका प्रमुखसम्मले ठुलै जोडबल गरेका थिए । यसका लागि प्रदेशका तात्कालीन मन्त्रीहरू ज्ञानेन्द्रकुमार यादव (जसपा), शेषनारायण यादव (कांग्रेस) देखि पालिकाका प्रमुख, प्रतिनिधिसभा सदस्यका उम्मेदवारसम्मले आ-आफ्ना संस्थालाई परियोजना दिलाउनका लागि दबाब दिए । फन्डबोर्डका अधिकारीहरू राजनीतिक पहुँच निकटका संघसंस्थासँग सम्झौता गर्न बाध्य भए ।

तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादव नेतृत्वको समाज उत्थान युवा केन्द्र (एसयुवाइयुके) धनुषाले पाँच आयोजनामा हात हालेको थियो । तीमध्ये कुनै पनि आयोजना पूरा भएको छैन ।

धनुषाको विदेह नगरपालिका- ६ को एकराही र मुरिबामा दुई ओभरहेड ट्यांकी बनाइएको छ । तर, घरहरूमा पानी पुग्न नसकेको पूर्वमन्त्री यादव स्विकार्छन् । आयोजना निर्माणको अन्तिम चरणमा फन्डबोर्डले हात झिकेपछि अलपत्र परेको भन्दै उनले त्यसमा स्थानीय उपभोक्ता र पालिकाले लगानी गर्न सक्ने अवस्था नभएको बताए । यसबाट खानेपानी विभाग पन्छिन नमिल्ने यादवको भनाइ छ ।

त्यस्तै, तत्कालीन खानेपानीमन्त्री शेषनारायण यादवको संस्था सामाजिक विकास र अनुसन्धान केन्द्र (एसडिआरसी-जेएएनपी) धनुषाले आठ आयोजनामा काम गरेको थियो । तर, कुनै पनि आयोजना पूरा नगरेपछि बोर्डले सूचना नै जारी गरेको थियो । पूर्वमन्त्री यादवले प्रदेशका आयोजनाबारे कुनै चासो राखेका छैनन् । ०७४ को स्थानीय तह निर्वाचनमा पर्सागढी नगरपालिकाको मेयरमा कांग्रेसबाट निर्वाचित लोकनारायण यादवको संस्था सूर्य उदय युवा क्लबले सिराहाको नरहा गाउँपालिकाका ४ र ५ वडामा निर्माण गरेको ओभरहेड खानेपानी आयोजना अलपत्र छ । फन्डबोर्ड खारेज भएपछि आयोजनाको सबै काम ठप्प छ ।

सोही निर्वाचनमा एमालेबाट जलेश्वर नगरपालिकाको मेयरमा प्रतिस्पर्धा गरेका रामाधार कापरको ग्रामीण सामुदायिक विकास तथा सेवा परिषद् (आरसिडिएससी)ले महोत्तरीको मटिहानी, पिपरालगायतका स्थानीय तहमा सात ओभरहेड खानेपानी आयोजना निर्माण गरेको छ । फन्डबोर्ड खारेज भएर सबै जिम्मेवारी विभागमा पुगेपछि आयोजनाको काम ठप्प भएको कापरको भनाइ छ । 'कुनै ठाउँमा बोरिङ बिग्रिएको छ,' उनले भने, 'पालिकासँग समन्वय गरे पनि राजनीतिक रूपमा हेरेकाले ओभरहेड ट्यांकी प्रयोगमा आएको छैन ।'

सोही निर्वाचनमा कांग्रेसबाट सप्तरीको राजविराज नगरपालिकाको मेयरका प्रतिस्पर्धी ध्रुव देव नेतृत्वमा रहेको सेभ द सप्तरी संस्थाले सप्तरीमा पाँच योजनामा काम गरेको छ । देवका अनुसार संरचनासँगै पाइप बिछ्याइएको भए पनि जनसहभागिता नभएपछि काम अधुरो भएको र उपभोक्ता समितिकै जिम्मामा निर्माण सामग्रीहरू राखिएको छ । त्यस्तै, सोही निर्वाचनमा महोत्तरीको पिपरा गाउँपालिकाको अध्यक्षमा राष्ट्रिय जनता पार्टी (राजपा) बाट निर्वाचित विनोदकुमार चौधरीका भाइ बैजनाथ नेतृत्वको संस्था रतौली युवा क्लबले पिपरा, भंगाहामा खानेपानी ओभरहेडका चार ट्यांकी निर्माण गरेकोमा धारामा पानी चुहिएको छैन ।

ती आयोजनामा गैरसकारी संस्थाहरूले ढिलाइ गरेपछि फन्डबोर्डले दुईपटक सूचना जारी गरेको थियो । ३० फागुन ०७६ मा पहिलोपटक सूचना जारी गर्दै परियोजनामा संलग्न कतिपय संस्था एवं उपभोक्ता समितिहरूले गरेका लिखित प्रतिबद्धताअनुसार कार्यप्रगति नदेखिएको, कार्यसम्पन्न प्रतिवेदन नबुझाएको र पटक-पटक ताकेता गर्दासमेत बेवास्ता गरेको भन्दै काम सम्पन्न नगर्ने संस्थाका अध्यक्ष, टिम लिडर तथा उपभोक्ता समितिहरूलाई कारबाही गरिने जानकारी गराएको थियो । त्यस्तै, २० असोज ०७८ मा अर्को सूचना जारी गर्दै परियोजना सम्पन्न नगरेका र अन्तिम प्रतिवेदन पेस नगरेका संघसंस्थाको सूची सार्वजनिक गरेको थियो ।

मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साह मधेशका दक्षिणी र उत्तरी क्षेत्रमा भूमिगत पानीको अवस्थाबारे अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याउँछन् । मधेशका खानेपानीमन्त्री जवाहरलाल कुशवाह कुनै पनि निकायले बनाएका अधुरा आयोजना मर्मत-सम्भार गरी सञ्चालनमा ल्याउनुपर्ने बताउँछन् । पर्याप्त बजेट नभए पनि अधुरा आयोजना सम्पन्न गर्न प्रदेश सरकारले आवश्यक समन्वय गर्ने मन्त्री कुशवाहले आश्वासन दिए । काम गर्न नसकेका गैरसरकारी संघसंस्थालाई नियमनमा ल्याउनुपर्ने पनि बताए ।

खानेपानी तथा ढल निकास व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठ अधुरा योजनाहरूको अवस्थाबारे विभागका तर्फबाट अनुगमन भइरहेको बताउँछन् । कतिपय परियोजनामा स्थानीयको श्रमदानको समस्या, कतिपय स्थानीय तहले आयोजनाको अपनत्व नलिनु तथा विश्व बैंकले हात झिक्दा आयोजना अलपत्र परेको स्विकार्दै महानिर्देशक श्रेष्ठले अधुरो आयोजना सञ्चालनमा ल्याउन अर्थ मन्त्रालयसँग स्रोत सहमतिको आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिए । फन्डबोर्डका तत्कालीन आयोजना प्रमुख सञ्जय मिश्रा खानेपानी विभागले आवश्यक बजेट विनियोजन गरी योजना पूरा गर्नुपर्ने बताउँछन् । विभागले स्थानीय र प्रदेश सरकारसँग समन्वय गरी निकास निकाल्नुपर्ने मिश्राको भनाइ छ ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरका प्रमुख इन्जिनियर मिहिर आचार्यका अनुसार पुराना अधुरा आयोजना सञ्चालन गर्न संघीय सरकारले ३ करोड छुट्याएको छ । जसबाट पहिलो चरणमा सिराहा, सप्तरी, धनुषा र महोत्तरीका एक-एक योजना छनोट गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको छ । तर, फन्डबोर्डका योजनाका लागि भने बजेट छुट्याइएको छैन । उता, खानेपानी तथा ढल व्यवस्थापन विभागका योजना शाखा इन्जिनियर धीरज खड्का फन्डबोर्ड खारेज हुने क्रममा मधेशका ४२ आयोजना अनगोइङ भन्दै आफूहरूलाई बोर्डका कर्मचारीले कागजात बुझाएको बताउँछन् । स्थलगत अध्ययनमा सिराहा, सप्तरी, महोत्तरी र धनुषाका योजनाहरू अधुरा पाएको उनले जानकारी दिए । फन्डबोर्ड र अन्य निकायबाट निर्माण गरिएका आयोजनाको स्थलगत सर्वे गरिएको भन्दै संघीयमातहतका वीरगन्जमा ६ करोड र जनकपुरधाम कार्यालयमा छुट्याएको ३ करोडबाट मर्मतसम्भार गर्न लागिएको खड्काले बताए ।

(**खोज पत्रकारिता केन्द्रको सहयोगमा**)

'टुक्रे आयोजना...

पृष्ठ १ बाट क्रमशः

५३ वटा टुक्रे तथा तयारी नपुगेका आयोजनामा विनियोजित एक खर्ब १४ अर्ब ५३ करोड रुपैयाँ बजेट रोक्का गरेको थियो । अर्थ मन्त्रालय स्रोतका अनुसार राजनीतिक दलहरूको दबाबमा बजेट फुकुवा गरिएको हो । हालसम्म सहरी विकास, भौतिक पूर्वाधार, खानेपानी, ऊर्जा, पर्यटन, वन र खेलकुद गरी सात मन्त्रालयअन्तर्गतको बजेट फुकुवा भइसकेको छ । उद्योग र संघीय मामिला मन्त्रालयले पनि बजेट फुकुवाको लबिङ गर्दै आएका छन् । यसबाहेक सञ्चार मन्त्रालयको चालूतर्फको बजेट पनि फुकुवा भएको छ ।

अर्थमन्त्री रामेश्वर खनालले सम्बन्धित मन्त्रालयबाट कारणसहित फुकुवाको माग भएका हकमा बजेट फुकुवा भएको बताए । 'सम्बन्धित मन्त्रालयले टेन्डर भइसकेका वा टेन्डरको सूचना प्रकाशन भएका वा निरन्तर आयोजना भएका वा विगतकै कामको दायित्व भुक्तानी गर्नुपर्ने भनी लेखी पठाएकाले फुकुवा भएका हुन्,' उनले भने ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले भने दायित्व सिर्जना भइसकेका र खरिद प्रक्रिया अघि बढिसकेका आयोजनाको मात्रै बजेट फुकुवा गरिएको दाबी गरे । 'दायित्व सिर्जना भइसकेका र खरिद प्रक्रिया अघि बढेका आयोजना रोकिराख्न मिल्दैन । त्यस्ता आयोजना मात्रै फुकुवा गरिएका हुन् । टुक्रे र पूर्वतयारी नभएका आयोजना भने अझै रोक्कामै छन्,' उनले भने ।

पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधानले सबैभन्दा ठुलो समस्या प्रशासनिक व्यवस्थापनमा रहेको बताए । 'आयोजना बैंक भनेको सम्भाव्यता अध्ययन गरेर मात्रै परियोजना अघि बढाउने प्रक्रिया हो । बजेट समिति, सम्बन्धित मन्त्रालयका सचिव, योजना आयोग र अन्ततः अर्थ मन्त्रालय सबैको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । तर, यहाँ राजनीतिक हस्तक्षेप पनि हुन्छ । पूर्ण रूपमा तयारी नभएको आयोजना सुरुमै बजेटमा राख्न मिल्दैन,' उनले भने, 'अहिले बजेट रोकिएको र फुकुवाको विषय तात्विक रूपमा ठिकजस्तो लाग्दैन ।'

त्यतिखेर बजेट रोक्का गर्दा मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ, 'तीन करोडभन्दा कम लागतका टुक्रे आयोजना, आयोजना बैंकमा प्रविष्ट नभएका तथा अर्थ मन्त्रालयको सूचना प्रणालीमा समेटिए पनि 'पछिका वर्षमा कार्यान्वयन गर्ने' भनिएका आयोजना तत्काल कार्यान्वयन नगर्ने ।' साथै, राजनीतिक दबाबमा बजेटमा समावेश गरिएका आयोजनाको रकम पनि रोक्का राख्ने स्पष्ट निर्देशन दिइएको थियो । अर्थ मन्त्रालय बजेट महाशाखा प्रमुख सुमन दाहालको संयोजकत्वमा कार्यदल गठन गरी रोक्का पर्ने आयोजनाको सूची तयार पार्न लगाएको थियो ।

सेतीमा...

पृष्ठ १ बाट क्रमशः

वार्डबाट डाक्टरले आकस्मिक भनेर लेखिदिएको आधारमा आफ्नी आमाको डायलाइसिस गराइरहेको उनले बताए । 'इमर्जेन्सी वार्डबाट रेफर गरेका आधारमा डायलाइसिस गराइरहेका छौं । नियमित पालो पाइएको छैन,' सफारीले भने ।

मिर्गौला रोगबाट पीडित कञ्चनपुरको बेलौरीका शिवराज चौधरी पनि सेतीमा डायलाइसिसका लागि पालोको पर्खाइमा छन् । हालै यो रोग देखिएकाले उनले सेतीमा पालो नपाएपछि गत साता धनगढीकै निजी अस्पतालमा डायलाइसिस गराएको बताए । 'हप्तामा दुई दिन डायलाइसिस गराउनुपर्छ । यहाँ पालो नपाएपछि चार दिनअघि धनगढीकै नवजीवन अस्पतालमा डायलाइसिस गराएको थिएँ,' उनले भने, 'सेतीमा आज कागजपत्र बुझाएको छु, पालो पाइएलाजस्तो छ ।'

सेतीमा अहिले दुई सय ३० जना बिरामीले नियमित डायलाइसिस सेवा लिइरहेका छन् । उनीहरूमध्ये अधिकांशले हप्तामा दुई दिन डायलाइसिस गर्छन् । डायलाइसिस वार्डका प्रमुख शेरबहादुर एमसीका अनुसार बिरामीको चाप बढेकाले हप्तामा दुई दिन डायलाइसिस गर्नुपर्ने केही बिरामीलाई हप्तामा एक दिन मात्र डायलाइसिस गर्नु परिरहेको छ । डायलाइसिसको पालो दिन नसक्दा सातजना बिरामीले हप्तामा एक दिन मात्र डायलाइसिस गराइरहेका उनले जानकारी दिए ।

'नयाँ बिरामी आए आकस्मिक रूपमा सेवा दिइरहेका छौं, तर नियमित डायलाइसिसको पालो दिन सकेका छैनौं,' उनले भने, 'नियमित पालोमै रहेका बिरामीको संख्या धेरै छ ।' २१ वटा डायलाइसिस मेसिनले बिहान पाँच बजेदेखि राति ११ बजेसम्म तीन सिफ्टमा सेवा दिइरहेको उनले बताए । भएकै स्रोत-साधन र जनशक्तिबाट अधिकतम सेवा दिइरहेका नयाँ बिरामीलाई सेवा दिन समस्या रहेको उनले बताए ।

एमएसआर बहुउद्देश्यीय सहकारी संस्था लि.
ललितपुर, १४ ढोलाहिटी, ललितपुर

ऋण (साँवा तथा ब्याज) रकम तिर्न बुझाउन आउने वारेको ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकासित मिति : २०८२/१०/२० (नयाँ पत्रिका)

उपरोक्त सम्बन्धमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १४ मा केन्द्रिय कार्यालय रही संस्थाको सेवा केन्द्र मार्फत बिभिन्न मितिमा कर्जा लिएर हाल सम्म चुक्ता नगर्नुको साथै केही सदस्य सम्पर्कमा समेत आउन नचाहेको अबस्थालाई मध्यनजर गरी सम्पुर्ण सदस्यहरूलाई समग्र रुपमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः प्रस्तुत सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तहाँको नाउमा संस्थालाई तिर्न बुझाउन बाँकी देखिएको बक्यौता रकम संस्थामा उपस्थित भई तिर्नु बुझाउनु होला यदि उक्त मिति भित्र पनि संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरे नबुझाएको खण्डमा प्रचलित कानूनको अधिनमा रही तपाईको नामनामेसी कर्जा सुचना केन्द्रको कालोसुचीमा समावेश गर्ने लगायतका कानूनी कारवाही अगाडी वढी वढाई संस्थाको लेना रकम असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

Re-Invitation for Sealed Bid for the Managed Disaster Recovery Service
First Notice Published on 12th January 2026

Jyoti Bikash Bank Limited (JBBL) reinvites sealed bids from eligible Nepalese firm/company for the Managed Disaster Recovery Service as mentioned below.

S.N.	Particular
1	Managed Disaster Recovery Service under Private Cloud Model

Sealed Bid must be submitted to the General Service Department, Jyoti Bikash Bank Limited, Head Office, Kamalpokhari, Kathmandu within office hours on or before 9th February 2026.

The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306-12
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

मौलाकालिका हाइड्रोपावर कम्पनी लि. कमलादी, काठमाडौँ, नेपालले प्रस्ताव गरेको कालिका कालीगण्डकी जलविद्युत आयोजना (४७.७ मेगावाट) को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२ /१०/२०)

गण्डकी प्रदेश, तनहुँ जिल्ला स्थित देवघाट गाउँपालिका वडा नं. १, ४ र ५ र नवलपरासी जिल्ला (बर्दघाट सुस्तापूर्व) स्थित गैंडाकोट नगरपालिका वडा नं. ३ मा मौलाकालिका हाइड्रोपावर कम्पनी लि. द्वारा निम्न बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	**मौलाकालिका हाइड्रोपावर कम्पनी लि.** कमलादी, काठमाडौँ, नेपाल मोबाइल नं. ९८५११४३६५५ इमेल : maulakalikakkhep@gmail.com
प्रस्तावको व्यहोरा	कालिका कालिगण्डकी जलविद्युत आयोजनाको उत्पादन क्षमता ३८.१६ मेगावाट (वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भएको) बाट ४७.७ मेगा वाट कायम गरी जलविद्युत उत्पादन आयोजना निर्माण गर्न प्रस्ताव गरिएको छ । प्रस्तावित आयोजाना पिकिङ्ग रन अफ रिभर (PROR) प्रकृतिको रहेको छ । यस आयोजनाका प्रमुख अवयवहरूमा व्यारेज, इनटेक, विद्युत गृह, टेलरेस, तथा प्रशारण लाइन पर्छन् ।
प्रभाव पर्न सक्ने जिल्ला/न.प./गा.पा.	तनहुँ जिल्ला स्थित देवघाट गाउँपालिका वडा नं. १, ४ र ५ र नवलपरासी जिल्ला (बर्दघाट सुस्तापूर्व) स्थित गैंडाकोट नगरपालिका वडा नं. ३

माथि उल्लेखित प्रस्तावको पुरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरू बीच के-कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न देवघाट गाउँपालिका वडा नं. १, ४ र ५ र गैंडाकोट नगरपालिका वडा नं. ३ भित्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

प्रस्तावकको नाम र ठेगाना	मौलाकालिका हाइड्रोपावर कम्पनी लि. कमलादी, काठमाडौँ, नेपाल मोबाइल नं. ९८५११४३६५५ इमेल: maulakalikakkhep@gmail.com	**परामर्शदाताको नाम र ठेगाना**	इको एण्ड ग्रीन लिभ्स रिसर्च कन्सल्टेन्सी प्रा. लि. ठेगाना: महालक्ष्मी -५, ललितपुर फोन नं.: ०१- ५९०६६१७ इमेल: ecopeace019@gmail.com

अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना

रण बहादुरको नाती पम्फुको छोरा का.जि. बुढानिलकण्ठ न.पा. वडा न.-११ बस्ने बर्ष ४७ को सुवास तामाङ (ना.प्र.नं. २७-०१-८२-०६११४) मिति २०८२/०५/१९ जि.प्र.का. काठमाडौं) आगे मेरो मैले काठमाडौं जिल्ला अदालतमा मुद्दा मामिला गर्नका लागि मेरो फुपु रण बहादुरको छोरी मकवानपुर जिल्ला पालुङ गाबिस वडा नं.-४ स्थायी ठेगाना भई हाल का.जि. तारकेश्वर न.पा. वडा न.-१६ बस्ने बर्ष ६२की सुकु कुमारी तामाङ्ग (ना.प्र.न. ९०४७८ मिति २०३०/१०/२१ जि प्र का नुवाकोट) लाई अधिकृत वारेसनामा दिएको भए पनि उक्त कार्य म आफै गर्न भ्याउने भएको हुनाले अब उप्रान्त तपाईलाई दिएको मिति २०८२/९/११ मा दर्ता न ९०५ को अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ (१) (ग) बमोजिम यसै सूचनाबाट उक्त अधिकृत वारेसनामा बदर गरिदिएको यो सूचना प्रकासित गरिदिएको छ ।

पशुपति भेन्चर लिमिटेड
का.म.न.पा वडा नं. ०४, धुम्वाराहि, काठमाण्डौ
फोन नं.: ०१-४५३६३२५ फ्याक्स नं.: ०१-४५३३६१०

दोश्रो वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस कम्पनीको मिति २०८२/१०/१९ गते बसेको संचालक समितिको निर्णय बमोजिम यस कम्पनीको दोश्रो वार्षिक साधारणसभा (आ.व २०८१/८२) निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८२ फाल्गुन ११ गते, सोमबार (23 February 2026, Monday)
स्थान : धुम्र बराह भेन्यु , धुम्बराहि ।
समय : विहान ११:०० बजे देखि ।
छलफलका विषयहरु :
१) आ.व. २०८१/८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।
२) आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने बारे ।
३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४) कम्पनीको यावत गतिविधिहरुको समिक्षा गर्ने बारे ।
५) कम्पनीको शेयर सार्वजनिक निष्कासन (IPO) गर्ने विशेष प्रस्ताव ।
६) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट : साधारण सभा सम्बन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाँटीमा समेत टाँस गरीने ब्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भई दिनुहुन पनि हार्दिक अनुरोध गर्दछु ।

बाँकेमा विरासत जोगाउन र भत्काउन रस्साकस्सी

आन्तरिक योजना र तयारी सकेर मतदाता भेटघाटतिर उम्मेदवार, मत सुरक्षित राख्न कसरत

बाँकेमा **विश्वराज पछ्लङ्ग्या**

निर्वाचन नजिकिएसँगै तीनवटा निर्वाचन क्षेत्र रहेको बाँकेमा चुनावी माहोल तातिएको छ। उम्मेदवार मनोनयन ६ माघदेखि दल र स्वतन्त्र उम्मेदवार मतदातासँग प्रत्यक्ष भेटघाटमा छन्। चुनावी नतिजा पोल्टामा पार्न दलहरू घरदैलोसँगै सामाजिक सञ्जालमार्फत अभियान मतदातामाझ पुऱ्याउन व्यस्त छन्। पहिलो चरणमा घरदैलो गरिरहेका उम्मेदवारले आफ्ना एजेन्डा राख्ने र मतदाताका कुरा सुन्ने तथा मतदातासँग अन्तर्क्रिया गरिरहेका छन्। अधिल्लो निर्वाचनको विरासत कायम राख्न र भत्काउने दलहरूबिच रस्साकस्सी चलेको छ। दलहरू आन्तरिक योजना सकेर आफ्नो पकड कायमै राख्ने प्रयासमा लागेका छन्। बाँकेमा ५६ उम्मेदवार चुनावी मैदानमा छन्।



बाँके १ : मतदाता : १,२४,७२७
महिला : ६२,३६८, **पुरुष** : ६२,३५८
अन्य : ३
मतदानस्थल : ४८, मतदान केन्द्र : १४१
उम्मेदवार : १४

बाँके २ : मतदाता १,०८२९०
पुरुष : ५७,११७, **महिला** : ५१,१६७
अन्य : ६
मतदानस्थल : ४३, **मतदान केन्द्र** : १२४
उम्मेदवार : २०

बाँके ३ : मतदाता : १,१७३५४
पुरुष : ५८,६६४, **महिला**: ५८,६८९
अन्य : १
मतदानस्थल : ४८, **मतदान केन्द्र** : १३५
उम्मेदवार : २२

१ मा अधिकांश पुराना अनुहार

नरैनापुर, राप्तीसोनारी गाउँपालिका र कोहलपुर नगरपालिका समेटिएको बाँके १ मा अधिकांश पुराना अनुहार प्रतिस्पर्धामा छन्। यहाँ कांग्रेस, एमाले, नेकपा, रास्वपा र प्रगतिशील लोकतान्त्रिक पार्टीबिच प्रतिस्पर्धा हुने देखिन्छ। कोहलपुर र राप्तीसोनारीमा थारू बाहुल्य छ भने नरैनापुर मधेशी र मुस्लिम बाहुल्य पालिका हो। विगतका निर्वाचनमा राप्तीसोनारी र नरैनापुरको मत नै निर्णायक बन्ने गरेको छ। अधिल्लो निर्वाचनमा राप्रपासँगको गठबन्धनबाट एमालेका उम्मेदवार सूर्य ढकाल विजयी भएका थिए। उनले माओवादी-कांग्रेस गठबन्धनका उम्मेदवार महेश्वर गहतराजलाई पराजित गरेका थिए। त्यसवेला नागरिक उन्मुक्तिका सुरेशकुमार चौधरी अहिले रास्वपाबाट उम्मेदवार छन्। यो क्षेत्रमा एमालेका ढकाल, कांग्रेसका नारायणप्रसाद गौडेल, रास्वपाका चौधरी, नेकपाका नरेन्द्र पाण्डे, प्रगतिशील लोकतान्त्रिकका कृष्णा केसी, राप्रपाका ऋषिराज देवकोटालगायत १४ उम्मेदवार छन्। यो क्षेत्रमा महिला ६२ हजार ३६८, पुरुष ६२ हजार ३५८ र अन्य तीन गरी एक लाख २४ हजार ७२७ मतदाता छन्।

२ मा एमाले, कांग्रेस, नेकपा, राप्रपा र रास्वपाबिच प्रतिस्पर्धा

बाँके २ लाई दलहरूले विशेष महत्त्व दिने गरेका छन्। नेपालगन्ज उपमहानगरपालिकाको २१ वटा वडा र डुडुवा गाउँपालिका सम्मिलित क्षेत्र नम्बर २ मा एमाले, कांग्रेस, नेकपा, राप्रपा र रास्वपाबिच कडा प्रतिस्पर्धा हुने देखिन्छ। एमालेले जसपाका महासचिवसमेत रहेका पूर्वमन्त्री मोहम्मद इस्तियाक राईलाई उम्मेदवार बनाएपछि यहाँको चुनाव रोमाञ्चक बनेको छ। पूर्वप्रधानमन्त्री स्वर्गीय सुशील कोइरालाको गृहक्षेत्रसमेत रहेको यो क्षेत्रमा कांग्रेसले कोइरालाका भतिजा सुधांशु कोइरालालाई उम्मेदवार बनाएको छ। यो क्षेत्रमा २० जना चुनावी मैदानमा छन्। नेकपाबाट दीपेन्द्र विष्ट चुनावी मैदानमा छन् भने जसपाबाट नेपालगन्जका निवर्तमान उपमेयर कमरुद्दिन राई चुनावी मैदानमा छन्। रासवपाबाट विवेककुमार श्रेष्ठ उम्मेदवार छन्। यस क्षेत्रमा उम्मेदवारी दिएकाहरू घरदैलोसहित प्रचारका विभिन्न शैली अपनाउन थालेका छन्। आन्तरिक योजना र तयारी सकेर मतदाता भेटघाटतिर लागेका छन्।

५२ पुरुष र चार महिला प्रतिस्पर्धामा


कृष्णा केसी
प्रगतिशील लोकतान्त्रिक


विद्या शर्मा
आम जनता


भूमि महतरा
नेमकिपा


भगवती शाह
स्वतन्त्र

तीन निर्वाचन क्षेत्र रहेको बाँकेमा चार महिलासहित ५६ जना प्रतिस्पर्धामा छन्। बाँके १ प्रगतिशील लोकतान्त्रिकबाट कृष्णा केसी तथा ३ मा आम जनताबाट विद्या शर्मा, नेमकिपाबाट भूमि महतरा र स्वतन्त्र उम्मेदवार भगवती शाह चुनावी मैदानमा छन्। केसी ०७९ को निर्वाचनमा माओवादीबाट प्रदेश सभा सदस्यमा निर्वाचित भएकी थिइन्। उनी राजीनामा दिएर प्रगतिशील लोकतान्त्रिकबाट चुनावी मैदानमा होमिएकी हुन्। 'दुई कार्यकाल प्रदेश सभामा बसेर गरेको अनुभवलाई संघीय संसद्मा पुगेर जनताका मुद्दालाई अझ प्रभावकारी रूपमा उठाउने उद्देश्यले राजीनामा दिएर संघीय संसद्का लागि उम्मेदवारी दिएको छु,' उनले भनिन्। बाँके ३ की उम्मेदवार विद्या शर्मा नेपालगन्ज उपमहानगरपालिका- १६ जैसपुरकी हुन्। उनी स्थानीयस्तरमा सामाजिक कार्यमा सक्रिय छिन्। जनताको दैनिक समस्या र स्थानीय मुद्दालाई संसद्समम्म पुऱ्याउन उम्मेदवारी दिएको उनले बताइन्। खजुरा गाउँपालिका- ३ सिर्जना टोलकी भूमि महतरा नेमकिपाबाट चुनावी प्रतिस्पर्धामा छिन्। मजदुर र उत्पीडित समुदायको उत्थान नै आफ्नो राजनीतिको केन्द्रविन्दु भएको उनले बताइन्। 'सामाजिक विभेद र उत्पीडनविरुद्धको लडाइँ मेरो चुनावी मुद्दा हो,' उनले भनिन्। भगवती शाहले बाँके ३ मा स्वतन्त्र उम्मेदवारी दिएकी छिन्।

सबै दल जितको योजना बनाएर चुनावी प्रचारमा व्यस्त हुन थालेका छन्। यो क्षेत्र मधेशी र मुस्लिम मतदाताको बाहुल्य भएकाले विगतमा मधेशवादी दलले जित्दै आएका थिए। मधेशी हिन्दु र मुस्लिम समुदायको बाहुल्य भएकाले राप्रपाका उम्मेदवार पनि बलियो देखिएका छन्। मुस्लिम समुदायबाट चारजना उम्मेदवार रहेकाले मत बाँडिने हुँदा अन्य दलका उम्मेदवारलाई फाइदा हुने आकलन गरिएको छ। अधिल्लो निर्वाचनमा एमाले-राप्रपा गठबन्धनका डा. धवलशमशेर राणा विजयी भएका थिए। उनले जसपाका मोहम्मद इस्तियाक राईलाई पराजित गरेका थिए। राई अहिले एमालेबाट उम्मेदवार छन्। २ मा एक लाख आठ हजार २९० मतदाता छन्। जसमा ५७ हजार ११७ पुरुष, ५१ हजार १६७ महिला र ६ जना अन्य हुन्। ४३ मतदानस्थल छन् भने एक सय २४ मतदान केन्द्र कायम छन्।

३ मा पनि तात्यो चुनावी माहोल

नेपालगन्ज उपमहानगरपालिकाको १६ र १७ वडा तथा खजुरा तथा बैजनाथ गाउँपालिका रहेको बाँके ३ मा पनि चुनावी माहोल तातिएको छ। यो क्षेत्रमा एमाले, कांग्रेस, नेकपा र रास्वपाबिच प्रतिस्पर्धा हुने देखिन्छ। यस क्षेत्रबाट उम्मेदवारी दिएका कांग्रेसका अम्मरबहादुर पुन रोल्पा र रास्वपाका खगेन्द्र सुनार दैलेखका हुन्। एमालेका सुमन मल्ल, नेपाली कम्युनिस्ट पार्टीका दीपक जिएम, राप्रपाका तारकसिंह थारूलगायत प्रतिस्पर्धामा छन्। यहाँ दलित मतदाताको संख्या उल्लेख्य छ। अधिल्लो निर्वाचनमा कांग्रेस-माओवादी गठबन्धनका किशोरसिंह राठौर विजयी भएका थिए। अहिले उनी बर्दियाबाट उम्मेदवार बनेका छन्। यस क्षेत्रमा २२ जना उम्मेदवार छन्। एक लाख १७ हजार ३५४ मतदाता छन्।

विशेष महाधिवेशनपछि कांग्रेस एकढिक्का छ


● **गोपालप्रसाद अधिकारी,** कांग्रेस बाँके उपसभापति

अधिल्लो निर्वाचनमा कांग्रेसले एक सिट जितेको थियो। यसपटकको निर्वाचनमा बाँकेका तीनवटै क्षेत्रमा जित्ने पक्का छ। विशेष महाधिवेशनपछि नयाँ सोचका साथ कांग्रेसका नेता-कार्यकर्ता एकढिक्का भएका छन्।

बाँके फेरि लालकिल्ला बन्नेछ


● **निरक गुरुङ,** एमाले बाँके अध्यक्ष

अधिल्लो निर्वाचनको भन्दा यसपालि बलिया उम्मेदवार र संगठन मजबुत छ। निर्वाचनमा पार्टीका तीनवटै उम्मेदवारले जित्ने अपेक्षा गरेका छौं। पार्टीको अडान र दृष्टिकोण स्पष्ट भएकाले बाँके फेरि लालकिल्ला बन्नेछ।

उम्मेदवार युवा भएकाले बलिया छौं


● **पूर्णाकुमारी सुवेदी,** नेकपा केन्द्रीय सदस्य

पार्टीका सबै उम्मेदवार युवा भएकाले बलिया छौं। अधिल्लो निर्वाचनमा पार्टी कमजोर थियो। यसपालि नेकपा (एकीकृत समाजवादी)लगायतका दलसँग पार्टी एकीकरण भएकाले जित निश्चित छ।

जेन-जीको माग सम्बोधन गरेकाले जित निकाल्नेछौं


● **हरिपालसिंह केसी,** रास्वपा बाँके सभापति

पुराना पार्टीप्रति मतदाता रुष्ट छन्। यसको फाइदा लिन्छौं। समावेशी उम्मेदवार र जेन-जीको माग सम्बोधन गरेकाले तीनवटै क्षेत्रमा जित निकाल्नेछौं। यसपटक देशभर देखिएको जनलहरले साथ दिने आस छ।

यसपालि तीनवटै क्षेत्र जित्नेछौं


● **नरेन्द्रकुमार पौडेल,** राप्रपा बाँके अध्यक्ष

अधिल्लो निर्वाचनजस्तै यसपटक पनि राप्रपाका उम्मेदवारलाई विजयी गराउँछौं। हिन्दु बाहुल्य यो क्षेत्रमा हिन्दुवादीसहित सबै मतदाताले हाम्रा उम्मेदवारलाई सघाउने भएकाले यसपालि तीनवटै क्षेत्र जित्नेछौं।

प्रचण्डको संयोजकत्वमा नेकपाको निर्वाचन परिचालन समिति

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले संयोजक पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा केन्द्रीय निर्वाचन परिचालन समिति गठन गरेको छ।

सहसंयोजक माधवकुमार नेपालसहित केन्द्रीय समितिका सदस्य, पूर्वघटकका केन्द्रीय आयोगका पदाधिकारी र संदस्य केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी र संदस्य, जनवर्गीय संगठनका केन्द्रीय पदाधिकारी, प्रदेश, जिल्ला र निर्वाचन क्षेत्रमा बन्ने निर्वाचन परिचालन समितिका संयोजक र सहसंयोजक समितिमा रहनेछन्।

निर्वाचन परिचालन सम्बन्धी दैनन्दिनका कार्य सम्पादन गर्नका निम्ति केन्द्रीय सचिवालय पनि गठन गरिएको जनाइएको छ। सचिवालयमा संयोजक प्रचण्ड र सहसंयोजक नेपालसहित नेताहरू अग्नि सापकोटा, देव गुरुङ, पम्फा भुसाल, प्रमेश हमाल, बेदुराम भुसाल, मुक्ति प्रधान, रञ्जिता श्रेष्ठ र राजेन्द्र श्रेष्ठ छन्। सचिवालयको सचिवको जिम्मा प्रमेश हमाल र कार्यालय सचिवको जिम्मा गोविन्द आचार्यलाई दिइएको छ। सचिवालयले उम्मेदवारहरूको प्रचार-प्रसारको अनुगमनका साथै आवश्यक निर्देशन दिने नेता सापकोटाले बताए।



नेकपाले चुनावी मूल नारा 'सुशासन र रोजगारी समाजवादको तयारी ! राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी !' तय गरेको छ। 'विगतमा अनेक प्रकारका क्रान्तिकारी संघर्ष सञ्चालन गरी मुलुकमा ठुल्ठुला राजनीतिक परिवर्तन गरेका थियौं। तर, राजनीतिक परिवर्तन भएअनुरूपको आर्थिक सामाजिक रूपान्तरण हुन नसक्दा व्यवस्था बदलिए पनि जनताको अवस्था बदलिएन भन्ने भाष्य निर्माण भयो र प्रतिक्रियावादी तत्त्वले यही भाष्यका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रका विरुद्ध गतिविधि गर्ने धृष्टता गरे र गर्दै छन्। विगतमा मुलुकको क्रान्तिकारी परिवर्तनको प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गरेको हाम्रो पार्टी अहिले समाजमा विद्यमान समस्याको समाधान गर्दै मुलुकलाई समाजवादको दिशामा अगाडि बढाउने स्पष्ट दृष्टिकोण र कार्यदिशा अँगालेको पार्टी हो।' संयोजक प्रचण्ड र सहसंयोजक नेपालले जारी गरेको अन्तरपार्टी निर्देशनमा उल्लेख छ।

त्यस्तै, निर्वाचनमा प्रचार-प्रसारका लागि अग्नि सापकोटाको नेतृत्वमा जगन्नाथ खतिवडा र गोविन्द आचार्य रहेको केन्द्रीय प्रचार समिति गठन गरिएको छ। पार्टी कार्यालय पेरिसडाँडामा सोमबार बसेको बैठकले निर्वाचन परिचालनको अनुगमनका लागि प्रदेशगत जिम्मेवारीसमेत तोकिएको छ। कोशीमा बेदुराम भुसाल, मधेशमा अग्नि सापकोटा, बागमतीमा राजेन्द्र श्रेष्ठ, गण्डकीमा देव गुरुङ, लुम्बिनीमा पम्फा भुसाल, कर्णालीमा प्रमेश हमाल र सुदूरपश्चिममा रञ्जिता श्रेष्ठलाई जिम्मेवारी दिइएको छ।

नेपालमा लगानी गर्न जापानी लगानीकर्तालाई राष्ट्रपतिको आह्वान

काठमाडौं / जापानको औपचारिक भ्रमणमा रहेका राष्ट्रपति रामचन्द्र पौडेलले नेपालमा लगानी गर्न जापानी लगानीकर्तालाई आह्वान गरेका छन्।



सोमबार टोकियो पुगेका राष्ट्रपति पौडेलले नेपाल-जापान सम्बन्धको ७०औं वर्षगाँठका अवसरमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उत्पादन, जलविद्युत्, पर्यटन, सेवा, सूचना प्रविधि, खानी र कृषि क्षेत्रमा नेपालमा लगानी गर्न जापानी लगानीकर्तालाई आह्वान गरेका हुन्।

'नेपाल सरकारले व्यापार सहज बनाउन, विदेशी लगानी आकर्षित गर्न र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न व्यापक कानुनी, प्रक्रियागत र संस्थागत सुधार गरिसकेको छ,' उनले भने, 'हामी उत्पादन, जलविद्युत्, पर्यटन, सेवा, सूचना प्रविधि, खानी र कृषिजस्ता नेपालको प्राथमिकताका क्षेत्रहरूमा लगानी गर्न धेरैभन्दा धेरै जापानी लगानीकर्तालाई आमन्त्रण गर्न चाहन्छौं।' दुई देशबिचको सम्बन्धले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्र मात्रै नभएर जनता-जनताबिचको सम्पर्कलाई समेत समेटेको पौडेलले बताए।

भन्सार र नापीका कर्मचारी घुससहित पक्राउ

काठमाडौं / कुरियरमार्फत विदेशमा सामान पठाउँदा घुस माग्ने भन्सार र हुलाकमा कार्यरत तीनजना कर्मचारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको छ।

अख्तियारले त्रिभुवन विमानस्थल भन्सार कार्यालयको वैदेशिक हुलाक भन्सार शाखामा कार्यरत भन्सार अधिकृत इन्द्र न्यौपाने, कार्यालय सहयोगी गणेशप्रसाद पुडासैनी र गोश्वारा हुलाक कार्यालय, पार्सल (निकासी) शाखामा कार्यरत नायब सुब्बा छविप्रसाद रिजाललाई आइतबार नियन्त्रणमा लिएको हो। कुरियर कम्पनीमार्फत विदेशमा कुरियर गरी विभिन्न सामान पठाउँदा सेवाग्राहीसँग घुस मागेको सूचनाका आधारमा गोश्वारा हुलाक कार्यालय, डिल्लीबजारबाट उनीहरूलाई पक्राउ गरेको हो।

पुडासैनीको कार्यकक्षमा रहेको टेबुलको घर्राबाट घुसबापत लिइसकेको १० हजार रकम आयोगले बरामद गरेको छ। उनको सोही घर्राबाट स्रोत नखुलेको ४० हजार ३५० र उनको साथबाट स्रोत नखुलेको ९६ हजार ७० रुपैयाँ बरामद भएको आयोगले जनाएको छ। अधिकृत न्यौपानेकै मिलेमतोमा कार्यालय सहयोगी पुडासैनीले घुस लिँदै आएको आयोगको दाबी छ।

त्यस्तै, हुलाक सेवा विभाग गोश्वारा हुलाक कार्यालय पार्सल शाखा, डिल्लीबजार काठमाडौंमा कार्यरत नायब सुब्बा रिजालको साथबाट २० हजार घुसबापतको रकम बरामद भएको छ। थप स्रोत नखुलेको रकमसमेत गरेर उनीसँग दुई लाख ६८ हजार ८४८ रुपैयाँ भेटिएको आयोगले जनाएको छ। कर्मचारी र घुस दिने व्यक्तिको १८ वटा मोबाइल पनि जफत गरी अनुसन्धान थालिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले बताए। हुलाकको कार्गोमा खुलेआम घुसखोरी मौलाएको गुनासोका आधारमा आयोगले निगरानी गरी प्रमाण संकलन गरेर आइतबार स्टिङ अप्रेसन गरेको हो।

शिक्षिकामाथि जातीय विभेद गर्ने प्रधानाध्यापकलाई नौ महिना कैद फैसला

झापामा **चिरञ्जीवी घिमिरे**

अदालतले सहकर्मी शिक्षिकामाथि विद्यालयमै जातीय विभेद गर्ने तेह्रथुमको अठराई गाउँपालिका- ७ स्थित नाम्जाङ आधारभूत विद्यालयकी प्रधानाध्यापक तारादेवी खतिवडालाई नौ महिना कैद सजाय गरेको छ।

तेह्रथुम जिल्ला अदालतका न्यायाधीश दिलकुमार बर्देवाको आइतबारको इजलासले २२ वर्षीया शिक्षिका एलिसा विश्वकर्मामाथि खतिवडाले गरेको जातीय छुवाछुतमा दाबी पुग्ने फैसला गर्दै नौ महिना कैद, ७५ हजार जरिवाना र ५० हजार क्षतिपूर्तिको फैसला सुनाएको हो। जिल्ला अदालत तेह्रथुमका सूचना अधिकारी शिव बुढाथोकीका अनुसार खतिवडालाई ६ महिना कैद र ५० हजार जरिवानाको फैसला हो। तर, सार्वजनिक पदधारण गरेकाले थप तीन महिना कैद, २५ हजार जरिवाना र ५० हजार क्षतिपूर्ति फैसला भएको उनले बताए।

शिक्षिकाको जाहेरीका आधारमा प्रहरीले खतिवडालाई १८ भदौमा पक्राउ गरेर जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभावसम्बन्धी कसुरमा मुद्दा चलाएको थियो। ३१ भदौमा जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो।

तल्लो जातको भएको भन्दै विद्यालयमा पकाएका खाना नछुनु भनेर एलिसामाथि तारादेवीले गत भदौमा विद्यालयमै जातीय विभेद गरेकी थिइन्। तारादेवी त्यो विद्यालयमा करार शिक्षकको रूपमा काम गर्दै आएकी थिइन् भने एलिसा निजी स्रोतकी शिक्षिका हुन्।


प्रअ तारादेवी खतिवडा

एलिसाका अनुसार ७ भदौबाट विद्यालयमा श्रमदान कार्यक्रम थियो। १० भदौमा श्रमदानको समापन र तिजको अवसरमा श्रमदानमा आउनेलाई खानाको व्यवस्थापन गरिएको थियो। खाना बनाएको भाँडो छोए ठुलो जातले नखाने भन्दै प्रधानाध्यापक खतिवडाले पकाएको ठाउँमा नजान निर्देशन दिएकी थिइन्।

विद्यालयमा भएको दर खाने कार्यक्रममा दर पकाएको ठाउँमा प्रअ खतिवडाले उनलाई जान रोकेकी थिइन्। प्रअ खतिवडाले विगतमा पनि यस्तै अभ्यास भएकाले उनलाई बुझ्किदिन आग्रह गरेकी थिइन्। विद्यालयमा प्रअ खतिवडाबाट बारम्बार विभेद भोग्नुपरेपछि गत भदौमा भने जिल्ला प्रहरी कार्यालय तेह्रथुममा जाहेरी दिएकी थिइन्।

शिक्षिका विश्वकर्मामाथि विभेद कायमै

शिक्षिका एलिसा विश्वकर्मालाई विद्यालयमा गत मंसिरदेखि हाजिर गर्न रोक लगाइएको थियो भने उनले पाउँदै आएको तलबसमेत घटाइएको थियो। 'मैले भोगेको विभेदविरुद्ध कानुनी लडाइँ लड्दा सहनै गाह्रो हुने गरी मानसिक तनाव भेल्नुपऱ्यो। गाउँमा दलितको केही सामाजिक कार्जे हुँदा गैरदलित नआउने र दलितलाई पनि नबोलाउने अवस्था आयो। दसैंको वेलामा गाउँमा बाटो फाँड्दा (सफाइ गर्दा) दलितको जग्गा भएको बाटोमा फाँडिएन,' उनले भनिन्, '३१ भदौमा जिल्ला अदालतबाट उहाँ (तारादेवी) धरौटीमा छुटेर आउनुभयो। उहाँलाई विद्यालय व्यवस्थापन समितिले प्रअकै रूपमा हाजिर गरायो।'

उनका अनुसार मासिक तलब ६ हजारबाट घटाएर २३ सय बनाइएको थियो। आफूले मंसिरदेखि हाजिर पनि नपाएको तर सोमबारबाट हाजिर भएको विश्वकर्माले सुनाइन्। अदालतको फैसलासँगै न्याय महसुस भएको उनले बताइन्। 'मैले अदालतबाट न्याय पाएको छु। यो मेरो मात्र न्याय होइन। सिंगो दलित समुदायको न्याय हो। विभेदविरुद्ध बोल्नुपर्छ भन्ने चेतना हो,' उनले भनिन्, 'धरौटीमा छुटेर आउँदै गर्दा केही त नहुनेरहेछ भन्ने भ्रम फैलाए। मैले गलत गरेको महसुस गराउन धेरै लागें। समाजबाट पनि धेरै पीडा पाएँ। तर, अहिले त्यो अपराध नै हो भन्ने पुष्टि भएको छ।'

ANKURAM
अङ्कुरम् Academy

VACANCIES FOR TEACHERS

Ankuram Academy, <https://www.ankuram.edu.np>, a certified "A" Class school in Chitwan, is known for technology-driven classrooms, child-centered learning and experiential learning. We are looking for passionate, creative and forward-thinking educators who inspire innovation and student-focused learning. If you are eager to teach, grow, and make a meaningful impact, we invite you to join our dynamic team.

We Provide Extensive Professional Development And Competitive Salaries.

POSITIONS AVAILABLE:

- **Primary Level English and Mathematics Teachers:** BA, 2 years' experience
- **Lower Secondary Social Studies Teacher :** BA, 2 years' experience
- **Lower Secondary Level Mathematics Teacher:** BA, 2 years' experience
- **Teacher Assistants :** Good English skills, passion for working with children
- **Sports Teachers, (Basketball and Swimming Coaches):** P Ed or relevant experience in sports and fitness
- **Dance Teacher :** Relevant education/training, 2 years' experience
- **Music Teacher (Guitar, Leather instruments, Drums):** Formal education or training, with strong Experience
- **Art and Craft Teacher :** BFA, 2 years of experience. Strong artistic and creative skills

Applicants are requested to describe the skills or unique strength they will bring to Ankuram Academy and how these will contribute to student learning.

Please send your cover letter, CV, two referees and supporting documents to: **hr@ankuram.edu.np,** by **12th February 2026.**

Fluency in spoken and written English and computer skills are required for all posts. Lodging and meals may be provided for staff from outside Chitwan.

गठबन्धनबेगरको चुनावी प्रतिस्पर्धा : लोकतन्त्रको सुन्दर अभ्यास

लोकतन्त्रको उत्कृष्ट अभ्यासका रूपमा दलहरू एक्लाएक्लै चुनावी मैदानमा उत्रिँदा यसबाट उनीहरूको वास्तविक शक्तिको परीक्षण हुनेछ



● अभयराज जोशी

अग्रलेख

गत भदौमा भएको जेन-जी आन्दोलनको नतिजास्वरूप आउँदो २१ फागुनमा हुन लागेको प्रतिनिधिसभा निर्वाचन धेरै हिसाबले यसभन्दा पहिलेका निर्वाचनभन्दा भिन्न छ। किनभने, यो निर्वाचनमा जेन-जी आन्दोलनको रापताप सीधै प्रवेश गर्नेछ। आफूलाई त्यो आन्दोलनका 'स्टेकहोल्डर' दाबी गर्नेहरू प्रत्यक्ष चुनावी मैदानमा छन्। तिनले परम्परागत दललाई ठुलै चुनौती दिने आकलन एकथरीले गरिरहेका छन्। त्यसो भयो भने यो निर्वाचनबाट मुलुकको राजनीतिक परिदृश्यमा एउटा ठुलो बदलाव आउनेछ। तर, त्यसको असर-प्रभाव के होला भनेर अहिल्यै आकलन गर्नु हतार हुने छ।

यो निर्वाचनमा धेरै पछि दलहरू एक्लाएक्लै चुनावी प्रतिस्पर्धा गर्दै छन्। किनभने, यो निर्वाचनमा चुनावअघि गठबन्धन भएको छैन। सम्भवतः २०८४ मा हुनुपर्ने प्रतिनिधिसभा निर्वाचन देशले भोगेको आकस्मिक परिस्थितिका कारण २०८२ मै हुन लाग्नु, यहीकारण चुनावी गठबन्धनका कतिपय प्रयास सफल नहुनु र पछिल्ला घटनाक्रमले गठबन्धनको माहोल बन्नै नदिनु यसका प्रमुख कारण हुन सक्छन्। कारण जेसुकै भए पनि यसपालिको चुनावी परिदृश्य नै बदल्ने गरी पुराना दल कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी, २०७९ को निर्वाचनअघि उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)देखि मधेशकेन्द्रित दल र उज्यालो नेपाल पार्टीसम्म एक्लाएक्लै चुनावी मैदानमा उत्रेका छन्।

यसअघिका निर्वाचनमा प्रमुख तीन ठुला दल र अन्य मधेशकेन्द्रित दल कुनै न कुनै गठबन्धन गरेर निर्वाचनमा गएका थिए। ०७४ को स्थानीय तह निर्वाचनमा कांग्रेस र तत्कालीन माओवादी केन्द्र तथा प्रतिनिधिसभा निर्वाचनमा एमाले र माओवादी केन्द्रबिच चुनावी गठबन्धन भएको थियो। २०७९ को स्थानीय तह निर्वाचनमा कांग्रेस, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले गठबन्धन गरेका थिए भने प्रतिनिधिसभामा पनि यिनै दलबिच गठबन्धन भएको थियो। त्यसवेला एमालेले केही ठाउँमा मधेशकेन्द्रित दल र केही ठाउँमा राप्रपासँग तालमेल गरेको थियो।

आफ्नो अस्तित्व रक्षाका लागि वा विपक्षी कुनै एक दललाई कमजोर पार्ने रणनीति बनाएर दलहरू चुनावमा गठबन्धन गरेर जाने गर्थे। जेन-जी आन्दोलनसँगै पछिल्लो राजनीतिक परिवर्तनको असर हुन पनि सक्छ, यसपटकको प्रतिनिधिसभा निर्वाचनमा कुनै दलले औपचारिक रूपमा चुनावी गठबन्धन गरेका छैनन्। हामीले यसलाई लोकतन्त्रका लागि सुखद पक्ष मान्नुपर्छ।

दलहरूले गर्ने चुनावपूर्वको गठबन्धनले मतदाता र दलकै नेता-कार्यकर्तालाई पनि खिन्न बनाइसकेका कैयौँ दृष्टान्त यसबिच उजागर भएका थिए। सम्भवतः यसबाट अवस्था थप प्रतिकूल बन्न सक्ने बुझेरै दलले यसपालि त्यसलाई चिर्ने प्रयास गरेका हुन सक्छन्। भदौको राजनीतिक परिवर्तनलगायत दलभित्र देखापरेका घटनाक्रम र त्यसले निम्त्याएका बदलाव नहुँदो हो त सम्भवतः एमाले र कांग्रेसले चुनावी गठबन्धन गर्न सक्ने सम्भावना देखिएको थियो। तर, कांग्रेसका तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले विद्रोह गरेर विशेष महाधिवेशनबाट नेतृत्व चयन गरेपछि त्यसको च्याप्टर औपचारिक रूपमै बन्द हुन पुग्यो। अहिलेको चुनावी परिदृश्यको मुख्य टर्निङ पोइन्ट खासमा यो पनि थियो।

कार्यकर्ता निर्धक्क, मतदातालाई हाइसन्चो : दलहरूले चुनावी गठबन्धन नगरेका कारण यसपटक सबैजसो पार्टीका नेता र कार्यकर्तामा पहिलेजस्तो अन्योल छैन, बरु एकखालको निर्धक्क अवस्था देखिन्छ। किनभने, दलका नेता र कार्यकर्ताले यसपालि नेतृत्वले अह्राएका अरू कुनै दलका चिह्नमा मत दिनुपर्नेछैन। बरु उनीहरूले आफ्नै पार्टीको चिह्नमा मत दिन पाउने भएका छन्। दलभित्रको लोकतन्त्र र व्यवस्थाका लागि यो आफैँमा सुखद खबर हो। किनभने, लोकतन्त्रको उत्कृष्ट अभ्यास पनि यही हो। विगतका निर्वाचनमा आफ्नो पार्टीको चिह्नमा मतदान गर्न नपाएकै कारण कतिपय कार्यकर्ता निराश थिए। आफ्नो पार्टीको चिह्नमै मतदान गर्न नपाउने भएपछि कतिपय कार्यकर्ताले पार्टीबाट विद्रोह गरेका र कतिपयले पार्टीमै भए पनि गठबन्धनबाहिरका उम्मेदवारलाई सघाएका घटना पनि सार्वजनिक भएका थिए।

चुनावी गठबन्धनको यस्तो संस्कृतिको ध्येय नै प्रमुख नेताका लागि पालैपालो सत्तामा पुग्ने भऱ्याङ बनाउनु थियो भन्ने जगजाहेर छ। तर, त्यसले तिनै पार्टीका नेतासँगै मतदातामा पनि निराशा पैदा गरिरहेको थियो। सार्वभौम मतदाताले आफूले रुचाएको दलका उम्मेदवार होइन, बरु तिनै दलले थोपरेका भिन्न दलका उम्मेदवारलाई मत दिनुपर्ने बाध्यता आएको थियो। यसले गर्दा मतदातामा नेताहरूले केवल आफ्नो सत्ता हेर्ने, देशको विकास र समृद्धिमा ध्यान नपुऱ्याउने गरेका कारण देशमा भ्रष्टाचार, बेथिति र कुशासन बढ्यो भन्ने बुझाइ बाक्लो बनेको थियो।

गठबन्धनले निम्त्याएका समस्या यति मात्र थिएनन्। त्यसले चुनावी परिणाममै तलबितल पनि गरेको थियो। कुनै दललाई एक्लै लड्दा बिजोग अवस्था हुने भए पनि गठबन्धनकै कारण चुनाव जित्न सहज पनि बनेको थियो। अनि मत क्रस हुँदा कतिपय कल्पनै गर्न नसक्ने पक्षले पनि जित हासिल गरेका थिए।

यसपालि दलहरू एक्लाएक्लै चुनावी मैदानमा होमिँदा त्यसले अब कुन दलको कति शक्ति छ र मतदाताको



ऊप्रतिको धारणा के छ भनेर पनि थाहा हुनेछ। किनभने, एक्लाएक्लै लड्दा नै दलहरूको वास्तविक शक्ति परीक्षण हुनेछ। त्यसले, कालान्तरमा लोकतन्त्रलाई सबल बनाउन नै सघाउँछ। दलहरूले आ-आफ्नो प्रभाव वा आफूप्रतिको आकर्षणलाई जोगाएर राखेको अवस्थामा त्यसले ल्याउने परिणामले कुन दल कति शक्तिमा रहेछन्, उनीहरूप्रति मतदाताको धारणा के रहेछ भन्ने पनि प्रमाणित हुनेछ। कुनै दलमा आबद्ध नभएका स्वतन्त्र र सार्वभौम मतदाताका लागि यसपालि थप राम्रो कुरा के भने उनीहरू दलले थोपरेको चुनाव चिह्नमा होइन, पार्टीको चुनावी घोषणा-पत्र र उम्मेदवारका योजनालाई राम्रोसँग अध्ययन गरेर मात्र मतदान गर्ने वातावरण बन्नेछ।

दलका सिद्धान्त, विचार र कार्यदिशा कहीँ कतै नमिल्ने, तर निर्वाचनमा आफ्नो पक्ष बलियो बनाउनकै लागि मात्र गठबन्धन गरेर जाँदा त्यसले मतदातालाई पनि अन्योलपूर्ण अवस्थामा पुऱ्याएको थियो। विचार, सिद्धान्त र कार्यदिशा मिल्ने दलबिच सहकार्य गरेर जानुलाई स्वाभाविक नै मान्न सकिए पनि पछिल्लो समय छेउटुप्पो केही नमिल्ने दलबिच पनि फगत स्वार्थका लागि गठबन्धन बन्ने गरेका थिए। सुखद नै मान्नुपर्छ, यसपालि त्यसमा 'ब्रेक' लागेको छ।

निर्वाचनअघि दलबिच गठबन्धन नभए पनि निर्वाचन सम्पन्न भएर परिणाम आइसकेपछि भने दलबिच सरकार गठनका लागि गठबन्धन गर्नुपर्ने अवस्था भने आउन सक्छ। किनभने, हामीले अवलम्बन गरेको निर्वाचन प्रणालीअनुसार कुनै 'चमत्कार' नभएमा एउटा दलले स्पष्ट बहुमत ल्याउन असम्भव नै देखिन्छ। त्यो अवस्थामा सरकार बनाउन त गठबन्धन गर्नैपर्ने बाध्यता आउन सक्छ। तर, चुनावी गठबन्धन र निर्वाचनपश्चात्को गठबन्धनमा आकाश-जमिनको अन्तर छ। निर्वाचनपश्चात्को गठबन्धनले लोकतन्त्रको त्यति हुर्मत लिँदैन, जति चुनावी गठबन्धनले लिने गर्छ। अनि, यसले कार्यकर्ता र मतदाताको सार्वभौम अधिकारमाथि कुनै जबर्जस्तीपन पनि थोपर्दैन।

> यसपालि धेरै पछि दलहरू कोही कसैसँग गठबन्धन नगरी आ-आफ्नै शक्तिका बलमा चुनावी प्रतिस्पर्धा गर्दै छन् र मतदाता पनि आफूले रोजेको दललाई मत दिन स्वतन्त्र छन्। धेरैपछि देशमा लोकतन्त्रको सुन्दर अभ्यास देखिँदै छ।

■ 'हेट स्पिच' र अरू कैयौँ चुनौती

चुनावी गठबन्धनमा 'ब्रेक' लागेकाले यसापालिको निर्वाचन लोकतन्त्र पक्षधरका लागि थप सुखद बनेर आएको छ। तर, यसो भन्दैमा धेरै चुनौती हटिहाले भन्ने पनि होइन। किनभने, अझै पनि कैयौँ चुनौती बरकरार नै देखिन्छन्।

निर्वाचनअघि दलबिच केही हदसम्म सौहार्दपूर्ण व्यवहार र वातावरण देखिन्छ। के त्यो अवस्था निर्वाचनको दिनसम्मै कायम रहला ? अथवा, मतगणना भइसक्दा पनि यस्तै रहला ? यो प्रश्न निर्वाचन सम्पन्न गराउने जिम्मा लिएको निर्वाचन आयोग, त्यसका लागि निर्वाचनको वातावरण बनाउने प्रमुख जिम्मेवार सरकारदेखि दल र उम्मेदवारको भूमिकामा निर्भर छ, जसले निर्वाचन साँच्चै निष्पक्ष, भयरहित र शान्तिपूर्ण हुन्छ कि हुँदैन भन्ने पनि निर्क्योल गर्नेछ।

पछिल्लो समय विभिन्न दलका जिम्मेवार भूमिकामा रहेका नेता र उम्मेदवारबाट सामाजिक सञ्जाललगायत औपचारिक भाषणमा आइरहेका अभिव्यक्ति भने 'हेट स्पिच'कै तहमा देखिएका छन्, जसले निर्वाचनको वातावरणमै चुनौती थप्ने देखिन्छ। मौखिक रूपमा हिंसात्मक शब्दको प्रयोग गरेर विपक्षी उम्मेदवारविरुद्ध बोल्नु पनि हिंसाकै एक कडी हो भन्ने भुल्नुहुन्न। यसले शान्ति सुव्यवस्थामा खलल पुऱ्याउन सक्छ। निर्वाचन आयोगले व्यक्तिलक्षित टिप्पणी र भाषालाई निगरानी गरिरहेको जनाएको छ। आयोगले कतिपय उम्मेदवारलाई स्पष्टीकरण सोध्नेलगायत काम पनि अघि बढाएको छ। तर, यो पहल मात्र पर्याप्त छैन। यस्ता कार्यमा संलग्नलाई दण्डित गर्न सकिएन भने फेरि कुनै न कुनै रूपमा यो चुनौती देखा पर्नेछ।

यो निर्वाचनमा पुराना भर्सेस नयाँ दलको भाष्य जबर्जस्ती स्थापित गर्ने प्रयत्न भइरहेको देखिन्छ। नयाँ होऊन् या पुराना, जोसुकै भए पनि प्रतिस्पर्धामा रहेकाहरू सभ्य र शिष्ट शैलीमा देखिनु अपरिहार्य छ। कहीँ कतै पनि जातीय, क्षेत्रीय वा लैंगिक हिसाबले असर पर्ने गरी चुनावी 'क्याम्पेन' चलाउने प्रयत्न भएमा त्यसलाई रोक्ने अग्रसरता निर्वाचन आयोगले नै देखाउने हो। सँगसँगै संविधानले यस्ता यावत् स्वतन्त्रता र अधिकार सुनिश्चित गरेकाले त्यसको परिपालनामा आयोगदेखि दल र उम्मेदवारले पनि ध्यान दिन जरुरी छ। आयोगले आफ्ना कर्मचारीलाई दक्ष बनाउँदै यस्ता गतिविधिमा निगरानी गर्नेतर्फ ध्यान दिन सक्यो भने केही हदसम्म यो अवस्था नियन्त्रणमा आउन सक्छ। हिंसात्मक गतिविधिको ध्वाँस दिनेदेखि उग्र भाषण गरेर परिस्थिति भड्काउने काम निर्वाचनका नाममा कुनै पक्षबाट हुनुहुँदैन।

यसपालिको निर्वाचनमा चुनौतीका रूपमा रहेको अर्को पक्ष गत २४ भदौको आन्दोलनपछि देशभरका कारागारबाट भागेका कैदीबन्दी पनि हुन्। उनीहरूमध्ये ठुलो संख्या अझै कारागारमा फर्किएका छैनन्। आन्दोलनका क्रममा प्रहरी कार्यालयबाट लुटिएका थुप्रै हतियार पनि अझै बाहिरै छन्। कारागारबाट भागेका कैदीबन्दी, प्रहरी हिरासतबाट भागेका थुनुवा र प्रहरीबाट लुटिएका हतियारको प्रयोग समाजमा लुटपाट, डकैतीलगायत घटनामा हुन थालिसकेका छन्। निर्वाचनको समयमा परिणाम नै यताउता हुने गरी कुनै पक्षले ती अपराधी र हतियार प्रयोग गर्न सक्ने जोखिम छ। यो जोखिम निवारण गर्न अहिल्यै पहल थाल्नुपर्छ।

अर्कोतर्फ मतदान केन्द्र, मतदानस्थल र मतदाता सुरक्षाको सवाल पनि छ। त्यस्तै, मतपत्रको सुरक्षा, मतपेटिका ओसारपसारका क्रममा देखापर्ने चुनौती पनि छन्। यी सबै सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिन अब कत्ति पनि विलम्ब गरिनुहुन्न। आपत्कालीन र भइपरी आउने घटनाको तत्काल निराकरण गर्नेतर्फ पनि सरकार सतर्क हुनैपर्छ। निर्वाचनको पहिलो, दोस्रो र तेस्रो घेरामा क्रमशः नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना खटाउने निर्णय भइसकेको छ। २४ भदौको घटनाको तीतो पाठ के हो भने निर्वाचनमा सुरक्षा निकायबिचको समन्वयमा पनि कुनै कमजोरी नहोस्। अनि, यो सबैलाई निगरानी गर्ने र मतदातामा निर्वाचनप्रति ढुक्कको वातावरण बनाउने जिम्मेवारी नागरिक समाज जस्ता संस्थाको पनि हो, जसले हरदम यो प्रक्रियामा खबरदारी र सरसहयोग पनि गरिरहनुपर्नेछ।

(जोशी सुरक्षा र सुशासन क्षेत्रका अध्येता तथा अनुसन्धाता हुन्)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वस्वास्थ्यसचिव **डा. सुशीलनाथ प्याकुरेल**लाई



दलहरूले घोषणापत्रमा स्वास्थ्य क्षेत्रलाई कति प्राथमिकता दिएको पाउनुहुन्थ्यो ?

दलहरूले घोषणापत्रमा त कहिले पो नराम्रो कुरा लेख्छन् र ? जहिले पनि राम्रा, आकर्षक र मतदातालाई लोभ्याउने प्रतिबद्धता नै ल्याउने हुन्। सबैले प्रायः स्वास्थ्य क्षेत्रलाई राम्रै प्राथमिकता दिएको पनि देखिन्थ्यो। केही नहुनुभन्दा केही नै केही त भएकै पनि हो। तर, दलहरूले घोषणापत्रमा गरेका स्वास्थ्य क्षेत्रका मात्र नभई अन्य क्षेत्रका प्रतिबद्धता पनि उनीहरू सत्तामा पुग्दा कार्यान्वयन पक्षचाहिँ सारै फितलो देखियो। वाचा ठुलो गरियो। तर, त्यसको कार्यान्वयन पक्षमा चाहिँ उनीहरूले खासै ध्यान दिएको देखिएन। घोषणापत्रमा ठुल्ठुला अस्पताल बनाउने उद्घोष गरे पनि त्यो सकभर पूरा नै नहुने र कथं भइहालेमा पनि त्यहाँ उपकरण, स्वास्थ्यकर्मीलगायत अत्यावश्यक पक्षको व्यवस्थापन फितलो हुने अवस्था देखियो।

घोषणापत्र कार्यान्वयनको अवस्थाचाहिँ कस्तो देखिन्थ्यो ?

दलहरूले ल्याएका घोषणापत्रमा उल्लेख भएका वाचा पूरा नहुने, कार्यान्वयन पक्ष फितलो हुने अवस्था त छँदै छ। त्यससँगै एउटा दलले ल्याएको कुनै राम्रो प्रावधान छ भने पनि अर्कोले त्यसको स्वामित्व नलिने या अर्को दलले सुरु गरेको कार्यक्रम किन प्रभावकारी बनाउने भन्ने सोचले प्रभाव पारेको देखियो।

आगामी निर्वाचनका लागि ल्याइने घोषणापत्रमा दलहरूले स्वास्थ्य क्षेत्र सुधारमा कस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्ला ?

दलहरूले आफ्नो घोषणापत्रमा पूरा हुनै नसक्ने खालका ठुल्ठुला प्रतिबद्धता ल्याउनुको साटो वडास्तरमा रहेको आधारभूत स्वास्थ्य सेवालाई नै गुणस्तरीय र प्रभावकारी बनाउने, स्रोतसाधन र स्वास्थ्यकर्मीको प्रभावकारी व्यवस्थापन गर्ने प्रतिबद्धता जाहेर गरी त्यसलाई कार्यान्वयन गर्ने भरपर्दो विधि पनि उल्लेख गर्नुपर्छ। संघीयतामा स्वास्थ्य सेवालाई तीन तहमा विभाजित गर्दा यसको गुणस्तर र सेवाको प्रभावकारितामा नकारात्मक प्रभाव परेको देखिन्छ। त्यसैले, स्वास्थ्य सेवालाई संघअन्तर्गत नै राख्नु ठिक हुन्छ।

प्रेरक प्रसंग

सुकरात र ज्योतिषीको भविष्यवाणी

एकजना ज्योतिषी केवल अनुहार हेरेर व्यक्तिको चरित्र बताउने दाबी गर्थे। एकपटक उनी घुम्दै जाँदा ग्रिसका चर्चित दार्शनिक सुकरातका अगाडि पुगे। त्यतिखेर सुकरात आफ्ना शिष्यलाई वरिपरि जम्मा गरेर बसेका थिए। सुकरातको विचार जति राम्रो थियो, उनी रूपमा उति नै भिन्न थिए। उनलाई पहिलोपटक देख्ने कुनै पनि अपरिचित मान्छेले उनी त्यति महान् विचारक हुन् भन्ने अनुमानसम्म गर्न सक्दैनथ्यो।



अनुहार हेरेकै भरमा व्यक्तिको चरित्र बताउने दाबी गर्ने ज्योतिषीले सुकरातको अगाडि आइपुग्नेबित्तिकै भने, 'यो मानिसमा क्रोध नै क्रोध भरिएको छ। यसको नाक हेर्दा यस्तै लाग्छ।' ज्योतिषीको यस्तो भनाइ सुनेर त्यस स्थानमा उपस्थित सुकरातका शिष्य आवेशमा आए। तैपनि, नडराई ती ज्योतिषीले अगाडि भने, 'निधार र टाउकोको रचनाअनुसार यो मानिस निश्चित रूपले एक लोभी हुनुपर्छ। यसको चिउँडोबाट थाहा हुन्छ कि यो मानिस अत्यन्त सनकी छ। यसको ओठ र दाँतको आकार हेर्दा लाग्छ, यो मानिस सदा देशद्रोहका लागि लालायित रहन्छ। यो सुनेर सुकरातले ती ज्योतिषीलाई राम्रो पुरस्कार दिएर बिदा गरे।

सुकरातका शिष्य यो सब देखेर अचम्ममा परे। सुकरातले पनि शिष्यहरूको आश्चर्य बुझे। उनले तिनको आश्चर्य हटाउनका लागि भने, 'सत्य लुकाउनु बेकार छ। ज्योतिषीले जति दुर्गुण बताए ती सबै ममा छन्। म त्यो सब स्वीकार गर्छु। ज्योतिषीले केवल एउटा भूल गरे उनले मेरो विवेकमा ध्यान दिएनन्। म आफ्नो विवेकको शक्तिले सबै दुर्गुणमा अंकुश लगाएर राख्छु। ज्योतिषीले यो बताउन भने बिर्सिए।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

रोजगारमुखी घोषणापत्र आओस्

नेपालमा विशेष अवस्थामा हुन लागेको अहिलेको प्रतिनिधिसभा निर्वाचनमा जेन-जीहरूको मागअनुसार दलहरूले पहिलो प्राथमिकतामा कामका लागि युवा पुस्तालाई कृषि, पर्यटन र जलविद्युत्जस्ता क्षेत्रमा आकर्षित गर्नुपर्ने देखिन्छ। त्यसैले, युवाले यस्ता उत्पादनमूलक क्षेत्रमा रोजगारी पाउने ग्यारेन्टीसहितको घोषणापत्र यसपालि दलबाट आउनुपर्छ। जसले गर्दा युवाले स्वदेशमै आफ्नो पाखुरा र बुद्धि चलाई परिश्रम गर्न सकून्। बिदेसिनुपर्ने बाध्यतामा रहेका युवालाई स्वदेशमै युवाले सेवा गर्न पाउने वातावरण हुनेछ, जसले गर्दा युवाले विदेशी भूमिमा गएर आफ्नो देशमा खर्चिनुपर्ने शक्ति विदेशका लागि खर्चिनुपर्ने बाध्यताको अन्त्य हुनेछ। त्यसैले, नेतृत्वको ध्यान यसतर्फ जाओस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

आयोगले ध्यान पुऱ्याओस्

देश निर्वाचनको सँघारमा छ। यतिखेर उम्मेदवारहरू मत माग्न मतदाताको घरदैलोमा पुगिरहेका छन्। कतिले सामाजिक सञ्जालमार्फत पनि आफ्नो प्रचारप्रसारलाई तीव्रता दिइरहेका छन्। यसै क्रमम निर्वाचन जतिजति नजिकिँदै छ, सामाजिक सञ्जालबाट आउने सूचना पनि त्यति नै भ्रामक र मिथ्या देखिन थालेका छन्। खासगरी मतदाताको मनोविज्ञानमा प्रभाव पार्ने नियतले तयार गरिएका यस्ता भ्रामक सूचनालाई निर्वाचन आयोगले नियमन गरी दोषीमाथि कडा कारबाही गर्न सक्नुपर्छ।

● **गोविन्द पुरी**, सामाखुसी, काठमाडौं

स्वास्थ्य बिमा प्रभावकारी बनाऊ

स्वास्थ्य बिमाप्रति नागरिकको आकर्षण बिस्तारै बढिरहेको समयमा यसका प्रावधान र यसले प्रदान गर्ने सेवाबारे वेलावेलामा भइरहने विवादले गर्दा यसको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको छ। पछिल्लो समयमा सरकारले स्वास्थ्य बिमाको रकम अस्पताललाई दिन आनाकानी गर्दै ढिलाइ गरेपछि कैयौँ अस्पतालले बिमा सेवा नै रोकेका छन्। स्वास्थ्य बिमा प्रभावकारी बनाउनैपर्छ। नागरिकलाई स्वस्थ राख्ने कार्यलाई प्रभावित गराउन पाइँदैन। सरकारले प्रभावकारी कार्यविधि बनाएर यसलाई प्रभावकारी बनाओस्।

● **वन्दना परियार**, खुसिबु, काठमाडौं

के लोकतन्त्र यही हो त ?

एमालेको विरोध गर्न यो टिप्पणी लेखेको होइन। एमालेलाई एमालेकै नेताले सक्ने हुन् कि भन्ने चिन्ताले केही शब्द लेख्न खोजेको मात्र हुँ। एमालेसँग मेरो कुनै दुस्मनी छैन। त्यहाँ भएका नेताको कार्यशैली चित नबुझेको मात्र हो। एमालेका अध्यक्ष भनिरहेका छन्, मैले निर्वाचन हारेँ भने परिणाम स्विकार्न सकिन्न। यसको अर्थ के हो ? निर्वाचनमा गइसकेपछि जनमत मान्दिनँ भन्न पनि पाइन्छ र ? प्रजातन्त्र र लोकतान्त्रिक गणतन्त्र पनि भन्नेले जनमत स्विकार्दिनँ भन्नुको अर्थ के ? जनताले दिने गोप्य मत जसलाई पनि दिन सक्छन्, तिनलाई दबाब दिन पाइँदैन। मैले के गरेँ के गर्नुपर्थ्यो भनेर कहिल्यै विचार नगर्ने र मैले जे गरेँ, ठिक गरेँ भन्ने मात्र सोचेर हुँदैन। जनताले एउटै उम्मेदवारलाई कतिपटक भोट दिने ? कम्तीमा केही फेरबदल पनि त हुनुपऱ्यो नि, होइन र ?

लोकतन्त्र भनेकै जनमतको कदर हुनु होइन र ? अनि, निर्वाचनमा सहभागी भइसकेपछि हार या जित जे भए पनि त्यसलाई जनताको आशीर्वाद ठानेर अघि बढ्नुपर्ने होइन र ? निर्वाचनपछि आफ्नो दल सत्तामा पुगे देश निर्माणको जिम्मेवारी पूरा गर्ने र प्रतिपक्षमा रहनुपरेमा जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्नु नै असली लोकतान्त्रिक दल र तिनका नेताको पहिचान हो। त्यसैले, ओली र उनको दल एमालेले मात्र होइन, अन्य कसैले पनि निर्वाचन परिणाम आफूअनुकूल आएन भने नस्विकार्ने धम्की नदिऊन्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अमेरिकाले बनाएको विश्व व्यवस्था तोड्दै ट्रम्प

दोस्रो कार्यकाल सम्हालेदेखि ट्रम्पले सन् १९९१ पछि अमेरिका आफैँले सम्हालेर जोगाएको व्यवस्थालाई तोड्न सुरु गरेका छन्



देश/विदेश

● धीरज नायर

विधिमा आधारित विश्व व्यवस्थाको सबैभन्दा शीर्ष संस्था तथा बलियो प्रतीक भए पनि संयुक्त राष्ट्र संघले आफ्नो ८० वर्षे इतिहासमा प्रायः सधैँ शक्तिशाली राष्ट्रहरूको स्वार्थलाई ढाकछोप गर्ने काम गरेको छ। भेनेजुएलाका तत्कालीन राष्ट्रपति निकोलस मदुरोको अपहरण गरेर तथा आफ्नो देशलाई ६६ अन्तर्राष्ट्रिय संस्थाबाट निकालेर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यो आवरण पनि फालिदिएका छन्। यससँगै अमेरिकाको वास्तविक अनुहार विश्वसामु उदांगिएको छ। अब एउटा यस्तो संसारले आकार लिँदै छ, जहाँ शक्तिले जे गरे, त्यही सही ठहरिन्छ।

सन् १९४५ मा विश्वयुद्ध अन्त्य भएदेखि सन् १९९१ सम्ममा विश्वमा दुइटा महाशक्ति राष्ट्र थिए- संयुक्त राज्य अमेरिका र सोभियत संघ। दुवैले संसारका फरक क्षेत्रमा आआफ्नो इच्छानुसार हस्तक्षेप गरे। कहिले तिनले छद्म युद्धमार्फत त कहिले प्रत्यक्ष युद्धमार्फत धेरै देशलाई ध्वस्त बनाए। तथापि, त्यस अवधिमा दुई महाशक्ति राष्ट्रको अस्तित्वले हुन सक्छ, विश्वले एक खालको सन्तुलन र नियन्त्रणको महसुस गर्थ्यो। त्यो दुईध्रुवीय विश्व कुनै संस्थागत व्यवस्था थिएन, त्यसैले सोभियत संघको पतनसँगै त्यसको पनि अन्त्य भयो।

सन् १९९० मा सोभियत संघ दृश्यबाट हराएपछिका दशकमा अमेरिकाको नेतृत्वमा एकध्रुवीय संसारको उदय भयो। यो 'इतिहासको अन्त्य'को अवधि थियो, जहाँ एउटा राजनीतिक विचारधारा : लोकतन्त्र र एउटा आर्थिक व्यवस्था : स्वतन्त्र बजार विश्वमा दिग्विजयी देखियो। लोकतन्त्रमाथिको जोडका कारण यस अवधिमा 'शक्तिकै भक्ति'को अभ्यास भएन। आर्थिक भूमण्डलीकरण र यसको प्राथमिक उपकरण स्वतन्त्र बजार सन् १९८० को दशकमा तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र ब्रिटिस प्रधानमन्त्री मार्गरेट थ्याचरले प्रवर्द्धन गरेका थिए। सन् १९९१ पछि पूर्वी कम्युनिस्ट देश तथा चीन, भारतजस्ता ठुला देशसमेत बजारमा आधारित अर्थतन्त्रतर्फ अघि बढे।

विश्वव्यापीकरणको यस युगलाई अगाडि बढाउन अन्तर्राष्ट्रिय संस्थाहरूले ठुलो भूमिका खेलेका थिए। यद्यपि, अन्य संस्थाको तुलनामा राष्ट्र संघको भूमिका उल्लेखनीय रहेन। 'ब्रेटन वुड्स'मा जन्मिएका जुम्ल्याहा संस्थाहरू अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैंक बरु बढी हाबी रहे। दुवैले ल्याटिन अमेरिकादेखि अफ्रिका र एसियासम्म विकासशील देशमा बजारको संरचनात्मक सुधार र वित्तीय अनुशासन कार्यान्वयन गर्न दबाब दिए। यस दिशामा आवश्यक वित्तीय सहयोगसमेत प्रदान गरे। विश्व व्यापार संगठन (डब्लुटिओ)ले सीमापार सामानको स्वतन्त्र प्रवाह सुनिश्चित गर्ने भूमिका निभायो।

ब्रेटन वुड्स संस्थाहरूमाथि निःसन्देह अमेरिका र यसका युरोपेली सहयोगीको प्रभुत्व रह्यो। अमेरिकाले दुवै संस्थाको बोर्डका निर्णयमा प्रभावकारी भिटो प्रयोग गर्दै आएको छ। यी संस्थाको बौद्धिक दिशा रेगन र थ्याचरले अपनाएका विचारबाट प्रभावित छन्। तथापि, डब्लुटिओ भने अझै 'एक देश, एक मत'को सिद्धान्तमा अघि बढिरहेको छ, जुन पहल कार्यान्वयनको नेतृत्व पनि अमेरिकाले नै गरेको थियो। सारमा भूमण्डलीकरण अमेरिकाको नेतृत्वमा संसारलाई एउटै ढाँचामा ढाल्ने प्रयोग थियो। यसबाट सबैले समान रूपमा फाइदा नपाए



पनि संसारको ठुलो भागले यसलाई अँगालेको थियो। केही ठुला र प्रभावशाली देशले बढी लाभ उठाइरहेका थिए। यसैको सहायतामा चीन र भारतजस्ता ठुला देश आफ्ना करोडौँ नागरिकलाई गरिबीबाट बाहिर निकाल्न सफल भए। यो उपलब्धि संयुक्त राष्ट्र विकास कार्यक्रम वा सहायता प्रयासमार्फत कहिल्यै सम्भव थिएन।

समग्रमा, भूमण्डलीकरणको युगमा एसियाले अफ्रिका र ल्याटिन अमेरिकाभन्दा राम्रो प्रदर्शन गऱ्यो। र, विश्वव्यापीकरणको युग पूर्णतः अमेरिका नेतृत्वको एकध्रुवीय विश्वका रूपमा परिभाषित रह्यो। तर, सन् २००८ को विश्वव्यापी वित्तीय संकटमा अमेरिकाको घरमै स्वतन्त्र बजार अर्थतन्त्रले नराम्रो धक्का खायो। त्यस संकटमा आमसर्वसाधारण तथा कामदारले आफ्नो जागिर गुमाउँदा 'नाफामुखी' बैंकर र वित्तीय संस्थालाई भने सरकारले उद्धार गऱ्यो। यसले स्वाभाविक रूपमा क्रोध र प्रतिक्रिया उत्पन्न भयो। ट्रम्प त्यही आक्रोशपूर्ण प्रतिक्रियाका अभिव्यक्ति थिए। अमेरिकाका लागि वास्तविक खतराका रूपमा चीनको उदयले ती डरलाई अझ बढायो, ट्रम्पको उदयलाई थप बढावा दियो।

ट्रम्पले दोस्रो कार्यकाल सम्हालेयता अहिले सन् १९४५ देखि अझ विशेषतः सन् १९९१ पछि अमेरिका आफैँले सम्हालेर जोगाएको व्यवस्थालाई तोड्न सुरु गरेका छन्। यसमा व्यापार पहिलो निसाना बनेको छ। सम्भवतः भूमण्डलीकरणको असर अमेरिकाका निर्माण क्षेत्रका औसत अमेरिकी मतदाताले समेत भोगेका थिए। त्यसपछि पुरानो विश्व व्यवस्था जोगाउने खडा गरिएका संस्थाहरू स्वाभाविक रूपमा लक्ष्य बने। आफ्नो इतिहासको प्रायः समय अप्रभावी रहेको राष्ट्र संघ एउटा सजिलो निसाना बनेको छ। ध्यान दिनुपर्ने कुरा, ट्रम्पले अमेरिकालाई सम्पूर्ण संरचनाबाट बाहिरिनुको सट्टा त्यसका चुनिएका संस्था र एजेन्सीबाट मात्र अलग गरेका छन्।

बहुध्रुवीयताको तमाम चर्चाका बाबजुद ट्रम्पलाई थाहा छ कि संसार अहिले पनि एकध्रुवीय नै छ। व्यापारदेखि युद्धसम्म जोसँग शक्ति छ, उसले जे गरे पनि सही ठहरिइरहेकै छ। भविष्यमा कुनै समय चीन अमेरिका हाराहारीको शक्ति बन्ला। त्यसपछि भने संसार फेरि परिवर्तन हुनेछ। त्यतिन्जेलसम्म भने यस खण्डित विश्वमा अमेरिकाले लिने अडानविरुद्ध जान जोकसैले एकपटक सोच्नैपर्ने हुन्छ।

(नायर भारतीय थिंक ट्यांक वेदान्तका प्रमुख अर्थशास्त्री हुन्)
द प्रिन्टबाट

म्यानमारको चुनावमा चरम सैन्य दमन : राष्ट्र संघ

चुनाव अवधिमा भएका हवाई आक्रमणमा कम्तीमा १७० जनाको मृत्यु

यांगुन/ म्यानमारको हप्तौं लामो चुनाव अवधिमा भएका सैन्य हवाई आक्रमणमा कम्तीमा १७० जनाको मृत्यु भएको संयुक्त राष्ट्र संघले जनाएको छ। संयुक्त राष्ट्रसंघीय अधिकार कार्यालयले विश्वसनीय स्रोतलाई हवाला दिँदै चुनावको अवधिमा ठुलो संख्यामा मानिस मारिएका जनाएको हो। गत हप्ताको अन्त्यसम्म ४०८ सैन्य हवाई आक्रमण भएको राष्ट्र संघले जनाएको छ। धेरै देश र मानव अधिकार समूहले चुनावमा पहिले नै व्यापक रूपमा धाँधली भएको भन्दै त्यसको निन्दा गरिसकेका छन्।



म्यानमारको सेनाको समर्थनमा रहेको युनियन एन्ड सोलिडारिटी पार्टी (युएसडिपी)ले भारी जित हासिल गरेको सरकारी सञ्चार माध्यमले जनाएका छन्। देशको ठुलो भागमा मतदान सम्भव थिएन, तसर्थ सरकारले धाँधलीपूर्ण रूपमा निर्वाचन गरेको पर्यवेक्षक समूहले बताउँदै आएका छन्। म्यानमार सैन्य विद्रोहबाट गृहयुद्धमा फसेको छ। सन् २०२१ मा लोकतान्त्रिक रूपमा निर्वाचित नेतृ आङ सान सुकीलाई पदच्युत गरी जेल हालिएको थियो।

सुकीको पार्टी नेसनल लिग फर डेमोक्रेसीले कु हुनुअघिका दुई चुनावमा भारी बहुमतले जितेको थियो। तर, पछिल्लो निर्वाचनमा उनको पार्टीलाई मतदानमा भाग लिन अनुमति दिइएको थिएन। धेरैको विश्वास छ कि सैन्य जुन्टाले प्रोक्सी राजनीतिक दलमार्फत आफ्नो शक्ति कायम राख्न मतदानको प्रयोग गर्नेछ। संयुक्त राष्ट्रसंघीय अधिकार प्रमुख भोल्कर टर्कले जारी गरेको एक विज्ञप्तिमा चुनावलाई 'सेनाद्वारा प्रायोजित घटनाक्रम' भनेर वर्णन गरे। 'विपक्षी उम्मेदवार र केही जातीय समूहलाई डिसेम्बर २८ मा पहिलो चरणमा भएको चुनावमा भाग लिनबाट वञ्चित गरिएको उनले औंल्याए। टर्कका अनुसार डरका कारण धेरैजसो मानिसले मतदानमा सहभागी नहुने निर्णय गरेका छन्।

यसैबिच, देशका ठुला भागमा द्वन्द्व र असुरक्षा निरन्तर जारी रहेको राष्ट्र संघले जनाएको छ। संयुक्त राष्ट्रसंघीय मानव अधिकारको म्यानमार टोलीका प्रमुख जेम्स रोडेहभरले सैन्य हमलामा नागरिकको मृत्युको तथ्यांक डिसेम्बरमा अभियान सुरु हुनेबिचको अवधिदेखि जनवरीको अन्त्यतिरको अन्तिम मतदान दिनसम्मको अवधिमा निकालिएको बताए। समाचार एजेन्सी एएफपीका अनुसार खुला स्रोतबाट आएका तथ्यांक हाल अपूर्ण हुने सम्भावना छ, किनभने विभिन्न क्षेत्रको सञ्चारविच्छेद गरिएको छ र ती स्थानका मानिस कुरा गर्न डराउँछन्। पहिलो चरण डिसेम्बर २८ मा र दोस्रो चरण जनवरी ११ मा निर्वाचन सम्पन्न भएको थियो। नयाँ सरकारले अप्रिलमा पदभार ग्रहण गर्ने अपेक्षा गरिएको छ। आइतबार तेस्रो चरणको निर्वाचन सम्पन्न भएको थियो।

चरणबद्ध ढंगमा भएको चुनाव खासमा सेनाको नियन्त्रणमा रहेको भागमा मात्र सम्पन्न गरिएको थियो। सेनाविरुद्ध लडिरहेका समूहले कब्जा गरेका भूभागमा चुनाव हुन सकेन। त्यसैले धेरै योग्य मतदाता मताधिकारबाट वञ्चित भए। सेनाको प्रतिनिधि 'युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी)'ले तल्लो सदनका २६३ मध्ये २३२ र माथिल्लो सदनका १५७ मध्ये १०९ सिटमा सहज जित हासिल गऱ्यो। नागरिक र राजनीतिक पार्टीलाई निर्वाचनमा रोक लगाएर गरिएको निर्वाचन आफैंमा 'फौजदारी अपराध' भएको भन्दै सर्वत्र आलोचना भइरहेको छ। इलेक्ट्रोनिक-भोटिङ मेसिनमार्फत गराइएको निर्वाचनमा प्रतिबन्धित पार्टीलाई मत हाल्न सक्ने कुनै व्यवस्था थिएन।

इतिहासमा आज फेब्रुअरी ३



सन् १७८३ : स्पेनले अमेरिकाको स्वतन्त्रतालाई मान्यता दियो।

सन् १९३३ : अमेरिका र रसियाबिच आणविक सन्धिमा हस्ताक्षर भयो। आणविक हतियारको संख्या तीन हजारमा झार्ने विषयमा दुई देशबिच स्ट्राटेजिक आम्स रिडक्सन ट्रिटी (एसटिएआरटी)मा हस्ताक्षर भएको थियो।

सन् १९५४ : अस्ट्रेलियाको पहिलो शाही यात्रामा बेलायतकी महारानी एलिजाबेथलाई सिड्नीमा लाखौंले स्वागत गरे।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण

(विवरण सार्वजनिक गरेको अवधि आ.ब. २०८२/८३ को दोश्रो त्रयमाससम्म)

१. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको विवरण :

(क) निकायको स्वरुप र प्रकृति :
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको थोक लघुकर्जा प्रदायक लघुवित्त संस्था हो।

(ख) निकायको काम, कर्तव्य र अधिकार :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनमा व्यवस्था भए बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ।

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :
२०८२ पौष मसान्तको विवरण अनुसार यस लघुवित्त संस्थाको कार्यरत कुल कर्मचारी संख्या १२९ रहेको र कार्य विवरण यस लघुवित्त वित्तीय संस्थाले तोके अनुसार रहेको।

(घ) निकायबाट प्रदान गरिने सेवा :
बैंक तथा वित्तीय संस्था ऐन २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्र प्राप्त थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाको रुपमा दिन सक्ने सम्पूर्ण सेवाहरु।

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस संस्थाको वेबसाईट www.skbbl.com.np मा उपलब्ध छ।

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :
यस लघुवित्त संस्थाबाट प्रवाह गरिने थोक कर्जा सेवाको ब्याजदर प्रत्येक त्रैमासिक रुपमा सूचना पाटी र वेबसाइटमा प्रकाशन गरे अनुसार हुनेछ।

(छ) निर्णय गर्ने प्रकृया र अधिकारी :
लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, नियम, नीति, निर्देशिका तथा सञ्चालक समितिको निर्णयहरुको अधिनमा रही तोकिएका कार्यहरु सम्पादन गर्नका निम्ति तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ। सञ्चालक समितिको निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा लघुवित्त वित्तीय संस्थाको समग्र कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ।

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी :
निर्णय उपर उजुरी सुन्नका लागि नायब प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ। निजको ठेगाना यस प्रकार रहेको छ :
श्री पृथ बहादुर थापा, नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं। फोन नं. : ०१-५३२०९१३/५९०९६१२/४१११८९५, इमेल prith.thapa@skbbl.com.np

(झ) सम्पादन गरेको कामको विवरण :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण कारोबारहरु सम्पादन भईरहेको छ।

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :
(१) ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई सूचना अधिकारी तोकिएको छ :
श्री झलेन्द्र भट्टराई, नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं फोन नं : ०१-५३२०९१३/५९०९६१२/४१११८९५, इमेल jhalendra.bhattarai@skbbl.com.np
(२) **यस लघुवित्त संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ :-**
श्री वासु अधिकारी, प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं फोन नं. : ०१-५३२०९१३/५९०९६१२/४१११८९५, इमेल basu.adhikari@skbbl.com.np

ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :
लघुवित्त संस्थाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी भएको निर्देशन, २०८२ र कम्पनी ऐन, २०६३ का अतिरिक्त सम्पूर्ण ऐन, नियम, बिनियम वा निर्देशिकाहरु पालना गर्नुपर्ने हुन्छ भने लघुवित्त संस्था सञ्चालनका लागि आवश्यक पर्ने नियमावली, विनियमावली, कार्यविधि आदि बनाई लागू गरिएको छ।

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु :
लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिदै आएको छ भने यस लघुवित्त संस्थाको वेबसाईट www.skbbl.com.np मा समेत राखिँदै आएको छ।

(ड) तोकिए बमोजिमका अन्य विवरण :
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै यस वित्तीय संस्थाको वेबसाईट मा समेत राख्ने गरिएको छ।

२. सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :

(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :
यस लघुवित्त संस्थाले साना किसान कृषि सहकारी संस्था लि. तथा समान प्रकृतिका अन्य संस्थाहरु मार्फत विपन्न, गरिब एवम् साना किसानहरुको क्षमता अभिवृद्धि गरी वित्तीय पहुँच बढाएर उनीहरुको आर्थिक तथा सामाजिक विकास सम्भव तुल्याउन थोक कर्जा सेवाका अतिरिक्त विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

(ख) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :
यस संस्थाको वेबसाईट :www.skbbl.com.np रहेको छ।

(ख१) लघुवित्त संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : लघुवित्त संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणहरु समेटी तयार पारिएको वार्षिक प्रतिवेदनहरु र त्रैमासिक वित्तीय विवरणहरुमा प्रकाशन गरिएको छ। उक्त विवरणहरु नियमन निकायको निर्देशन अनुसार तोकिएको समयमा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गर्ने, पुस्तकका रुपमा प्रकाशन गरी साधारण सभा र आवश्यकता अनुसार वितरण गर्ने र लघुवित्त संस्थाको वेबसाइटमा नियमित रुपमा प्रकाशन गर्ने गरिएको छ।

(ख२) सार्वजनिक निकायले सञ्चालन गरेका कार्यक्रम र सोको प्रतिवेदन :
यस संस्थाले सञ्चालन गरेका कार्यक्रमहरुको विवरण वित्तीय संस्थाको वार्षिक प्रतिवेदनमा उपलब्ध छ। साथै लघुवित्त वित्तीय संस्थाको वित्तीय विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाइटमा समेत नियमित रुपमा प्रकाशन गरिन्छ। वार्षिक प्रतिवेदन लगायत अन्य सम्पूर्ण विवरणहरु लघुवित्त संस्थाको वेबसाईट :www.skbbl.com.np बाट डाउनलोड गर्न वा प्राप्त गर्न सकिन्छ।

(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : लघुवित्त वित्तीय संस्थाको नियमानुसार।

(ख४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय : नभएको।

(ग) सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण :
(१) त्रैमासिक वित्तीय विवरणहरु : कुनै एक राष्ट्रियस्तरको दैनिक पत्र पत्रिकामा त्रैमासिक रुपमा प्रकाशन गरिन्छ। साथै, लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा समेत नियमित रुपमा प्रकाशन गरिन्छ।
(२) वार्षिक प्रगति प्रतिवेदन : वार्षिक साधारण सभामा र लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा, कार्यालय समयमा लघुवित्त संस्थाबाट प्राप्त समेत गर्न सकिन्छ।
(३) अन्य सूचनाहरु : लघुवित्त संस्थाको मुखपत्र 'सानाकिसान', समय समयमा गरिने प्रकाशनहरु र वेबसाइटमा हेर्न सकिन्छ।

मिति : २०८२/०९/३०

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-५३२०९१३, Website :www.skbbl.com.np

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१०/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुरमा मिति २०६३ साल माघ महिना १० गते रोज ४ मा प्रा.फ.र.नं. ७७२६०/२०६३/२०६४ तथा आन्तरिक राजश्व कार्यालय हेटौंडामा मिति २०६३/१०/१० मा स्थायी लेखा नम्बर (PAN) ३०२५४९६४९ अन्तर्गत दर्ता कायम भएको **ए. एण्ड ए. इन्टरप्राइजेज।**

२. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३ साल चैत्र महिना २९ गते रोज ३ मा दर्ता नं. १६६९४१/०७३/०७४ र औ.व्य. ऐन, २०७३ को दफा १५ (१) खण्ड (ग) घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत १५ (२) को (ज) बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा मिति २०७४ साल असार महिना ८ गते रोज ५ मा उ.द.प्र.प.नं. १०५९६/७१५/२०७३/२०७४ तथा आन्तरिक राजश्व कार्यालय हेटौंडामा मिति २०७४/०३/०८ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०५९६६०८० अन्तर्गत दर्ता कायम भएको **न्याप्पी एण्ड पेस्ट मटेरियल प्रा.लि.।**

३. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६ जेष्ठ महिना १४ गते रोज ३ मा दर्ता नं. २१६१५८/७५/०७६ र प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १५ को (१) (ग) र खण्ड (२) को (ख) बमोजिम बागमती प्रदेश सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुरमा मिति २०७८ साल १२ महिना ८ गते रोज ३ मा दर्ता नं. ३१७४/२११८/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय हेटौंडामा मिति २०७६/०२/१४ मा स्थायी लेखा नम्बर (PAN) ६०९५४५०८१ अन्तर्गत दर्ता कायम भएको **कैलाशनाथ कंक्रिट क्रियशन प्रा.लि.।**
अख्तियार प्राप्त संचालक/प्रोप्राइटर : अरुण कुमार दाहाल

४. ऋणी तथा ऋणी (१), (२) र (३) को व्यक्तिगत जमानीकर्ताको विवरण

नन्द प्रसाद दाहालको नाति, कविप्रसाद दाहालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, साविक पाँचखाल गा.वि.स./न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **अरुण कुमार दाहाल** (ना.प्र.नं. ९३७९६, जारी मिति २०५७/०६/०९, जि.प्र.का. काभ्रेपलाञ्चोक)।

ऋणी (१), (२), (३) र (४) को व्यक्तिगत जमानीकर्ताको विवरण	ऋणी (१) र (३) को व्यक्तिगत जमानीकर्ताको विवरण
कविप्रसाद दाहालको बुहारी, अरुण कुमार दाहालको पत्नी, काभ्रे जिल्ला, साविक देवभूमि वालुवा न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **अनिता दाहाल** (ना.प्र.नं. ११६२८७, जारी मिति २०५९/१२/१२, जि.प्र.का. काभ्रे)।	चन्दकान्त दाहालको नाति, नन्द प्रसाद दाहालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, साविक पाँचखाल न.पा./गा.वि.स. वडा नं. १० स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **कवि प्रसाद दाहाल** (ना.प्र.नं. २८९९१, जारी मिति २०४५/०५/२१, जि.प्र.का. काभ्रेपलाञ्चोक)।

ऋणी (१) को व्यक्तिगत जमानीकर्ताको विवरण

नन्द प्रसाद दाहालको बुहारी, कवि प्रसाद दाहालको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, साविक पाँचखाल न.पा./गा.वि.स. वडा नं. १० स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **विन्दु दाहाल** (ना.प्र.नं. ३४९९९/१३०९, जारी मिति २०४६/११/२१, जि.प्र.का. काभ्रेपलाञ्चोक)।

धितोको विवरण

१. ए. एण्ड ए. इन्टरप्राइजेज, कैलाशनाथ कंक्रिट क्रियशन प्रा.लि. र न्याप्पी एण्ड पेस्ट मटेरियल प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२. **ऋणी १ को नाममा धितोबन्धकी कायम रही ऋणी ३ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको** कवि प्रसाद दाहाल (ना.प्र.नं. २८९९१, जारी मिति २०४५/०५/२१, जि.प्र.का. काभ्रेपलाञ्चोक) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, साविक मध्यपुर थिमी गा.वि.स./न.पा. वडा नं. १५ हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी उ.म.न.पा. वडा नं. ३, गट्ठाघर स्थित कि.नं. २१२ को क्षेत्रफल १४१ (व.मि.) बमोजिमको घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।
३. **ऋणी १ को नाममा धितोबन्धकी कायम रहेको** अरुण कुमार दाहाल (ना.प्र.नं. ९३७९६, जारी मिति २०५७/०६/०९, जि.प्र.का. काभ्रेपलाञ्चोक) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. ११ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थित कि.नं. ३९१० को क्षेत्रफल ०-१-० (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।
४. **ऋणी २ को नाममा धितोबन्धकी कायम रही ऋणी १ र ३ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको** अरुण कुमार दाहाल (ना.प्र.नं. ९३७९६, जारी मिति २०५७/०६/०९, जि.प्र.का. काभ्रेपलाञ्चोक) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. ११ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थित कि.नं. ६६८८ र ६६८६ को क्षेत्रफल क्रमशः ०-०-१८ र ०-१-२ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।
५. **ऋणी ४ को नाममा धितोबन्धकी कायम रही ऋणी १, २ र ३ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको** अरुण कुमार दाहाल (ना.प्र.नं. ९३७९६, जारी मिति २०५७/०६/०९, जि.प्र.का. काभ्रेपलाञ्चोक) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक हटिया गा.वि.स./न.पा. वडा नं. ३ हाल मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा. वडा नं. २ स्थित कि.नं. ६१२ र ६१५ को क्षेत्रफल क्रमशः ०-११-१६ र ०-१३-० (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।
६. **ऋणी ३ को नाममा धितोबन्धकी कायम रहेको** कैलाशनाथ कंक्रिट क्रियशन प्रा.लि. को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. ११ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थित कि.नं. १२२३४ को क्षेत्रफल ०-५-१८ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८२/१०/२०

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

शाखा कार्यालय : राजविराज, सप्तरी

१. ऋणीको नाम र ठेगाना
किसन खंगको बुहारी दुखी खंगको पत्नी मधेश प्रदेश सप्तरी जिल्ला वोरिया गा.वि.स.वडा नं.०९, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं. १६, बस्ने **पनिया खंग** (ना.प्र.नं.१७१४०५७९, जारी मिति २०४४/११/१२, जिल्ला सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना
१. डोमी खंगको नाती, किसन खंगको छोरा, पनिया खंगको पती मधेश प्रदेश सप्तरी जिल्ला वोरिया गा.वि.स.वडा नं.०९, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं. १६, बस्ने **दुखी खंग** (ना.प्र.नं.१९१४०५९८, जारी मिति २०६३/०२/०३, जिल्ला सप्तरी)
२. किसन खंगको नाती, दुखी खंगको छोरा मधेश प्रदेश सप्तरी जिल्ला वोरिया गा.वि.स.वडा नं.०९, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं. १६, बस्ने **शत्रुधन मंडल (खंग)** (ना.प्र.नं.३२६७, जारी मिति २०६०/०५/१७, जिल्ला सप्तरी)
३. किसन खंगको नाती, दुखी खंगको छोरा मधेश प्रदेश सप्तरी जिल्ला वोरिया गा.वि.स.वडा नं.०९, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं. १६, बस्ने **बम भोल मण्डल** (ना.प्र.नं.२९३४, जारी मिति २०५६/०६/२५, जिल्ला सप्तरी)

२. ऋणीको नाम र ठेगाना
रामदेव यादवको बुहारी, महेन्द्र प्रसाद यादवको छोरी, शंकर प्रसाद यादवको पत्नी मधेश प्रदेश सप्तरी जिल्ला मानराजा गा.वि.स.वडा नं.०८, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला बोदे बर्साइन न.पा वडा नं.०७, बस्ने **सुनिता कुमारी यादव** (ना.प्र.नं. ६७३९, जारी मिति २०५३/१२/१३, जिल्ला सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना
१. असर्फि यादवको नाती, रामदेव यादवको छोरा, सुनिता कुमारी यादवको पती सप्तरी जिल्ला मानराजा गा.वि.स.वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा वडा नं.०७, बस्ने **शंकर प्रसाद यादव** (ना.प्र.नं. ६०७९४०१४, जारी मिति २०४०/०४/१३, जिल्ला सप्तरी)
२. रामदेव यादवको नाती, शंकर प्रसाद यादवको छोरा, सप्तरी जिल्ला मानराजा गा.वि.स.वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा वडा नं.०७, बस्ने **बिमल कुमार यादव** (ना.प्र.नं.१६११११३/३८६, जारी मिति २०६८/१०/२३, जिल्ला सप्तरी)
३. रामदेव यादवको नाती, शंकर प्रसाद यादवको छोरा, सप्तरी जिल्ला मानराजा गा.वि.स.वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा वडा नं.०७, बस्ने **विवेक यादव** (ना.प्र.नं.१६-०१-७०-०५९४५, जारी मिति २०७०/०९/२२, जिल्ला सप्तरी)

३. ऋणीको नाम र ठेगाना
जिया लाल राउतको बुहारी, जिबछ राउतको छोरी, मनोज कुमार राउतको पत्नी मधेश प्रदेश सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स.वडा नं.०९, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला छिन्नमस्ता गा.पा वडा नं.०२, बस्ने **इन्द्रमाया देवी** (ना.प्र.नं. २३५३, जारी मिति २०४६/०३/०४, जिल्ला सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना
१. जिया लाल राउतको नाती, मनोज कुमार राउतको छोरा, ललिता देवी राउत को पती सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स.वडा नं.०६, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला छिन्नमस्ता गा.पा वडा नं.०२, बस्ने **बीर कुमार राउत** (ना.प्र.नं. १६२२५२, जारी मिति २०५६/०४/२७, जिल्ला सप्तरी)
२. मनोज कुमार राउतको बुहारी, गंगा प्र. राउत नरहीको छोरी, बीर कुमार राउतको पत्नी सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स.वडा नं.०६, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला छिन्नमस्ता गा.पा वडा नं.०२, बस्ने **ललिता देवी राउत** (ना.प्र.नं. १६३०५०/११५, जारी मिति २०६३/१२/२६, जिल्ला सप्तरी)

४. ऋणीको नाम र ठेगाना
अतावुल मियाँको बुहारी, मो. इद्रिश मियाँको छोरी, अख्तर आलमको पत्नी मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा.वडा नं.०२, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०१, बस्ने **मरियम खातुन** (ना.प्र.नं. १६२०३०/१११५, जारी मिति २०७०/०४/१५, जिल्ला सप्तरी)

जमानीकर्ताको नाम र ठेगाना
अतावुल मियाँको छोरा, मरियम खातुनको पती सुनसरी जिल्ला श्रिपुर गा.वि.स.वडा नं.०८, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०१, बस्ने **अख्तर आलम** (ना.प्र.नं. ५८२६४/५९२६४, जारी मिति २०५७/१०/१७, जिल्ला सुनसरी)

५. ऋणीको नाम र ठेगाना
यदुनन्दन साह रौनियारको नाती, जगदीश प्र. साह रौनीयारको छोरा, ममता देवी गुप्ताको पती सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०६, बस्ने **हर्ष वर्धन कुमार गुप्ता** (ना.प्र.नं. ४१६८, जारी मिति २०६१/०६/१३, जिल्ला सप्तरी)

जमानीकर्ताको नाम र ठेगाना
जगदीश प्र. साह रौनीयारको बुहारी, रामदेव प्रसाद गुप्ताको छोरी, हर्ष वर्धन कुमार गुप्ताको पत्नी सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०६, बस्ने **ममता देवी गुप्ता** (ना.प्र.नं. १६१००१/५, जारी मिति २०६३/११/२५, जिल्ला सप्तरी)

६.ऋणी फर्मको नाम र ठेगाना
ऋणीको नाम : न्यु अनुपम बस्त्रालय
रजिष्टर्ड ठेगाना : राजविराज न.पा वडा नं.०१, सप्तरी
रजिष्ट्रेशन नं : १५१४/०६९/०७० (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६००६८६२१७

ऋणी फर्मको प्रोप्राईटरको नाम र ठेगाना
यदुनन्दन साह रौनियारको नाती, जगदीश प्र. साह रौनीयारको छोरा, ममता देवी गुप्ताको पती सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०६, बस्ने **हर्ष वर्धन कुमार गुप्ता** (ना.प्र.नं. ४१६८, जारी मिति २०६१/०६/१३, जिल्ला सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना
जगदीश प्र. साह रौनीयारको बुहारी, रामदेव प्रसाद गुप्ताको छोरी, हर्ष वर्धन कुमार गुप्ताको पत्नी सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०६, बस्ने **ममता देवी गुप्ता** (ना.प्र.नं. १६१००१/५, जारी मिति २०६३/११/२५, जिल्ला सप्तरी)

७.ऋणी फर्मको नाम र ठेगाना
ऋणीको नाम : ममता ट्रेडर्स
रजिष्टर्ड ठेगाना : राजविराज न.पा वडा नं.०१, सप्तरी
रजिष्ट्रेशन नं : ४७४४/०७३/७४ (घरेलु तथा साना उधोग कार्यालय, सप्तरी, राजविराज)
पान नं. : ६०५४३३०४५

ऋणी फर्मको प्रोप्राईटरको नाम र ठेगाना
जगदीश प्र. साह रौनीयारको बुहारी, रामदेव प्रसाद गुप्ताको छोरी, हर्ष वर्धन कुमार गुप्ताको पत्नी सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०६, बस्ने **ममता देवी गुप्ता** (ना.प्र.नं. १६१००१/५, जारी मिति २०६३/११/२५, जिल्ला सप्तरी)

जमानीकर्ताको नाम र ठेगाना
यदुनन्दन साह रौनियारको नाती, जगदीश प्र. साह रौनीयारको छोरा, ममता देवी गुप्ताको पती सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०७, स्थाई ठेगाना भई हाल मधेश प्रदेश सप्तरी जिल्ला राजविराज न.पा वडा नं.०६, बस्ने **हर्ष वर्धन कुमार गुप्ता** (ना.प्र.नं. ४१६८, जारी मिति २०६१/०६/१३, जिल्ला सप्तरी)

शाखा कार्यालय : भानुचौक, जनकपुर

ऋणीहरुको नाम र ठेगाना
१. पंचि साहु सुडीको बुहारी, सहदेव साहु को छोरी, राम वृक्ष साहुको श्रीमती, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **सुकमरिया देवी** (ना.प्र.नं. १०२३१३८३, जारी मिति २०४४/१२/१०, जिल्ला धनुषा)
२. पंचि साहु सुडीको नाती, रामवृक्ष साहुको छोरा, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं.०५, बस्ने **दिलिप कुमार साह** (ना.प्र.नं. १०२३४२६२, जारी मिति २०६३/०७/२०, जिल्ला धनुषा)

जमानीकर्ताहरुको नाम र ठेगाना
१. झल्लु साहुको नाती, पंचि साहु सुडीको छोरा, सुकमरिया देवीकी श्रीमान बटेशवर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **रामवृक्ष साहु** (ना.प्र.नं. १०२३१३८२, जारी मिति २०३४/०७/२३, प्रथम प्रतिलिपी मिति २०६१/०४/२१, जिल्ला धनुषा)
२. पंचि साहु सुडीको नाती, रामवृक्ष साहुको छोरा, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **प्रदिप कुमार साह** (ना.प्र.नं. १०२३४२६४, जारी मिति २०६३/०७/२१, जिल्ला धनुषा)
३. पंचि साहु सुडीको नाती, रामवृक्ष साहुको छोरा, बटेश्वर गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ०५, बस्ने **दीप नारायण साह** (ना.प्र.नं. १०२३४१४२, जारी मिति २०६२/०७/०१, जिल्ला धनुषा)

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २० माघ ०८२

खानेतेल र चामलको मूल्य वृद्धि

अजित अधिकारी/नयाँ पत्रिका

बजारमा खानेतेल र चामलको मूल्यवृद्धि भएको छ। खुद्रा व्यवसायीका अनुसार खानेतेल प्रतिकार्टुन दुई सय ६५ रुपैयाँ, जिरा मसिनो चामल प्रतिबोरा एक सय र लङग्रेन चामल प्रतिबोरा दुई सय रुपैयाँसम्म बढेको छ।

खुद्रा बजारमा १५ दिनअघि सनफ्लावर तेल प्रतिकार्टुन २३ सय ८५ रहेकोमा अहिले बढेर २६ सय ५० रुपैयाँ पुगेको छ। यसले खुद्रा बजारमा सनफ्लावर तेल प्रतिलिटर २० रुपैयाँसम्म बढेको छ। विगतमा प्रतिलिटर दुई सय ४० रहेको सनफ्लावर तेल बढेर दुई सय ६० रुपैयाँ पुगेको छ। भटमासको तेलको मूल्य पनि सोही हाराहारी रहेको छ। नेपाली बजारमा बैभन्दा धेरै सनफ्लावर तेल खपत हुने गरेको छ।

जिरा मसिनो चामल पनि बोरामा एक सय रुपैयाँसम्म बढेर १८ सय ५० देखि दुई हजारसम्म पुगेको छ। लङग्रेन चामलको मूल्य प्रतिबोरा २५ सयदेखि ३१ सयसम्म पुगेको छ।

थोक व्यवसायीको संगठन खाद्य किराना संघका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठले बाह्य कारणले खानेतेल र चामलको मूल्य बढेको बताए। 'अहिले भारतमा तेलको मूल्य धेरै छ, त्यसैले नेपालबाट भारततर्फ धेरै तेल निर्यात हुँदा यहाँ आपूर्तिमै समस्या हुन लागिसक्यो,' उनले भने। भारतले अहिले तेल आयात खुला गरेकाले नेपालबाट धेरै निर्यात भइरहेको उनले बताए। 'यहाँ मूल्य बढाएर भए पनि निर्यात रोक्न सकिन्छ भन्ने उद्देश्य हो। तर, लामो समयसम्म मूल्य बढाएर होल्ड गर्ने नीति होइन,' उनले भने।



भारतले केही समयमा तेल आयातका लागि कोटा तोक्ने वा आयातमै कडाइ गर्ने नीति लिन लागेकाले तेलको मूल्य नेपाली बजारमा सुधार हुने उनले बताए। त्यस्तै, धान मिलहरूले अहिले मागअनुसार कुटानी गर्न नसकिरहेकाले चामलको मूल्यमा चाप परेको उनको भनाइ छ। 'धान मिलहरू क्षमताअनुसार चल्ने सकेका छैनन्। कात्तिक र मंसिरमा निस्किएको नयाँ धान पनि सकियो,' उनले भने, 'त्यसैले अहिले मूल्यमा चाप परेको हो।' अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले खानेतेल र चामलको मूल्य विश्लेषण गर्ने गरी बजार अनुगमन भइरहेको जनाएको छ।

विभागका महानिर्देशक रोशन ज्ञवालीले खाने तेलको मूल्य बढेकोबारे बजार मूल्य संकलन गरेर अध्ययन थालिएको बताए। त्यस्तै, चामलको मूल्य वृद्धिबारे पनि गुनासो आएकाले अनुगमनलाई तीव्रता दिइरहेको बताए। यद्यपि, मूल्य नियन्त्रणका लागि विभागको भूमिका नरहेको उनले बताए।

'उपभोक्ता संरक्षण ऐनमा उत्पादकले तोकेको मूल्य नै अन्तिम मूल्य हुने उल्लेख छ र मूल्य नियन्त्रणका लागि अन्य कानुन छैनन्,' उनले भने, 'त्यसैले बजारभाउमा सोझै हस्तक्षेप गर्न सक्दैनौं। तर, यथोचित कारण पत्ता लगाएर कृत्रिम मूल्यवृद्धि हुन नदिने गरी अनुगमन संयन्त्र परिचालन गर्छौं।'

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले विभिन्न बहाना बनाएर समय-समयमा खाद्यान्नको मूल्य बढाउनु उपभोक्ताहितविपरीत रहेको बताए। उनले मूल्यवृद्धि प्रतिसरकारी निकाय मूकदर्शक बनेर बस्न नहुने बताए।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

कामना सेवा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धि ७ दिने सार्वजनिक सूचना

प्रकाशित मिति :२०८२/१०/२०

कामना सेवा विकास बैंकको स्वामित्वमा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरु (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात मिति २०८२/१०/२६ गते दिनको ४:३० बजे (सो दिन सार्वजनिक बिदा परेमा सो लगते बैंक खुलेको दिन) भित्र तपशिलमा उल्लेखित अचल सम्पत्ति खरिद गरिलिन इच्छुक महानुभावहरुलाई बोलपत्र फारममा उल्लेखित शर्तको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र कामना सेवा विकास बैंक लिमिटेडको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरु वा कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौंमा पेश गर्नु हुन आव्हान गरिन्छ। तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात २०८२/१०/२७ गते (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्ते बैंक खुलेको दिन) दिनको ठीक ४:३० बजे यस बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौंमा खोलिने हुँदा उक्त दिन बोलपत्रदाता वा प्रतिनिधिलाई उपस्थित हुन सूचित गरिन्छ तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न कुने बाधा पर्ने छैन ।

तपसिल

क्र.सं.	जिल्ला	गा.वि.स/उ.म.न.पा	सीट नं	कित्ता नं.	क्षेत्रफल/(रो/व.मि)	कैफियत
१	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	दुम्कीबास-०३	३	४०५	५२१०	सम्पूर्ण लिगलगापात समेत
		दुम्कीबास-०३	३	४०६	९२०	सम्पूर्ण लिगलगापात समेत
		अर्ग्यौली-०६	६ग	६०६	०-५-१५-० (१९४६.८५)	सम्पूर्ण लिगलगापात समेत
		अर्ग्यौली-०६	६ग	५७३	०-४-४-० (१४२२.०५)	सम्पूर्ण लिगलगापात समेत
२	मकवानपुर	हटिया-०१	१	८९७६	०-०-५-० (८४.६५)	सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	८९७८	०-०-३-० (५०.७९)	सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	९११४	०-०-८.७५-० (१४८.१४)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	९११६	०-०-६.५-० (११०.०५)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		हटिया-०१	१	९११८	०-०-४.७५-० (८०.४२)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
३	लमजुङ्ग	रम्घा-०७	७	९६३	०-१२-०-१ (३८३.५४)	सम्पूर्ण लिगलगापात समेत
		रम्घा-०७	७	२१६९	०-५-२-० (१७४.८८)	सम्पूर्ण लिगलगापात समेत
४	महोत्तरी	औरही-०३	३क	८०६	०-३-११.५-० (१२१०.६४)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०३	३क	७७६	०-४-६-० (१४५६.१५)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०९	९क	२८४	०-२-४.५-० (७५३.४७)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०३	३क	१६०३	०-४-९-० (१५०६.९५)	सम्पूर्ण लिगलगापात समेत
		औरही-०६	६	२२	०-५-५-० (१७७७.८६)	सम्पूर्ण लिगलगापात समेत
५	प्यूठान	बाङगेसाल-०५	५	११५२	१४	सम्पूर्ण लिगलगापात समेत
		बाङगेसाल-०५	५	११५१	१६३	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		बाङगेसाल-०५	५	१२१०	६६०	घर लगायत सम्पूर्ण लिगलगापात समेत
६	झापा	दमक-१४	१७९००१५२५	१११	३५४.४८	सम्पूर्ण लिगलगापात समेत
		शिवगंज-०९	९	१४२८	०-१२-१५-० (४३१७.६५)	सम्पूर्ण लिगलगापात समेत
		शनिश्चरे-०८	८	१०७३३	०-२-४-० (७४४.९८)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		शनिश्चरे-०८	८	१०७३५	०-०-१६-० (२७०.८८)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		शनिश्चरे-०८	८	१०७४५	०-१-६-० (४४०.२१)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
७	मोरङ	मधुमल्ला-०५	५ढ	३४	०-०-६-० (१०१.५९)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०५	५च	२९१	०-१-०-० ३३८.५८	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०५	५च	८३२	०-१-०-० (३३८.५८)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०८	८ङ	३०८	०-३-०-० (१०१५.९२)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०८	८ङ	४०५	०-२-१२-२ (८८८.८८)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०१	१ङ	६४४	०-०-१५-० (२५३.९४)	सम्पूर्ण लिगलगापात समेत
		मधुमल्ला-०५	५घ	४९०४	०-१०-१६-० (३६५७.१८)	सम्पूर्ण लिगलगापात समेत
		वयरवन-०९	९ओ	५१६	०-१८-०-० (६०९५.३४)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		कदमाहा-०१	१७८०७१०	४३६	१३४८०	सम्पूर्ण लिगलगापात समेत
८	रुपन्देही	आनन्दवन-०८	८ख	८८९	०-०-१६-० (२७०.९१)	सम्पूर्ण लिगलगापात समेत
		गंगोलिया-०२	२क	९९८	०-१-०-० (३४७.०५)	सम्पूर्ण लिगलगापात समेत
		केरवानी-०५	५ख	७०६	०-४-९-० (१५०६.९५)	सम्पूर्ण लिगलगापात समेत
		केरवानी-०५	५ख	७०८	०-३-११-० (१२०२.१७)	सम्पूर्ण लिगलगापात समेत
		गंगोलिया-०२	२क	७	०-२-३-० (७२७.९५)	सम्पूर्ण लिगलगापात समेत
९	स्याङ्जा	वालिङ्ग-०४	४	२०६०	०-३-०-० (९५.३९)	सम्पूर्ण लिगलगापात समेत
		वालिङ्ग-०४	४	२०६१	०-३-०-० (९५.३९)	सम्पूर्ण लिगलगापात समेत
		वालिङ्ग-०४	४	२०६२	०-३-०-० (९५.३९)	सम्पूर्ण लिगलगापात समेत
		वालिङ्ग-०४	४	२०६३	०-३-०-२ (९९.३६)	सम्पूर्ण लिगलगापात समेत
१०	धनुषा	जनकपुर-०८	१३१५१७	३१८	०-१-९-२ (४९९.४९)	सम्पूर्ण लिगलगापात समेत
११	सिराहा	नैनपुर-०५	५ ख	३५३	०-३-०-० (१०१५.८९)	सम्पूर्ण लिगलगापात समेत
		नैनपुर-०५	५ ख	८४२	०-०-७-० (११८.५१)	घर लगायत सम्पूर्ण लिगलगापात समेत
		नैनपुर-०६	६ ख	४०७	०-४-०-० (१३५४.५२)	सम्पूर्ण लिगलगापात समेत
		असनपुर-०७	७ ख	२०८	०-६-१२-० (२२३४.९४)	सम्पूर्ण लिगलगापात समेत
१२	बाँके	चटार-०१	१ क	६३३	०-१-०-० (३३८.६३)	सम्पूर्ण लिगलगापात समेत

थप जानकारी:

- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्ग हुनेछ।
- लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको कर्जा असुली विभाग, ज्ञानेश्वर, काठमाडौं वा कामना सेवा विकास बैंकको पायक पर्ने जुनसुकै शाखा कार्यालयहरुमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
- माथि उल्लेखित क्र.सं.अनुसार खरिद गर्न चाहेको सम्पत्तिको लागि छुट्टा छुट्टै मूल्य उल्लेख गरी बोलपत्र पेश गर्नुपर्नेछ।
- बैंकलाई स्वीकार्य हुने बोलपत्र प्राप्त भएको अवस्थामा छुट्टा छुट्टै रुपमा बिक्री गर्न सकिनेछ।
- अन्य शर्तबन्देजहरु बोलपत्रमा उल्लेख गरे बमोजिम हुनेछ।

मुद्रास्फीतिमा देखिन थाल्यो चाप
अधिक सुविधामा बाह्य क्षेत्र

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को ६ महिनामा अर्थतन्त्रको बाह्य क्षेत्रमा अधिक सुविधा कायम रहे पनि बढ्दो उपभोगले मुद्रास्फीतिमा (महँगीदर) चाप देखिन थालेको छ। बढ्दो उपभोगसँगै आयातमा भएको वृद्धिले महँगीदर पनि बढ्दै गएको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति'ले पुसमा मुद्रास्फीति २.४२ प्रतिशत रहेको छ। मंसिरमा यस्तो मुद्रा स्फिति १.६३ प्रतिशत र कात्तिकमा १.११ प्रतिशत थियो। भारतमा पनि मुद्रास्फीति बढ्दै गएकाले त्यसको असर नेपालमा देखिएको हो। भारतमा पुसमा १.३३ प्रतिशत, मंसिरमा ०.७१ प्रतिशत र कात्तिकमा ०.२५ प्रतिशतको मुद्रास्फीति भएको देखिन्छ। नेपालको आयात बजार भारतमै बढी निर्भर रहेकाले त्यहाँ हुने मुद्रास्फीतिले नेपाली बजार प्रत्यक्ष प्रभाव पार्छ।

चालू आव ०८२/८३ को ६ महिनामा १४.२ प्रतिशतले आयात बढेको छ। साउनदेखि पुससम्म कुल वस्तु आयात नौ खर्ब ३९ अर्ब दुई करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ७.१ प्रतिशतले वृद्धि भएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट हुने आयातमा ५.९ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट २२.१ प्रतिशतले वृद्धि भएको छ।

उपभोग बढ्दा यसले कर्जा विस्तारलाई पनि मलजल गरेको देखिन्छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशत अर्थात् एक खर्ब ९७ अर्ब ४७ करोडले बढेर ५६ खर्ब ९५ अर्ब १७ करोड पुगेको छ। यद्यपि, यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा भने न्यून हो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा दुई खर्ब ६५ अर्ब ५६ करोड अर्थात् ५.२ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा ०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेको छ।

कर्जा विस्तारको तुलनामा निक्षेप संकलनको वृद्धिदर भने उच्च देखिन्छ। बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ५.७ प्रतिशत अर्थात् चार खर्ब १७ अर्ब ४८ करोडले वृद्धि भई ७६ खर्ब ८१ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ३.७ प्रतिशत अर्थात् दुई खर्ब ३९ अर्ब ६ करोडले बढेको थियो। वार्षिक विन्दुगत आधारमा ०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १४.८ प्रतिशतले बढेको छ।

६ महिनाको अर्थतन्त्रको चित्र

- पुसमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति २.४२ प्रतिशत छ। मंसिरमा १.६३ प्रतिशत थियो।
- कुल विदेशी विनिमय सञ्चिति ३२ खर्ब ४२ अर्ब ४५ करोड छ। अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १७ करोड पुगेको छ। यस्तो सञ्चिति १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।
- सरकारको खर्च ६ खर्ब ९० अर्ब २२ करोड र राजस्व परिचालन ५ खर्ब ७७ अर्ब ४० करोड छ।
- बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ५.७ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.८ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६.७ प्रतिशत छ।
- रेमिट्यान्स आप्रवाह रुपैयाँमा ३९.१ प्रतिशतले र अमेरिकी डलरमा ३२.३ प्रतिशतले बढेको छ। चालू आर्थिक वर्षको पुस महिनासम्म रेमिट्यान्स आप्रवाह १० खर्ब ६२ अर्ब ९३ करोड छ।
- चालू खाता ४ खर्ब २९ अर्ब ९१ करोड र शोधनान्तर ५ खर्ब १ अर्ब २४ करोड बचतमा छ।
- निर्यात ४३.८ प्रतिशतले र आयात १४.२ प्रतिशतले बढेको छ।
- वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.५६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ७.१२ प्रतिशत छ।
- समीक्षा अवधिमा खुद सेवा आय भने ४१ अर्ब ५५ करोडले घाटामा छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय २९ अर्ब ४७ करोडले घाटामा थियो।
- समीक्षा अवधिमा ८ अर्ब १७ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी ६ अर्ब ४८ करोड थियो।

विदेशी मुद्रा सञ्चिति ३२ खर्ब ४२ अर्ब

उपभोग बढेर मुद्रास्फीतिमा चाप परे पनि देशको अर्थतन्त्रको बाह्य क्षेत्र भने अधिक सुविधाजनक अवस्थामै रहेको तथ्यांकले देखाएको छ। कुल विदेशी विनिमय सञ्चिति ३२ खर्ब ४२ अर्ब ४५ करोड छ। अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १७ करोड पुगेको छ। असारसम्म यस्तो सञ्चिति २६ खर्ब ७७ अर्ब रुपैयाँ थियो भने डलरमा १९ अर्ब ५० करोड थियो। अहिलेको सञ्चिति १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको केन्द्रीय बैंकले जानकारी दिएको छ।

चालू खाता चार खर्ब २९ अर्ब ९१ करोडले बचतमा पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता एक खर्ब ६५ अर्ब ६७ करोडले बचतमा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब २३ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा तीन अर्ब तीन करोडले बचतमा छ।

त्यस्तै, शोधनान्तर स्थिति पाँच खर्ब एक अर्ब २४ करोड बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब ४९ अर्ब २६ करोडले बचतमा थियो। समीक्षा अवधिमा आठ अर्ब १७ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी ६ अर्ब ४८ करोड थियो।

रेमिट्यान्स आप्रवाह नेपाली रुपैयाँमा ३९.१ प्रतिशतले र अमेरिकी डलरमा ३२.३ प्रतिशतले बढेको छ। चालू आर्थिक वर्षको पुस महिनाको रेमिट्यान्स आप्रवाह एक खर्ब ९२ अर्ब ६२ करोड रहेको छ। ६ महिनामा रेमिट्यान्स आप्रवाह ३९.१ प्रतिशतले वृद्धि भई १० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ४.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ३२.३ प्रतिशतले वृद्धि भई सात अर्ब ५० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २.७ प्रतिशतले बढेको थियो।

यद्यपि, समीक्षा अवधिमा खुद सेवा आय भने ४१ अर्ब ५५ करोडले घाटामा छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय २९ अर्ब ४७ करोडले घाटामा थियो। सेवा खाताअन्तर्गत भ्रमण खर्च ४.२ प्रतिशतले वृद्धि भई एक खर्ब पाँच अर्ब ५६ करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको खर्च ६७ अर्ब ४७ करोड छ।

ग्यास आपूर्ति सहज गर्न आयल निगमलाई विभागको निर्देशन

काठमाडौं/ वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले खाना पकाउने एलपी ग्यासको सहज आपूर्ति गर्न आयल निगमलाई निर्देशन दिएको छ।

सोमबार दिउँसो विभागमा भएको छलफलमा महानिर्देशक रोशन ज्ञवालीले बजारमा तत्कालै उपभोक्ताले महसुस गर्ने गरी ग्यास आपूर्ति सहज गर्न सबै संयन्त्र प्रयोग गर्न निर्देशन दिएका हुन्। आपूर्ति शाखा निर्देशक नरहरि तिवारीको कार्यकक्षमा आयल निगमको एलपिजी तथा एभिएसन विभागमा कार्यरत प्रबन्धक दुर्गा पछाईसहित छलफल भएको थियो।

सो छलफलमा निगमका प्रबन्धक पछाईले भारतले कोटाअनुसार नै ग्यास दिइरहेको, तर उद्योगीले मागअनुसार पिडिओ उठाउन नसकिरहेको जानकारी गराएकी थिइन्। बर्सेनि जाडो मौसममा भारतको बरौनी रिफाइनरी सफाइ हुने हुँदा त्यहाँबाट तुलनात्मक रूपमा थोरै पिडिओ जारी हुने गर्छ। त्यसैकारण अहिले पनि बजारमा ग्यास आपूर्तिमा केही असजहता देखिएको निगमको भनाइ छ। तर, बरौनी रिफाइनरीमा मर्मत सकिएर अहिले मागअनुसार नै पिडिओ जारी भइरहेकाले चाँडै समस्या समाधान हुने पछाईले छलफलमा जानकारी गराएकी थिइन्।

निर्देशक तिवारीले ग्यास आयात, वितरण र डिलरकहाँ रहेको मौज्दात विवरणको निगमले आफ्नो संयन्त्रमार्फत निगरानी बढाउनुपर्ने बताएका थिए। ग्यास विक्रेता महासंघका पूर्वअध्यक्ष चन्द्र थापाले उद्योगबाटै मागअनुसार ग्यास नपाएकाले उपभोक्तालाई सहजै वितरण गर्न नसकिएको बताए। 'आयल निगम र उद्योगी मिलेर अहिलेको असहजतालाई समाधान गर्नुपर्छ,' उनले भने।

सामान्य अंकले बढ्यो सेयर बजार

काठमाडौं/ साताको दोस्रो कारोबार दिन सोमबार नेप्से सामान्य अंकले बढ्यो। हिजो बजार १.५३ अंकले बढेर नेप्से परिसूचक २६९५.७३ विन्दुमा पुगेको हो। सो दिन तीन सय ३० कम्पनीको सेयर खरिद-बिक्री भयो। जसमा एक सय १४ कम्पनीको मूल्य बढ्दा एक सय ३४ को घट्यो भने १३ को स्थिर रह्यो। सोमबार आठ अर्ब २२ करोड ३९ लाख रुपैयाँभन्दा बढीको कारोबार भयो। आइतबार भने नौ अर्ब १० करोड रुपैयाँभन्दा बढीको किनबेच भएको थियो।

सो दिन एसवाई प्यानल, श्रीनगर एग्रिटेक, हिमस्टार ऊर्जा कम्पनी, सान्भी इनर्जी र बन्दीपुर केबलकारको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्यो। समूहगत सूचकतर्फ विकास बैंक, होटेल एन्ड टुरिजम, उत्पादन तथा प्रशोधन, निर्जीवन बिमा र व्यापार समूह बढ्दा बाँकीको घट्यो।

■ बुटवल-नारायणगढ सडक विस्तार

पूर्वी खण्डका ३४ मध्ये ३३ वटा पुलको काम सकियो



नवलपुरमा **रामकुमार श्रेष्ठ**

नारायणघाट-बुटवल सडकखण्डअन्तर्गत पूर्वी खण्डमा पर्ने ३४ वटा पुलमध्ये ३३ वटा पुल निर्माणको काम सकिएको छ। हालै मात्र नवलपुरको चोरमारामा निर्माण गरिएको नयाँ पुल सञ्चालनमा आएको छ। यससँगै यो सडकखण्डमा आरुण खोलाबाहेक सडक विस्तार आयोजनाअन्तर्गत पूर्वी खण्डमा ३३ वटा पुल निर्माणको काम सकिएको छ। आयोजनाको पूर्वी खण्ड नवलपुरमा पर्ने ३३ वटा पुल निर्माणको काम सकिएको सडक विस्तार आयोजनाका सूचना अधिकारी शिव खनालले जानकारी दिए।

गैँडाकोटदेखि दाउन्नेसम्मको पूर्वी खण्डमा ३४ वटा पुल निर्माण गर्नुपर्ने थियो। यस खण्डमा २५ मिटर लम्बाइसम्मका छोटा २२ वटा पुल र २५ मिटरभन्दा लामा १२ वटा पुल निर्माण गर्नुपर्नेमा एउटा आरुण खोलाको पुल मात्र निर्माणको काम बाँकी रहेको सूचना अधिकारी खनालको भनाइ छ। उक्त पुल निर्माणको कामलाई पनि तीव्रता दिइएको खनालले बताए। उनका अनुसार अरुण खोलाको पुन बनेर सवारीसाधन सञ्चालनमा आउन अझै कम्तीमा दुई महिना लाग्छ।

'पुलहरू बनाउने काम लगभग अन्तिम चरणमा पुगेको छ, एउटा अरुण खोलाको पुलमा केही काम बाँकी छ, त्यो पनि चाँडै सकिन्छ,' सूचना अधिकारी खनालले भने। दाउन्ने खण्डमा केही कल्भर्टको काम बाँकी रहेकाले ती कल्भर्ट निर्माणसमेत अन्तिम चरणमा चलिरहेको आयोजनाले जनाएको छ।

आयोजनाका अनुसार नारायणघाट-बुटवल सडक विस्तार आयोजनाको पूर्वी खण्डको हालसम्म भौतिक प्रगति ७६ प्रतिशत पुगेको छ। पूर्वी खण्डमा दाउन्ने सडकखण्ड, अरुण खोलाको केही भाग र दुम्किवासको केही भागबाहेक अन्यत्र कालोपत्रेको लगभग सबै काम सकिएकाले यात्रा सहज बनेको छ। दाउन्ने क्षेत्रमा भने अझै सडक ढलानको काम बाँकी रहेकाले यात्रा सहज हुन सकेको छैन। सडक कालोपत्रे सकिएको ठाउँमा सडक लेन छुट्याउन लेन मार्किङको काम भइरहेको छ।

दाउन्नेको १४ किलोमिटर सडकखण्डमध्ये पूर्वी खण्डमा चार किमि मात्रै पर्छ। जसमा २२ मिटर ढलानको अनुमति पाएकोमध्ये ८० प्रतिशत काम सकिएको खनालले बताए। दाउन्नेमा अहिले अन्तिम डाँडा काट्ने, कल्भर्ट निर्माण, बाटोको चौडाइ बढाउने, पहिरो जान सक्ने ठाउँमा तलबाटै ग्याभिङ भर्नेलगायतका काम भइरहेका छन्।

नारायणघाट-बुटवल सडक विस्तारको काम ०७५ माघ २४ गते सम्झौता भएर ०७९ साउन २२ गते सम्पन्न गर्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले काम सुरु गरेको थियो। यो सडकको कुल एक सय १३ किमि दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो। निर्धारित समयमा काम नसकिएपछि चौथोपटक ०८३ असारसम्म म्याद थप गरिएको छ।

करेन्ट मार्टको शाखा बानेश्वरमा खुल्यो



काठमाडौं/ करेन्ट नुडल्सको उत्पादक संस्था यसोदा फुड्सले आफ्नो रिटेल आउटलेट करेन्ट मार्टको दोस्रो शाखा काठमाडौंमा सञ्चालनमा ल्याएको छ। कम्पनीले काठमाडौंको बानेश्वरस्थित कात्यानी चोकमा नयाँ शाखा विस्तार गरेको हो। भैरहवामा सञ्चालित पहिलो आउटलेटको सफलता र ग्राहकको बढ्दो मागलाई मध्यनजर गर्दै काठमाडौंमा पनि शाखा खोलिएको कम्पनीले जनाएको छ।

उक्त मार्टको उद्घाटन यसोदा फुड्सका डाइरेक्टर मधुसूदन घिमिरे तथा नेसनल सेल्स म्यानेजर युगराज पाण्डेले संयुक्त रूपमा गरे। समारोहमा कम्पनीका एरिया सेल्स म्यानेजरहरू सोनी पुडासैनी, विमला खाती र सपना भुसाललगायतको उपस्थिति थियो। मार्टमा उपभोक्ताले यसोदा फुड्सद्वारा उत्पादित सम्पूर्ण रेन्जका उत्पादन एकै छानामुनि प्राप्त गर्न सक्नेछन्। करेन्ट ब्रान्डका लोकप्रिय नुडल्स (चाउचाउ), विभिन्न प्रकारका स्न्याक्स, चिजबल्स, स्टिक्स तथा पोट्याटो क्र्याकर्स उपलब्ध हुने बताइएको छ। त्यसैगरी, चिया पारखीका लागि करेन्ट गोल्ड मसला र सिटिसी चिया तथा विभिन्न प्रकारका मसला पनि मार्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ। कम्पनीका अध्यक्ष चुन्नप्रसाद पौडेलले भने, 'भैरहवाका उपभोक्ताले करेन्ट मार्टलाई देखाउनुभएको माया र विश्वासले हामीलाई राजधानीमा पनि सेवा विस्तार गर्न उत्साहित बनाएको छ।'

सिद्धार्थ बैंक कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मानित



काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेड प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ। बैंक कमर्सियल बैंकिङ विधामा अवार्डस् फर कर्पोरेट एक्सिलेन्स-२०२५, अवार्डबाट सम्मानित भएको हो। कर्पोरेट क्लब नेपाल प्रालिले आयोजना गर्दै आएको अवार्ड समारोहमा बैंकलाई उक्त अवार्डबाट सम्मानित गरिएको हो। अवार्ड समारोहमा सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वरप्रसाद बस्यालले उक्त अवार्ड ग्रहण गरेका थिए। मानव संसाधन व्यवस्थापन, संस्थागत सुशासन तथा उत्कृष्ट कार्यसम्पादनमा बैंकले पुऱ्याएको योगदानबापत बैंकलाई यो सम्मान प्रदान गरिएको बताइएको छ।

एसबिआई बैंकको नाफा एक अर्ब नाघ्यो

काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडको नाफा एक अर्ब नाघेको छ। बैंकको चालू आर्थिक वर्ष ०८२/८३ को दोस्रो त्रैमासिक वित्तीय विवरणअनुसार नाफा एक अर्ब नाघेको हो। समीक्षा अवधिमा बैंकले एक अर्बभन्दा बढी खुद नाफा आर्जन गरेको छ। जुन गत वर्षको सोही अवधिको तुलनामा १४.५६ प्रतिशतले बढी हो।

बैंकले आफ्नो कुल निष्क्रिय कर्जा २.६४ प्रतिशतमा आएको छ। यस्तो कर्जा गत वर्षको सोही अवधिमा ३.५५ प्रतिशत थियो। त्यसैगरी, बैंकको गैरब्याज आम्दानी १०६.१६ करोड पुगेको छ। गत आवको सोही अवधिमा ७५.६९ करोड रुपैयाँ थियो। यो ४०.२६ प्रतिशतले वृद्धि भएको हो।

समीक्षा अवधिमा बैंकको पुँजी पर्याप्तता थप मजबुत देखिएको छ। गत आवको पुस मसान्तसम्म १२.८७ प्रतिशत रहेको पुँजी पर्याप्तता समीक्षा अवधिमा बढेर १४.१२ प्रतिशत पुगेको हो। साथै, बैंकले आफ्नो कोष लागत ५.५८ प्रतिशतबाट घटाएर ४.२३ प्रतिशतमा ल्याउन सफल भएको छ।

कजारियाको सोरुम बनेपामा

काठमाडौं/ प्रिमियम तथा नवप्रवर्तनशील टायल उत्पादक कम्पनी कजारियाले बनेपामा शाखा विस्तार गरेको छ। मानुश्री हार्डवेयर एन्ड स्यानिटरीद्वारा सञ्चालित सोरुमको उद्घाटन शनिबार गरिएको हो। सोरुमको औपचारिक उद्घाटन कजारियाका बिक्री प्रतिनिधिले रिबन काटेर गरेका थिए। कार्यक्रममा उद्योग क्षेत्रका सरोकारवाला प्रतिनिधि र स्थानीय ग्राहकको सहभागित थियो।



बनेपामा सञ्चालनमा आएको यो सोरुममा कजारियाका प्रिमियम टायल प्रदर्शन गरिएको थियो। ग्राहकले आवासीय, व्यावसायिक तथा वास्तुकलासम्बन्धी प्रयोजनका लागि उपयुक्त डिजाइन आधुनिक र ग्राहकमैत्री वातावरणमा अवलोकन र छनोट गर्न पाएको कम्पनीले जनाएको छ। कजारिया रमेश टाइल्स लिमिटेडले नेपालमै स्थापना गरेको देशकै सबैभन्दा ठुलो टायल उत्पादन उद्योगमार्फत टायल उद्योगमा नयाँ मापदण्ड स्थापित गरिसकेको छ। अत्याधुनिक प्रविधियुक्त यस उद्योगले अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्दै तीन हजारभन्दा बढी डिजाइन विकल्प उपलब्ध गराउँदै आएको छ।

नेपाल लाइफलाई कर्पोरेट एक्सिलेन्स अवार्ड



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनी कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मानित भएको छ। कर्पोरेट क्लब नेपालद्वारा आयोजित कार्यक्रममा कम्पनीलाई २०२५ को लाइफ इन्स्योरेन्स विधामा कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मानित भएको हो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली र नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयालले उक्त सम्मान ग्रहण गरे। नेपाली बिमा कम्पनीको वित्तीय विवरण, सूचकांक, सुशासन दाबी भुक्तानीको अनुपात, चुक्ता पुँजी, प्रथम बिमा शुल्क आर्जनलगायतको क्षेत्रमा गरिएका कामकारबाहीको मूल्यांकन गरी यो सम्मान प्रदान गरिएको बताइएको छ। सिइओ पराजुलीले सफलताको बाटोमा अग्रसर रहन प्रेरित गर्ने सबैप्रति आभार प्रकट गरे।

एसइईमा उकृष्ट नतिजा ल्याउनेलाई डिप्रोक्स लघुवित्तको सम्मान



काठमाडौं/ डिप्रोक्स लघुवित्तले माध्यमिक शिक्षा परीक्षा (एसइई)मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगदसहित सम्मान गरेको छ। संस्थाले गत वर्षको एसइईमा उत्कृष्ट नतिजा ल्याउने आफ्ना सेयर सदस्यका छोराछोरीलाई नगद पुरस्कार तथा प्रशंसापत्रसहित सम्मान गरेको हो। संस्थाका देशभरका एक सय ५८ वटै शाखा कार्यालयमार्फत यो कार्यक्रम सञ्चालन गरिएको थियो। पुरस्कृत विद्यार्थीले संस्थाको सहयोगले थप हौसला प्राप्त भएको प्रतिक्रिया दिएका छन्। शिक्षा क्षेत्रमा लगानी र प्रोत्साहन गर्दै आएको यस लघुवित्तले विद्यार्थीमा प्रतिस्पर्धात्मक भावना, आत्मविश्वास र अध्ययनप्रतिको लगनशीलता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

सिन्धु विकास बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ सिन्धु विकास बैंकले वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकको शाखा कार्यालय भकुन्डेले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत कृष्ण आधारभूत विद्यालय, नमोबुद्ध- ३, काभ्रेमा वित्तीय साक्षरता कार्यक्रम गरेको हो। कार्यक्रममार्फत विद्यार्थी तथा अभिभावकलाई बचत, खर्च व्यवस्थापन, बैंकिङ सेवा तथा वित्तीय अनुशासनसम्बन्धी जानकारी प्रदान गरिएको थियो। सो कार्यक्रममा बैंकका तर्फबाट मार्केटिङ विभागबाट भुवन निरौला, भकुन्डे शाखा प्रमुख हरिशरण थापा तथा विजय अधिकारीको समेत सहभागिता थियो।



साथै, सोही विद्यालयमा अध्ययनरत विद्यार्थीको पठन-पाठन विकासमा सहयोग पुगोस् भन्ने उद्देश्यले आवश्यक शैक्षिक तथा खेलकुद सामग्रीसमेत हस्तान्तरण गरिएको छ।

यस किसिमका कार्यक्रममार्फत समुदायको शैक्षिक तथा वित्तीय सशक्तीकरणमा योगदान पुऱ्याउने बैंकका सामान्य प्रशासन विभाग प्रमुख रधुनाथ कोइरालाले बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकुमार मैनाली तथा प्रधानाध्यापक वसन्तकुमार अधिकारीले बैंकको सहयोगले विद्यार्थीको पठनपाठन तथा अक्तिरिक्त क्रियाकलापमा सहयोग पुग्ने बताए।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१०/२०

तपसिलमा उल्लिखित तपाईं ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति **(घर/जग्गा/सवारीसाधन)** जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारवाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

क्र.सं	ऋणीहरुको विवरण	धितो/धनजमानीकर्ताहरुको विवरण
१.	**कंचन ज्वेलर्स** **सा.फ./प्रा.फ.र.न. : ७३८३/०७६/०७७** ठेगाना : राजविराज न.पा. ०२, सप्तरी दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराज स्थायी लेखा नं.: ६१२९३४३२६ **प्रोप्राईटर/धनजमानीकर्ता/ऋणी : सरिता कुमारी साह** **ना.प्र.नं. : ५८३८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी पति : सदानन्द साह ससुरा : राम मुर्ति साह ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा.-०७ **शाखा कार्यालय : राजविराज** **कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक**	**सदानन्द साह** **ना.प्र.नं. : १६३००१/२२६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : राम मुर्ति साह बाजे : अधिक लाल साह ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा वडा नं.-०१, हाल, राजविराज न.पा वडा नं.०७ **राजा बाबु साह** **ना.प्र.नं. : १६-०१-८०-०२६७२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : सदानन्द साह बाजे : राम मुर्ति साह ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा वडा नं.-०६, हाल, राजविराज न.पा वडा नं.०७
२.	**बक्ष्यराज नाउ** **ना.प्र.नं.: ६६३०३७/६६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके बाबु : मिश्रीलाल नाउ बाजे : फकिरे नाउ ठेगाना : बाँके जिल्ला, बेलहरी गा.वि.स.वडा नं.०१, हाल जानकी गा.पा वडा नं.०५ **शाखा कार्यालय : नेपालगंज** **कर्जा शीर्षक : सवारी कर्जा।** **तिलक बि.क.** **ना.प्र.नं.: २६४-००९-२७३६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुकुम बाबु : शेर बहादुर बि.क. बाजे : रवि लाल बि.क. ठेगाना : रुकुम जिल्ला, मुसिकोट न.पा वडा नं.०५, हाल बाँके जिल्ला खजुरा गा.पा वडा नं. ०४ **भोमानी प्रसाद जैसी** **ना.प्र.नं.: ५१६०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके बाबु : गोपिराम जैसी बाजे : टिकाराम जैसी ठेगाना : बाँके जिल्ला, बागेश्वरी गा.वि.स वडा नं.०५, हाल खजुरा गा.पा वडा नं. ०४	**ज्योति नाउँ** **ना.प्र.नं.: ६६-०१-७८-०७३५१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके पति : बक्ष्यराज नाउ ससुरा : मिश्रीलाल नाउ ठेगाना : बाँके जिल्ला, जानकी गा.पा वडा नं.०५ **हिम बहादुर खत्री** **ना.प्र.नं.: ७३७(४)** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बर्दिया बाबु : दिल बहादुर खत्री बाजे : पलु खत्री ठेगाना : बर्दिया जिल्ला, बनियाभार गाँउ पञ्चायत वडा नं.०४, हाल गुलरिया न.पा वडा नं. ०४ **रुद्र बहादुर खड्का** **ना.प्र.नं.: ७५१७/५९९९३४०६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बर्दिया बाबु : केशब बहादुर खड्का बाजे : राम प्रसाद खड्का ठेगाना : बर्दिया जिल्ला, कालिका गा.वि.स/उ.म.न.पा वडा नं.०१, हाल बढैयाताल गा.पा वडा नं. ०७ **तिलक बिर सुनार** **ना.प्र.नं.: २१५४८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके बाबु : महाविर सुनार बाजे : मान सिंह सुनार ठेगाना : बाँके जिल्ला, बागेश्वरी गा.वि.स वडा नं.०६, हाल खजुरा गा.पा वडा नं. ०४
३.	**डि म्याक्स फेशन वेयर** **प्रा.फर्म दर्ता नं. : ११००/०७५/०७६ स्थानिय व्यापार** ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं.०१ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन स्थायी लेखा नं.: ६०९३४९८६५ **प्रोप्राईटर/धनजमानीकर्ता : देवचन्द्र घिमिरे** **ना.प्र.नं.: ९/१४३०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : टंकराम घिमिरे बाजे : धनपति धिमिरे ठेगाना : मकवानपुर जिल्ला, हटिया गा.वि.स./उ.म.न.पा. वडा नं.०७, हाल हेटौंडा उ.म.न.पा. वडा नं.१६ **शाखा कार्यालय : टाँडी** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक)।** **धितो/धनजमानीकर्ताहरुको विवरण** **टंक राम घिमिरे** **ना.प्र.नं.: ४८१/१५९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : धन पति घिमिरे बाजे : उमापति ठेगाना : मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं.०७, हाल हेटौंडा उ.म.न.पा. वडा नं.१६	**कविता दंगाल घिमिरे** **ना.प्र.नं.: ३१-०१-७६-०२२६८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : देवचन्द्र घिमिरे ससुरा : टंकराम घिमिरे ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं.१६ **कान्छी माया घिमिरे** **ना.प्र.नं.: ६४४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : टंक राम घिमिरे ससुरा : धन पति घिमिरे ठेगाना : मकवानपुर जिल्ला, हटिया गाँउ पञ्चायत वडा नं.०७, हाल हेटौंडा उ.म.न.पा. वडा नं.१६ **सृजना पुडासैनी (घिमिरे)** **ना.प्र.नं.: ३१-०१-७०-१०५७९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : अर्जुन नाथ घिमिरे ससुरा : टंक राम घिमिरे ठेगाना : मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं.०७, हाल हेटौंडा उ.म.न.पा. वडा नं.१६
४.	**पशुपति कुमार चौधरी** **ना.प्र.नं. : ६६७३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : विष्णु देव चौधरी थारु बाजे : अविर लाल चौधरी ठेगाना : सप्तरी जिल्ला, तेरहौता गा.वि.स वडा नं.०१, हाल रुपनी गाँउपालिका वडा नं ०६ **शाखा कार्यालय : राजविराज** **कर्जा शीर्षक : घर कर्जा** **धितो/धनजमानीकर्ताहरुको विवरण** **प्रभा लेखी** **ना.प्र.नं. : १६१०१४/१३१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी पति : पशुपति कुमार चौधरी ससुरा : विष्णु देव चौधरी थारु ठेगाना : सप्तरी जिल्ला, बक्धुवा गा.वि.स/उ.म.न.पा वडा नं.-०९, हाल रुपनी गाँउपालिका वडा नं ०६	**विष्णु देव चौधरी थारु** **ना.प्र.नं. : १६-०१-७५-००८८४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : अविर लाल चौधरी बाजे : गोपाली दास चौधरी ठेगाना : सप्तरी जिल्ला, रुपनी गाँउपालिका वडा नं ०६ **काशी देवी चौधरी** **ना.प्र.नं. : ९४६३२८३२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी पति : विष्णु देव चौधरी थारु ससुरा : अविर लाल चौधरी ठेगाना : सप्तरी जिल्ला, तेरहौता गा.वि.स वडा नं.०१, हाल रुपनी गाँउपालिका वडा नं ०६
५.	**शनिदेव तथा महिला गाई पशुपालन व्यावसायिक फर्म** **प्रा.फ.र.न. : ८२४४/०७४/०७५** ठेगाना : रुपनी गाँउपालिका ०६, सप्तरी दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराज स्थायी लेखा नं.: ६०९०००१११ **प्रोप्राईटर/धनजमानीकर्ता/ऋणी : प्रभा लेखी** **ना.प्र.नं. : १६१०१४/१३१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी पति : पशुपति कुमार चौधरी ससुरा : विष्णु देव चौधरी थारु ठेगाना : सप्तरी जिल्ला, बक्धुवा गा.वि.स/उ.म.न.पा वडा नं.-०९, हाल रुपनी गाँउपालिका वडा नं ०६ **शाखा कार्यालय : राजविराज** **कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा आवधिक**	**पशुपति कुमार चौधरी** **ना.प्र.नं. : ६६७३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : विष्णु देव चौधरी थारु बाजे : अविर लाल चौधरी ठेगाना : सप्तरी जिल्ला, तेरहौता गा.वि.स वडा नं.०१, हाल रुपनी गाँउपालिका वडा नं ०६ **काशी देवी चौधरी** **ना.प्र.नं. : ९४६३२८३२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी पति : विष्णु देव चौधरी थारु ससुरा : अविर लाल चौधरी ठेगाना : सप्तरी जिल्ला, तेरहौता गा.वि.स वडा नं.०१, हाल रुपनी गाँउपालिका वडा नं ०६ **विष्णु देव चौधरी थारु** **ना.प्र.नं. : १६-०१-७५-००८८४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : अविर लाल चौधरी बाजे : गोपाली दास चौधरी ठेगाना : सप्तरी जिल्ला, रुपनी गाँउपालिका वडा नं ०६
६.	**शवनम कन्सट्रक्सन** **प्रा.फ.न. : २०४०/०४१** ठेगाना : रामपुर गा.वि.स वडा नं.०१, रौटहट दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौर स्थायी लेखा नं.: ३००३६५९४० **प्रोप्राईटर/धनजमानीकर्ता/ऋणी : शेख अनवारुल हक** **ना.प्र.नं. : ९६८२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट बाबु : शेख अब्दुल मजिद बाजे : सेख औसान ठेगाना : रौतहट जिल्ला, रामपुरखाप गा.वि.स वडा नं.-०५, हाल चन्द्रपुर न.पा वडा नं ०४ शाखा कार्यालय : चन्द्रपुर **कर्जा शीर्षक : साना व्यापार कर्जा आवधिक तथा साना व्यापार अधिविकर्ष कर्जा**	**शेख एसानुल हक** **ना.प्र.नं. : ३२२०८०/६६७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौटहट बाबु : शेख अनवारुल हक बाजे : शेख अब्दुल मजिद ठेगाना : रौटहट जिल्ला, रामपुरखाप गा.वि.स वडा नं.-०५, हाल चन्द्रपुर न.पा वडा नं ०४ **रफिया खातुन** **ना.प्र.नं. : ३२३०८०/६१२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौटहट पति : शेख अनवारुल हक ससुरा : शेख अब्दुल मजिद ठेगाना : रौटहट जिल्ला, चन्द्रपुर वडा नं.-०१, हाल चन्द्रपुर न.पा वडा नं ०४
७.	**रामअश्रेय माली** **ना.प्र.नं. २३७८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट बाबु : ढागा राउत माली बाजे : जगदेव राउत माली ठेगाना : रौतहट जिल्ला कनकपुर-६, हाल गुजरा न.पा -०३ **कर्जा शीर्षक : घर कर्जा** **शाखा कार्यालय : चन्द्रपुर** **धनजमानीकर्ताको विवरण** **राजेश कुमार माली** **ना.प्र.नं. ३२-०२-७४-००१८२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट बाबु : रामअश्रेय माली बाजे : ढागा राउत माली ठेगाना : रौतहट जिल्ला गुजरा न.पा.-०३	**आशा देवी माली** **ना.प्र.नं. ३२३०६३/१२६३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट पति : रामअश्रेय माली ससुरा : ढागा राउत माली ठेगाना : रौतहट जिल्ला कनकपुर-६, हाल गुजरा न.पा.-०३ **रामनरेश माली** **ना.प्र.नं. ३२२०६३/१९४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट बाबु : रामअश्रेय माली बाजे : ढागा राउत माली ठेगाना : रौतहट जिल्ला कनकपुर-६, हाल गुजरा न.पा.-०३
८.	**विना पोल्ट्री फर्म** **प्रा.फ.द.नं : २२६२/०७७/०७८** ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं.१६, (कि.नं.९०२, नक्सा: सार्विक जुटपानी ३/ख चितवन जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवन स्थायी लेखा नं.: ६१६०३५००३ **प्रोप्राईटर/धनजमानीकर्ता : राम बहादुर कुमाल** **ना.प्र.नं. : २१९२/०६१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन बाबु : सन्त बहादुर कुमाल बाजे : माघे कुमाल ठेगाना : चितवन जिल्ला, पिठुवा गा.वि.स.वडा नं.०१, हाल रत्ननगर न.पा. वडा नं.१६	**निरज कुमाल** **ना.प्र.नं. : ३५-०१-७८-०२६२१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन बाबु : राम बहादुर कुमाल बाजे : सन्त बहादुर कुमाल ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं.१६ **शाखा कार्यालय : टाँडी** **कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा (आवधिक)।**
९.	**अवधेश सः मिल** **उद्योग दर्ता नं.: ३१५२/१७६** ठेगाना : रौटहट जिल्ला, वरियारपुर गा.वि.स.वडा नं.५ ख दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रौतहट स्थायी लेखा नं.: ३०४००२५६० **प्रोप्राईटर/धनजमानीकर्ता : राम प्रसाद ठाकुर** **ना.प्र.नं.:१४०९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौटहट बाबु : राम आश्रय ठाकुर लोहार बाजे : जमन ठाकुर ठेगाना : रौतहट जिल्ला, गढो गा.वि.स./उ.म.न.पा.वडा नं.०७, हाल गढिमाई न.पा.वडा नं.०३	**गायत्री देवी** **ना.प्र.नं.: ०३२३०७७/२६४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट पति : राम प्रसाद ठाकुर ससुरा : राम आश्रय ठाकुर लोहार ठेगाना : रौटहट जिल्ला, गम्हरीया गा.वि.स.वडा नं.०८, हाल गढिमाई न.पा.वडा नं.०३ **शाखा कार्यालय : चन्द्रपुर** **कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा तथा प्रोप्राईटर राम प्रसाद ठाकुरको नाममा सजिलो लघु कर्जा (अधिविकर्ष)समेत।**

नोट : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
मंगलबार २० माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

टी-२० विश्वकपका नौ फाइनल

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

भारत र श्रीलंकाले संयुक्त रूपमा आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको दसौँ संस्करण ७ फेब्रुअरीदेखि आयोजना गर्दै छन् । प्रतियोगितामा २० राष्ट्र सहभागी छन् । यसपटक विश्वकपमा ५५ खेल हुनेछन् । आइसिसीले सन् २००७ मा पहिलोपटक विश्वकप सुरु गरेको थियो । दर्शकहरूलाई रोमाञ्चकता प्रदान गर्न आइसिसीले क्रिकेटकै छोटो विधाका रूपमा टी-२० विश्वकप गऱ्यो । पहिलो संस्करणमा वरीयता र छनोट खेलबाट आएका राष्ट्रबिच प्रतिस्पर्धा थियो । अहिलेसम्म विश्वकपको इतिहास हेर्दा भारत, इंग्ल्यान्ड र वेस्ट इन्डिजले समान दुईपटक उपाधि जितेका छन् । दक्षिण एसियाली राष्ट्र श्रीलंका र पाकिस्तानले पनि एकपटक विश्वकप ट्रफी उचालेका छन् । अस्ट्रेलियाले पनि एकपटक विश्वकप जितेको छ । विश्वकपमा एसियाली राष्ट्रहरू सर्वाधिक सफल देखिन्छन् । अघिल्ला नौ फाइनल खेलका नतिजा यस्ता छन् ।

१ भारत-पाकिस्तान (२००७)

भारत १५७/५, **पाकिस्तान** १५२ (१९.३ ओभर)

भारत पाँच रनले विजयी



विश्वकपको पहिलो संस्करण फाइनलमा दक्षिण अफ्रिका भएको थियो । जहाँ उपाधि भिडन्तमा छिमेकी चिरपरिचित प्रतिद्वन्द्वी भारत र पाकिस्तान भिडेका थिए । भारतका कप्तान महेन्द्रसिंह धोनीको नेतृत्वमा रहेको भारतले पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेट गुमाएर १५७ रन बनाएको थियो । भारतका लागि ओपनर गौतम गम्भीरले ५४ बलमा ७५ रनको योगदान दिएका थिए । प्रत्युत्तरमा पाकिस्तानले १९.३ ओभरमा सबै विकेट गुमाएर १५२ रन जोड्दा भारतले सनसनी रूपमा पाँच रनको जित निकाल्यो । पाकिस्तानका मिस्वाउल हक अन्तिम ओभरमा क्याचआउट भएपछि पाकिस्तानको विश्व च्याम्पियन हुने सपना पूरा भएन । पहिलो संस्करणमा १२ राष्ट्रले प्रतिस्पर्धा गरेका थिए । आइसिसीले फाइनलसम्म २७ खेल समावेश गरेको थियो ।

२ पाकिस्तान-श्रीलंका (२००९)

श्रीलंका १३८/६ **पाकिस्तान** १३९/२ (१८.४ ओभर)

पाकिस्तान आठ विकेटले विजयी



इंग्ल्यान्डले टी-२० विश्वकपको दोस्रो संस्करण आयोजना गरेको थियो । पाकिस्तानले ब्याक टु ब्याक फाइनल स्थान पक्का गऱ्यो । टी-२० विश्वकपको दोस्रो संस्करण पनि दुई एसियन राष्ट्रबिच नै भयो । पाकिस्तानका प्रतिद्वन्द्वी श्रीलंका थियो । श्रीलंकाले पहिलो ब्याटिङ गरी २० ओभरमा ६ विकेट गुमाएर १३८ रन बनाएको थियो । विश्व च्याम्पियन हुन मध्यम लक्ष्य पाएको पाकिस्तानले केवल १८.४ ओभरमा दुई विकेट गुमाएर १३९ रन बनायो । पाकिस्तानले दोस्रो प्रयासमै विश्वकप ट्रफी उचाल्यो । पाकिस्तानका लागि कप्तान साहिद अफ्रिदीले ४० बलमा ५४ रन जोडेका थिए । श्रीलंकाका लागि कुमार सांगाकाराले ५२ बलमा ६४ रनको योगदान दिएका थिए ।

३ अस्ट्रेलिया-इंग्ल्यान्ड (२०१०)

अस्ट्रेलिया १४७/६, **इंग्ल्यान्ड** १४८/३ (१७ ओभर)

इंग्ल्यान्ड सात विकेटले विजयी



वेस्ट इन्डिजले आयोजना गरेको विश्वकपमा पहिलोपटक एसियन राष्ट्रले फाइनल स्थान बनाउन सकेनन् । अस्ट्रेलिया र इंग्ल्यान्ड उपाधि भिडन्तमा पुगेका थिए । बाबर्डोस रगशालामा अस्ट्रेलियाले पाँच विकेट गुमाएर १४७ रन बनाएको थियो । इंग्ल्यान्डले आक्रामक रूपमा ब्याटिङ गरी १७ ओभरमा तीन विकेट गुमाएर १४८ रन जोड्दै विश्वकप उपाधि उचाल्यो । इंग्ल्यान्डले पहिलोपटक आइसिसीले आयोजना गरेको विश्वकप उपाधि जितेको हो । फाइनलमा अस्ट्रेलियाका लागि डेभिड हसीले ५४ बलमा ५९ रन जोडे । इंग्ल्यान्डलाई च्याम्पियन बनाउन क्रेजले ४९ बलमा ६३ रन बनाए । साबिक विजेता पाकिस्तान सेमिफाइनलमा अस्ट्रेलियाबाट पराजित भएको थियो ।

४ वेस्ट इन्डिज-श्रीलंका (२०१२)

वेस्ट इन्डिज १३७/७ **श्रीलंका** १०१ (१८.४ ओभर)

वेस्ट इन्डिज ३६ रनले विजयी



श्रीलंकाले पहिलोपटक आयोजना गरेको विश्वकपमा १२ राष्ट्रले २७ खेलमा प्रतिस्पर्धा गरेका थिए । टी-२० फम्याटमा अलराउन्डरले भरिएको वेस्ट इन्डिजले फाइनल स्थान बनाउँदा आयोजक श्रीलंका नै प्रतिद्वन्द्वी रह्यो । कोलम्बोमा भएको फाइनलमा वेस्ट इन्डिजले २० ओभरमा ६ विकेट गुमाएर १३७ रन बनायो । हेर्दा सहज देखिएको लक्ष्य पछ्याएको श्रीलंका १८.४ ओभरमा १०१ रनमा समेटिँदा वेस्ट इन्डिज ३६ रनले विजयी भयो । वेस्ट इन्डिजलाई विजेता बनाउन सुनील नारिनले नौ रन खर्चेर तीन विकेट लिएका थिए । वेस्ट इन्डिजका मार्लोन साइमुल्सले ५६ बलमा ७८ रन जोडे । श्रीलंकामा भेट्टान ब्याट्समयान महेला जयवर्द्धनेले ३६ बलमा ३३ रन बनाए । फाइनलमा श्रीलंकाली स्पिनर अजन्था मेन्डिसले पनि कसिलो बलिङ गरी १२ रनमा चार विकेट हात पारेका थिए ।

५ श्रीलंका-भारत (२०१४)

भारत १३०/४ **श्रीलंका** १३४/४ (१७.५ ओभर)

श्रीलंका ६ विकेटले विजयी



बंगलादेशले पहिलोपटक आयोजना गरेको विश्वकपको उपाधि भिडन्त पुनः एकपटक एसियाली राष्ट्रबिच भयो । ढाकामा भएको उपाधि भिडन्तमा भारतले २० ओभरमा चार विकेट गुमाएर १३० रनको झिनो योगफल बनायो । श्रीलंकाले आफ्नो उत्कृष्ट फर्म निरन्तरता दिँदा १७.५ ओभरमा चार विकेट गुमाएर १३४ रनले बाजी माऱ्यो । फेरि एकपटक विश्वकपमा दक्षिण एसियाली राष्ट्रहरूको दबदबा देखियो । फाइनलमा भारतका विराट कोहलीले ५८ बलमा ७७ रन बनाएका थिए । श्रीलंकाका लागि कुमार सांगाकाराले ३५ बलमा ५२ रनको म्याच विनिङ इनिङ्स खेलेका थिए । यसै विश्वकपमा नेपालले पहिलोपटक डेब्यु गरेको थियो । यसपटक आइसिसीले सहभागी संख्या बढाएर १६ पुऱ्याएको थियो ।

६ इंग्ल्यान्ड-वेस्ट इन्डिज (२०१६)

इंग्ल्यान्ड १५५/९, **वेस्ट इन्डिज** १६१/६ (१९.४ ओभर)

वेस्ट इन्डिज चार विकेटले विजयी



भारतले दोस्रोपटक विश्वकप आयोजना गर्दा इंग्ल्यान्ड र वेस्ट इन्डिजबिच फाइनल समीकरण बन्यो । यी दुई टोलीले उपाधि जित्दा रेकर्ड बन्ने थियो । इंग्ल्यान्ड र वेस्ट इन्डिजले दुईपटक विश्वकप जित्ने रेकर्ड बनाउने तयारीमा थिए । इंग्ल्यान्डले पहिलो ब्याटिङ गरी २० ओभरमा नौ विकेट गुमाएर १५५ रन बनाएको थियो । वेस्ट इन्डिजले इडन गार्डेन रंगशालामा १९.४ ओभरमा ६ विकेटको नोक्सानीमा १६१ रन जोड्दै दोस्रोपटक उपाधि उचाल्यो । वेस्ट इन्डिजका लागि मार्लोन साइमुल्सले ६६ बलमा ८५ रन बनाउँदा इंग्ल्यान्ड निरीह बन्यो । इंग्ल्यान्डका जोए रुटले ३६ बलमा ५४ रन जोडेका थिए ।

७ न्युजिल्यान्ड-अस्ट्रेलिया (२०२१)

न्युजिल्यान्ड १७२/४ **अस्ट्रेलिया** १७३/२ (१८.५ ओभर)

अस्ट्रेलिया आठ विकेटले विजयी



कोभिड-१९ को महामारीका कारण त्यसवेला कुनै पनि ठुला अन्तर्राष्ट्रिय प्रतियोगिता भएन । यस्तो अवस्थामा युएईले टी-२० विश्वकप निकै सावधानीपूर्वक आयोजना गऱ्यो । विश्वकपको फाइनलमा पहिलोपटक न्युजिल्यान्ड र अस्ट्रेलियाले स्थान बनाए । न्युजिल्यान्डले पहिलो ब्याटिङ गरी २० ओभरमा चार विकेट गुमाएर १७२ रन जोडेको थियो । प्रत्युत्तरमा अस्ट्रेलियाले १८.५ ओभरमा दुई विकेटको क्षतिमा पूरा गऱ्यो । अस्ट्रेलियालाई विश्व विजेता बनाउन मिचेल मार्सले ५० बलमा ७७ रन जोडेका थिए । न्युजिल्यान्डको ब्याटिङमा केन विलयम्सनले विस्फोटक ४८ बलमा ८५ रन जोड्दा पनि काफी भएन । अस्ट्रेलियाका बलर जोस हेजलउडले १६ रनमा तीन विकेट हात पारे । आइसिसीले यसपटक १६ राष्ट्र र ४५ खेल समावेश गरेको थियो ।

८ भारत-इंग्ल्यान्ड (२०२२)

भारत १६८/६ **इंग्ल्यान्ड** १७०/० (१६ ओभर)

इंग्ल्यान्ड १० विकेटले विजयी



अस्ट्रेलियाले आयोजना गरेको विश्वकपको फाइनलमा पूर्वविजेताहरू पुगेका थिए । भारत र इंग्ल्यान्डले अन्तिम दुई स्थान सुरक्षित गरेका हुन् । तेस्रोपटक फाइनल खेलिरहेको भारतले पहिलो ब्याटिङ २० ओभरमा ६ विकेट गुमाएर १६८ रन जोडेको थियो । इंग्ल्यान्डले लक्ष्य पछ्याएको इनिङ्समा एक पक्षिय बनायो । इंग्ल्यान्डले केवल १६ ओभरमा कुनै पनि विकेट नगुमाएर १७० रन जोड्यो । विश्वकपमा पहिलोपटक उपाधि भिडन्त १० विकेटले जितेको यो नै पहिलोपटक रह्यो । इंग्ल्यान्डका लागि एलेक्स हालेसले ४७ बलमा ८६ रन जोडेका थिए । भारतका लागि हार्दिक पाण्ड्याले ३३ बलमा ६३ रन बनाए ।

९ भारत-दक्षिण अफ्रिका (२०२४)

भारत १७६/७ **दक्षिण अफ्रिका** १६९/८

भारत पाँच रनले विजयी



वेस्ट इन्डिज र अमेरिकाले पहिलोपटक विश्वकप आयोजना गरेका थिए । प्रतियोगिताको फाइनल वेस्ट इन्डिजमा भएको थियो । जसमा भारतले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर १७६ रन बनाएको थियो । फाइनलमा पहिलोपटक स्थान रक्षा गरेको दक्षिण अफ्रिकाले अन्तिम ओभरमा नर्भर हुँदा आठ विकेट गुमाएर १६९ रन मात्र जोड्दा भारत पाँच रनले विजयी भयो । भारतले दोस्रोपटक उपाधि जित्न १७ वर्ष प्रतीक्षा गरेको थियो । भारतका लागि विराट कोहलीले ५९ बलमा ७६ रन बनाएका थिए । दक्षिण अफ्रिकाका लागि हेनरिक क्लासेनले २७ बलमा ५२ रन जोडे । आइसिसीले पहिलोपटक सहभागी संख्या बढाउँदा २० पुग्यो । नेपालले १० वर्षपछि विश्वकपमा स्थान बनाउँदा समूह चरणमा दक्षिण अफ्रिकाबाट एक रनले पराजित भएको थियो । - *आइसिसीको सहयोगमा*

खेल संक्षेप

एनओसीले एसियाडको तयारी तीव्र बनाउने

काठमाडौं/ नेपाल ओलम्पिक कमिटी (एनओसी)ले जापानको आइची र नागासाकीमा हुने एसियाली खेलकुद तयारीलाई तीव्रता दिएको छ । एसियाडमा प्रचारतर्फ खेलकुद पत्रकारको भूमिकाबारे महत्वपूर्ण रहने एनओसीले जनाएको छ । सातदोबाटोको ओलम्पिक भवनमा सोमबार आयोजित कार्यक्रममा एनआसी अध्यक्ष जीवनराम श्रेष्ठले अबको एसियाली खेलकुदमा नेपालको सहभागिता उपलब्धिमूलक हुनुपर्नेमा जोड दिएका छन् । एसियाली खेलकुद आगामी १९ सेप्टेम्बरदेखि ४ अक्टोबरसम्म आयोजना हुँदै छ । अध्यक्ष श्रेष्ठले एसियाली खेलकुदको आयोजनाका लागि धेरै समय बाँकी नरहेकाले तयारी अझ व्यापक र व्यवस्थित ढंगले हुनुपर्ने बताए ।



एसियाली खेलकुदको प्रचार-प्रसारका लागि खेल पत्रकारको भूमिका अहम् रहने बताए । उनले पत्रकारका लागि सहभागी हुने खेल र खेलाडीको जानकारीका लागि सूचना आदान-प्रदानका लागि विशेष व्यवस्था हुने बताएका छन् । यसैगरी, एनओसीका महासचिव राजीव श्रेष्ठले आइसिसी र एनओसीको सहयोगमा एसियाली खेलकुदमा पदक सम्भावित खेलाडीलाई छात्रवृत्ति प्रदान गरेको बताए ।

काष्ठमण्डपको तेहेरो जित

काठमाडौं/ काष्ठमण्डप विद्यालयले १२औँ एक्सेल्सियर कपअन्तर्गत पुरुष फुटसलमा सोमबार तीन खेलमा जित हात पारेको छ । काष्ठमण्डपले यू-९, यू-११ र यू-१३ विधामा विजयी भएको हो । यू-९ मा काष्ठमण्डपले राई स्कुललाई ४-० ले पराजित गऱ्यो । यू-११ मा काष्ठमण्डपले आयोजक एक्सेल्सियर (यल्लो)लाई ४-२ ले हरायो । यू-१३ मा काष्ठमण्डपले एक्सेल्सियर (नीलो) माथि ५-१ को जित निकाल्यो । यसैगरी, एक्सेल्सियर कपअन्तर्गत बास्केटबलको यू-१२ महिलामा एक्सेल्सियर (यल्लो)ले युरो स्कुललाई २२-२ ले सहजै पराजित गऱ्यो ।

ह्वाइट हेभेन र सेब प्रिक्वार्टरफाइनलमा

काठमाडौं/ ह्वाइट हेभेन र सेब दोस्रो ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषमा सोमबार प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन् । ह्वाइट हेभेनले रिलायन्स पब्लिकलाई २८-२२ ले पाखा लगायो । सेबले जेबी स्कुललाई २७-२६ ले पराजित गऱ्यो । उनीहरूले अब क्वार्टरफाइनल प्रवेशका लागि भिड्नेछन् । यसैगरी, ग्रिनल्यान्डले स्किब्सको सामना गर्नेछ । भ्याली पब्लिक र राजन मेमोरियलबिच तेस्रो प्रिक्वार्टरफाइनल खेल हुनेछ । ल्यान्डमार्क एकेडेमी र किङडम हिमालयनबिच खेल हुने आयोजकले जनाएको छ । यसैगरी महिलातर्फ क्वार्टरफाइनल समीकरण पूरा भएको छ ।

करौंतेमा बालाजु टिम च्याम्पियन

काठमाडौं/ बालाजु डोजोले तेस्रो क्वानमुकान राष्ट्रिय करौंते प्रतियोगिताको टिम च्याम्पियन उपाधि जितेको छ । प्रतियोगितामा सोमबार बालाजुले सर्वाधिक ८ स्वर्ण, ४ रजत र ६ कांस्य पदक जित्यो । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको प्रतियोगितामा बागमती प्रदेश ४ स्वर्ण, ५ रजत र ६ कांस्यसाथ दोस्रो भयो । तेस्रो स्थानको कोशी प्रदेशले समान एक स्वर्ण, रजतसँगै १० कांस्य हात पाऱ्यो । नेपाल क्वानमुकान करौंते डो संघद्वारा आयोजित प्रतियोगिताको पुरुषमा गण्डकी प्रदेशका आयुष तामाङ तथा महिलामा लुम्बिनी प्रदेशकी ममता विक उत्कृष्ट खेलाडी घोषित भए ।

■ मच्छिन्द्र र लालीगुराँसको बराबरी



काठमाडौं/ राष्ट्रिय लिग फुटबल प्रतियोगितामा सोमबार भएका दुईवटै खेल गोलरहित बराबरीमा सकिएका छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा चित्लाङ एफसी र सातदोबाटो युथ क्लबबिचको पहिलो खेलमा गोल नै भएनन् । त्यसपछि उत्कृष्ट फर्ममा रहेको मच्छिन्द्र क्लबले नवप्रवेशी लालीगुराँस एसोसिएसनसँग गोलरहित बराबरी खेल्यो । पाँच खेलमा पहिलोपटक बराबरीमा रोकेको मच्छिन्द्र १३ अंकसहित शीर्ष स्थानमा उक्लिएको छ । एक खेल कम खेलेको अर्को अपराजित टोली एपिएफले आगामी खेल जित्दा शीर्ष स्थानमा पुग्नेछ । पाँचौं खेलमा दोस्रो बराबरी निकालेको लालीगुराँस ११ अंकसहित पाँचौं स्थानमा छ । पाँच खेलपछि सातदोबाटो र चित्लाङले समान पाँच अंक जोडेका छन् । दुवै टोलीले समान एक जित, दुई बराबरी र दुई खेलमा हारको सामना गरेका छन् ।

खतिवडाले फिर्ता लिए वरिष्ठ उपाध्यक्षको उम्मेदवारी

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)को निर्वाचनका लागि वरिष्ठ उपाध्यक्षको उम्मेदवारी दिएका दीपक खतिवडाले सोमबार उम्मेदवारी फिर्ता लिने घोषणा गरेका छन् । खतिवडाले सोमबार पत्रकार सम्मेलन गर्दै एन्फाको अहिलेको निर्वाचन प्रक्रिया विधानसम्मत नभएको भन्दै उम्मेदवारी लिने घोषणा गरेका हुन् । उच्च अदालत पाटनको आदेशपछि एन्फाले २८ माघमा हुने भनिएको एन्फाको निर्वाचन प्रक्रिया तत्कालका लागि स्थगित गरेको छ । अदालतले निर्वाचनको विषयमा परेको रिटमा आगामी २३ माघमा दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।



एन्फामा एकजना वरिष्ठ उपाध्यक्षका लागि वर्तमान उपाध्यक्षद्वय दावा लामा र दीपक खतिवडासँगै साफका उपाध्यक्ष सुन्दर नरसिंह केसीले उम्मेदवारी दिएका थिए । दावा अध्यक्ष पंकज नेम्बाङको प्लानलमा परेपछि खतिवडा असन्तुष्ट बनेका हुन् । उनले पछिल्लो समय नेम्वाङको साथ दिएका थिए । गत ६ असार २०७९ मा भएको निर्वाचनमा नेम्वाङ र खतिवडा एकै प्यानलबाट विजयी भएका थिए ।

पत्रकार सम्मलेनमा खतिवडाले एन्फा भित्र विधान विपरीत कार्य र बेथिति सर्वाजनिक गर्न सडक आन्दोलनको आफूले अगुवाई गर्ने चेतावनी दिएका छन् । 'मैले पटक-पटक उहाँहरूलाई संस्थाको हितविपरीत नजान र विधानको पालना गर्न सचेत गराउँदासमेत कुनै सुनुवाइ नभएपछि, नेपाली फुटबललाई जोगाउन र सत्यतथ्य बाहिर ल्याउनैपर्छ,' उनले भने, 'उहाँहरू नसुध्रिएको अवस्थामा सडक आन्दोलन गर्न तयार छु ।' उपाध्यक्ष खतिवडाले नेम्वाङमाथि चार बुँदामा रहेर विभिन्न आरोप लगाएका छन् ।

■ साफ यू-१९ महिला च्याम्पियनसिप

भुटानमाथिको जितले नेपालको आशा जीवितै

भुटानलाई २-१ ले हराएको नेपालले शीर्ष दुई स्थानमा रहँदै फाइनल खेल्ने आशा कायमै राखेको छ । बंगलादेश ६ अंकका साथ शीर्ष स्थानमा छ । नेपाल र भारतले समान तीन अंक बनाएका छन् । शीर्ष दुई टोलीबिच उपाधि भिडन्त हुनेछ ।

कास्कीमा रोहितराज पराजुली

आयोजक नेपालले सोमबार साफ यू-१९ महिला च्याम्पियनसिपमा पहिलो जित निकालेको छ । पोखरा रंगशालामा नेपाली महिला टोलीले भुटानमाथि २-१ को जित निकालेको हो । नेपालको जितमा संगीता बडुवाल र प्रजिता राईले एक-एक गोल गरेका थिए । नेपालले लिग चरणको अन्तिम खेलमा बंगलादेशविरुद्ध प्रतिस्पर्धा गर्नेछ । जितसँगै नेपालले फाइनलको आशा जीवितै राखेको छ ।

बंगलादेशले उपाधि दावेदार भारतलाई सोमबार २-० ले हराएको हो । बंगलादेश यू-१९ साफ महिलामा अपराजित छ । शीर्ष स्थानमा रहेको बंगलादेशको ६ अंक छ । नेपाल र भारतको समान ३ अंक जोडेका छन् । प्रतियोगितामा सहभागी चौथो राष्ट्र भुटान अंकविहीन छ । प्रतियोगिताअन्तर्गत बुधबार पहिलो खेल भारत र भुटानबिच खेल हुनेछ । त्यसपछि नेपालले बंगलादेश राउन्ड राबिनको अन्तिम खेलमा प्रतिस्पर्धा गर्नेछ । शीर्ष दुई टोलीले फाइनल खेल्नेछन् ।

नेपालविरुद्ध भुटानको कडा टक्कर

नेपालले भुटानलाई हराउन निकै मिहिनेत गर्नुपरेको थियो । सहज प्रतिद्वन्द्वीका रूपमा रहेको भुटानले नेपाललाई अन्तिम समयसम्म कडा चुनौती तेहऱ्याएको थियो । जसका कारण नेपालले पहिलो तथा दोस्रो हाफमा भुटानको गल्तीमा गोल गर्न बाध्य भयो । खेलको ३६औँ मिनेटमा बडुवालले नेपाललाई १-० को अग्रता दिलाइन् । मैदानको मध्यभागमा पाएको बललाई उनले एकल प्रयासमा डिबक्सभित्रसम्म लगिन् ।

भुटानकी गोलरक्षकलाई समेत छेक्न मौका नदिई बडुवालले सहजै गोल गरिन् । खेलको ६९औँ मिनेटमा प्रजिताले नेपाललाई २-० को स्थितिमा पुऱ्याइन् । डिबक्सनजिकैबाट वर्षा ओलीले दिएको पासमा उनले सदुपयोग गरेकी थिइन् । दुई गोलले पछि परेको भुटानका लागि खेलको ८७औँ मिनेटमा सोनम छोडेनले गोल गरेकी थिइन् ।

प्राविधिक रूपमा नेपाल कमजोर

भुटानलाई हराए पनि नेपालका मुख्य प्रशिक्षक सुमन श्रेष्ठ त्यति खुसी देखेनन् । उनले खेलाडीहरूले मैदानभित्र योजनाअनुसार प्रतिस्पर्धा गर्न नसकेको बताए । 'मैले बाहिर जे सिकाएको थिएँ, खेलाडीहरूले मैदानभित्र योजना र रणनीतिअनुसार खेल्न सकेनन्,' खेलपछि श्रेष्ठले भने, 'खेलाडीले प्राविधिक रूपमा कमजोर देखियो ।' भारतका प्रशिक्षक पामेला कोन्टले टोलीको खेल सन्तोषजनक भएको बताइन् ।



यसैगरी, बंगलादेशका प्रशिक्षक पिटरजेम्सले भारतसँगको खेलमा खेलाडीले योजनाअनुरूपै नतिजा निकालेको बताए । भुटानका प्रशिक्षक टंकमाया घलेले गोलका लागि प्रयास गर्दा सफल नभएको बताए । 'हामीले पनि नेपालविरुद्ध गोल अवसर निकालेका थियौँ, तर खेलाडीले त्यसलाई सदुपयोग गर्न सकेनन्,' घलेले भने ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com